व्यवस्थापिका–संसद

कृषि तथा जलस्रोत समिति

# निविदापत्र छानबिन तथा निर्णय कार्यान्वयन अध्ययन उपसमितिको प्रतिवेदन, २०७२



**व्यवस्थापिका–संसद**

**कृषि तथा जलस्रोत समिति सचिवालय**

**सिंहदरवार, काठमाडौं ।**

## विषय-सूची

**सि.नं.** **विवरण** **पृष्ठ**


परिच्छेद-एक

**परिचय**

१.१ पृष्ठभूमि १
१.२ उपसमितिको गठन १
१.३ उपसमितिको कार्यक्षेत्र २
१.४ उपसमितिको कार्यविधि २
१.६ उपसमितिको उद्देश्य २
१.७ उपसमितिको औचित्य २
१.८ प्रतिवेदनको संरचना ३

परिच्छेद-दुई

**निवेदन/उजुरीको छानबिन र निर्णय कार्यान्वयन अवस्था**

२.१ समितिका हालसम्म भएका निर्णयहरुको कार्यान्वयन अवस्था ६
२.२. निवेदन/उजुरीको सम्बन्धमा भएका निर्णय तथा काम कारबाही १७

परिच्छेद-तीन

**सुझाव**

३.१ सुझाव २७

अनुसूचीहरु

# परिच्छेद-एक
# परिचय

## १.१ पृष्ठभूमि

लोकतन्त्रमा राज्यशक्तिको स्रोत जनतालाई मानिन्छ र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिहरुद्वारा नै गरिन्छ । संसदीय शासन प्रणालीमा सरकार प्रत्यक्ष रूपमा संसदप्रति उत्तरदायी हुने हुनाले उसको गतिविधि तथा कार्यशैलीका सम्बन्धमा संसदमा नियमित रूपमा छलफल गर्ने र सरकारलाई जवाफदेही बनाउने काम हुने गर्दछ । समितिको सुव्यवस्था र प्रभावकारिताविना प्रभावशाली संसदीय प्रणालीको कल्पना गर्न सकिंदैन । सरकारलाई व्यवस्थापिका संसदप्रति उत्तरदायी, जवाफदेही र पारदर्शी बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मुल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन व्यवस्थापिका संसदमा आवश्यकता अनुसार विभिन्न विषयगत समितिहरुको व्यवस्था गरिएको हुन्छ । नेपालमा पनि व्यवस्थापिका-संसद अन्तर्गत विभिन्न समितिहरु गठन भई कार्यक्षेत्र तोकिएको छ ।

संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को परिच्छेद-१८ ले व्यवस्थापिका-संसदमा समितिहरु रहने व्यवस्था गरेको र सोही परिच्छेद अन्तर्गत नियम १०८ मा व्यवस्थापिका-संसदको नियमित कार्यमा सहयोग पुऱ्याउन व्यवस्थापिका-संसद अन्तर्गत विधायन समिति, विषयगत समितिहरु र विशेष समितिहरु गठन गर्न सकिने व्यवस्था उल्लेख भएको र नियम १०९ मा विधायन समिति र त्यसको कार्यक्षेत्र तथा नियम ११० मा अन्य एघारवटा विषयगत समिति र तिनका कार्यक्षेत्र तोकिएको देखिन्छ । सरकारलाई व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन व्यवस्थापिका–संसदमा संविधानको धारा ५८ बमोजिम गठन भएका विषयगत समितिहरुमध्ये कृषि तथा जलस्रोत समिति पनि एक हो । यस समितिको कार्यक्षेत्रमा ऊर्जा मन्त्रालय, सिँचाइ मन्त्रालय, कृषि विकास मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालय रहेका छन् । (हाल

विभिन्न सरोकारवालाहरुले आ-आफ्नो सरोकारका विषयमा संसदीय समितिमा निवेदन एवं उजुरीहरु दिने प्रचलन पनि रहेको छ । त्यसरी प्राप्त निवेदन वा उजुरीहरु केही सामान्य खालका हुन्छन् भने कतिपय नीतिगत निर्णय लिनु पर्ने विषयका एवं गम्भीर प्रकृतिका पनि हुन्छन् । समितिले आफ्नो कार्यक्षेत्रको परिधिभित्र रहेर काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा समितिमा छलफल गरी विभिन्न निर्णय र निर्देशन जारी गरेको हुन्छ । समिति सञ्चालनको क्रममा सभापतिले उपयुक्त सम्झेमा समितिले आन्तरिक काम कारबाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्रभित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरुमध्येबाट उपसमिति गठन गर्न सकिने व्यवस्था नियम १२४ मा उल्लेख छ । उपसमिति गठन गर्दा उपसमितिले गर्नु पर्ने काम र सो काम सम्पन्न हुनु पर्ने अवधि पनि किटान गरिनु पर्ने व्यवस्था छ । कुनै विषयको अध्ययन गरी प्रतिवेदन दिन उपसमितिका सदस्यहरुले कुनै स्थानको भ्रमण गर्नु परेमा सभापति मार्फत् सभामुखको पूर्वस्वीकृति लिनु पर्ने व्यवस्था रहेको छ ।

यसै व्यवस्था अन्तर्गत रहेर व्यवस्थापिका–संसद, कृषि तथा जलस्रोत समितिको मिति २०७२/०३/१७ गतेको निर्णयानुसार समितिमा परेका निवेदनपत्र तथा उजुरीहरुको छानबिन गरी छलफल गर्नु पर्ने विषयवस्तुलाई आवश्यकता अनुसार समितिमा प्रवेश गराउने र समितिका निर्णयहरु कार्यान्वयनको अवस्था अध्ययन गरी समितिमा प्रतिवेदन प्रस्तुत गर्ने प्रयोजनका लागि माननीय श्री अमृतकुमार बोहराको संयोजकत्वमा सात सदस्यीय निवेदनपत्र छानबिन तथा निर्णय कार्यान्वयन अध्ययन उपसमिति गठन गर्ने निर्णय भएको थियो । उक्त उपसमितिले २०७२ पुस मसान्तसम्म समितिमा दर्ता भएका निवेदनपत्र एवं

उजुरीहरुको अध्ययन एवं छलफल गरेको र २०७२ पुस मसान्तसम्म समितिबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको अध्ययन, अनुगमन एवं छलफल सहित प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको छ ।

## १.२ उपसमितिको गठन

कृषि तथा जलस्रोत समितिमा परेका निवेदनपत्र तथा उजुरीहरुको छानबिन गरी छलफल गर्नु पर्ने विषयवस्तुलाई आवश्यकता अनुसार समितिमा प्रवेश गराउने र समितिका निर्णयहरु कार्यान्वयनको अवस्था अध्ययन गरी समितिमा प्रतिवेदन प्रस्तुत गर्ने प्रयोजनका लागि देहाय बमोजिम सात सदस्यीय निवेदनपत्र छानबिन तथा निर्णय कार्यान्वयन अध्ययन उपसमिति गठन भएको थियो :-

| | |
|---|---|
| मा. श्री अमृतकुमार बोहरा | - संयोजक |
| मा. श्री सुधीरकुमार सिवाकोटी | - सदस्य |
| मा. श्री आनन्दप्रसाद पोखरेल | - सदस्य |
| मा. श्री कृष्ण धिताल | - सदस्य |
| मा. श्री कुन्तीकुमारी शाही | - सदस्य |
| मा. श्री जंगीलाल राय | - सदस्य |
| मा. श्री डिल्लीप्रसाद काफ्ले | - सदस्य |
| मा. श्री काशीनाथ अधिकारी | - सदस्य (२०७२।९।२ देखि) |
| मा. श्री गीता सिंह | - सदस्य ( ” ) |

नेपालको संविधानको धारा २९८ को उपधारा (४), (५) र (६) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको नेतृत्वमा मिति २०७२/६/२५ मा गठित मन्त्रिपरिषद्मा मा. श्री आनन्दप्रसाद पोखरेल संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री र मा. श्री कुन्तीकुमारी शाही संघीय मामिला तथा स्थानीय विकास राज्यमन्त्रीमा नियुक्त हुनु भएकोले कृषि तथा जलस्रोत समितिको मिति २०७२/९/२ को निर्णयानुसार मा. श्री काशीनाथ अधिकारी र मा. श्री गीता सिंह यस उपसमितिको सदस्यमा तोकिनु भएको थियो ।

## १.३ उपसमितिको कार्यक्षेत्र

उपसमितिको कार्यक्षेत्र कृषि तथा जलस्रोत समितिमा प्राप्त निबेदन र उजुरीहरुको सम्बन्धमा छलफल गरी आवश्यकता अनुसार समितिमा नै छलफल गर्नु पर्ने विषयवस्तुलाई समिति समक्ष सिफारिस गर्ने र कृषि तथा जलस्रोत समितिले सरकारलाई दिएको निर्देशनहरु तथा समितिका निर्णयहरुको कार्यान्वयन अवस्थाको अध्ययन अनुगमन गर्ने रहेको थियो ।

## १.४ उपसमितिको कार्यविधि

उपसमितिले देहाय बमोजिमको कार्यविधि अवलम्बन गरेको थियो :-

१. कृषि तथा जलस्रोत समितिमा प्राप्त निवेदन र उजुरीहरुका सम्बन्धमा समितिका सदस्यहरुबीच छलफल गरिएको,

२. समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयहरुसँग सम्बन्धित निवेदन तथा उजुरीहरु छुट्याई सम्बन्धित मन्त्रालयमा पठाई निवेदनमा उठाइएका विषयवस्तुका सम्बन्धमा यथार्थ विवरण माग गरी सो सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित मन्त्री, सचिव एवं समबद्ध पदाधिकारीलाई आमन्त्रण गरी बैठकहरुमा छलफल गरिएको,

३. गम्भीर र नीतिगत विषयका उजुरी उपर उपसमितिमा छलफल गरी उपसमितिको निष्कर्ष सहित आवश्यक थप अध्ययनका लागि कृषि तथा जलस्रोत समितिमा सिफारिस गरिएको,

४. कृषि तथा जलस्रोत समिति गठन भएपछि समितिले गरेका मिति २०७२/९/७ सम्मका निर्णयहरु अध्ययन गरिएको,

५. कृषि तथा जलस्रोत समितिले २०७२ पुस मसान्तसम्म दिएका निर्देशनहरुको अद्यावधिक कार्यान्वयन प्रगति विवरण सम्बन्धित निकायहरुसँग माग गरी तिनको अध्ययन गरिएको,

६. कृषि तथा जलस्रोत समितिले सरकारलाई दिएका निर्देशनहरुको कार्यान्वयन अवस्थाको अध्ययन अनुगमन गरिएको,

७. सामान्य खालका निवेदनहरु कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय तथा निकायहरुमा आवश्यक निर्देशन सहित लेखी पठाइएको, र

८. कृषि तथा जलस्रोत समितिमा पेश गर्न प्रतिवेदन तयार गरिएको ।

## १.६ उपसमितिको उद्देश्य

उपसमिति गठन गर्नुको मुख्य उद्देश्य कृषि तथा जलस्रोत समितिमा परेका निवेदनपत्र तथा उजुरीहरुको छानबिन गरी छलफल गर्नु पर्ने विषय वस्तुलाई समितिमा प्रवेश गराउने र समितिका निर्णयहरु कार्यान्वयनको अवस्था अध्ययन तथा अनुगमन गर्ने रहेको थियो ।

## १.७ उपसमितिको औचित्य

व्यवस्थापिका संसदको दलीय संरचना अनुसार समिति गठन हुने र व्यवस्थापिका संसदको काम कारबाहीलाई व्यवस्थापिका संसदकै सानो स्वरुपमा समितिमा विषयवस्तु प्रवेश गराई छलफल गर्ने व्यवस्था रहे अनुसार समितिमा छलफल गरिने गरिएको छ । व्यवस्थापिका संसदको अधिवेशन नबसेको अवस्थामा समेत समितिहरूले नियमित रूपमा आ-आफ्नो विषयवस्तुमा छलफल गर्ने कार्यहरु गरिरहेका हुन्छन् । समितिको कामलाई छिटो छरितो र सहज एवं सरल रुपमा सम्पन्न गर्न समितिले उपसमिति गठन गरी जिम्मेवारी दिने व्यवस्था रहेको छ ।

कुनै पनि विषयमा समितिमा ठूलो समूहमा छलफल गर्न समय लाग्ने र सबै विषयवस्तुमा गहन छलफल गर्न समयाभाव हुने अवस्थामा समितिको समयको बचत गर्न, कुनै विषय समितिमा छलफल गर्ने, नगर्ने भन्ने टुंगो लगाउन समितिका सदस्यहरुमध्येबाट दलगत प्रतिनिधित्वलाई समेत मध्येनजर गर्दै सानो समुह बनाई विषयवस्तुको गहिराईमा पुगेर छलफल गर्नु उपयुक्त हुन्छ । साथै समितिका निर्णय कार्यान्वयन अवस्थाको सम्बन्धमा समेत उपसमितिले अध्ययन अनुगमन, सम्बन्धित निकायसँग छलफल गरी सो प्रतिवेदन समिति समक्ष पेश गरी त्यसमाथि समितिमा छलफल गरिएमा समितिको समय बचत भई समितिलाई कार्यक्षेत्रसँग सम्बन्धित अरु काम कर्तव्य र अधिकारको प्रयोग र पालना गर्नमा सहयोग पुग्दछ ।

## १.८ प्रतिवेदनको संरचना

प्रतिवेदनको संरचना यस प्रकार रहेको छ :-

१. परिच्छेद एक : परिचय

२. परिच्छेद दुई : निवेदन/उजुरीको छानबिन र निर्णय कार्यान्वयन अवस्था

३. परिच्छेद तीन : सुझाव

४. अनुसूचीहरु (अनुसूची-१ - निवेदनपत्र छानबिन तथा निर्णय कार्यान्वयन अध्ययन उपसमितिको निर्णयहरु अनुसूची-२ - समितिमा कार्यरत कर्मचारीहरु)

# परिच्छेद-दुई
# निवेदन/उजुरीको छानबिन र निर्णय कार्यान्वयन अवस्था

उपसमिति गठन भए पश्चात उपसमितिका माननीय सदस्यहरुबीच समितिमा प्राप्त निवेदन, उजुरी र समितिका हालसम्म भएका निर्णयहरुको कार्यान्वयन अवस्था सम्बन्धमा विभिन्न बैठकमा छलफल एवं अध्ययन भएको थियो । उपसमितिबाट भएका निर्णयहरु निम्नानुसार छन् :-

## २.१ समितिका हालसम्म भएका निर्णयहरुको कार्यान्वयन अवस्था :

समितिका हालसम्मका निर्णयहरु अध्ययन गरी कृषि तथा जलस्रोत समितिले ऊर्जा मन्त्रालय, सिँचाइ मन्त्रालय, कृषि विकास मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र लगानी बोर्डलाई हालसम्म दिएका निर्देशनहरुको अद्यावधिक कार्यान्वयन प्रगति विवरण उपसमितिमा सात दिनभित्र उपलब्ध गराउन पत्राचार गरिएको थियो । कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालय तथा निकायको काम कारबाहीलाई प्रभावकारी र उत्तरदायी बनाउन समितिले दिएका निर्देशन र सोको कार्यान्वयन अवस्था अनुसूची-१ मा राखिएको छ । समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयहरुलाई दिइएका निर्देशनहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा उपसमितिमा अध्ययन गरिएको थियो ।

संसदीय समिति संसदकै सानो स्वरुप (मिनी संसद) हो । संसदीय शासन प्रणालीमा कार्यकारी निकाय संसद र जनप्रतिनिधि मार्फत् जनताप्रति जवाफदेही रहनु पर्दछ । संसदले दिएका निर्देशन सरकारका लागि बाध्यकारी हुनु पर्दछ तर कतिपय अवस्थामा संसदीय समितिले दिएका निर्देशन प्रभावकारी रुपमा कार्यान्वयन भएका हुँदैनन् । यस वर्ष समितिले दिएका नीतिगत निर्देशनहरू अधिकांश कार्यान्वयन भएको पाइएन । समिति अन्तर्गतका चारवटा मन्त्रालयहरुमध्ये कृषि र भूमिसुधारका क्षेत्रमा उल्लेखनीय उपलब्धि भएका छन् भने ऊर्जा र सिंचाइको क्षेत्रमा खासै प्रभावकारी काम हुन नसकेको अवस्था छ । समितिले समय समयमा दिएका निर्देशन कार्यान्वयन भए नभएको र कार्यान्वयन नभएको भए किन नभएको भन्ने वारेमा सम्बन्धित निकायहरुमा ताकेता गर्ने गरिएको छ । समितिद्वारा विभिन्न विषयमा दिइएका निर्देशनहरुमध्ये के कति कार्यान्वयन भए, कति भएनन्, नभए किन भएनन् भन्ने सम्बन्धमा प्रभावकारी नियमन र अनुगमन गर्ने परिपाटीको अभाव रहेको देखिन्छ । निर्णय प्रतिवेदन कार्यान्वयन गर्ने बाध्यकारी व्यवस्था नहुनु, कार्यान्वयन नगरेमा के कारबाही हुने भन्ने मूल्याङ्कनको स्पष्ट व्यवस्था नहुनु, संसदीय समितिको प्रतिवेदन कार्यान्वयनको अवस्था बारे सरकारले संसदमा अनिवार्य रुपमा जानकारी दिनु पर्ने व्यवस्था नहुनुले पनि संसदीय समितिबाट दिइएका निर्देशनको कार्यान्वयन प्रभावकारी नभएको अवस्था देखिन्छ ।

समिति एवं मन्त्रालयहरूमा पनि संस्थागत अभिलेखीकरणको कमी देखियो । थोरै अवधिबीच सरकार र कर्मचारीको फेरबदल हुनुको कारण पनि कतिपय महत्वपूर्ण विषय प्राथमिकतामा परेको देखिएन । प्रभावकारी कार्य नहुनुमा कार्यक्षेत्रको अन्यौलता पनि एउटा प्रमुख कारणको रुपमा रहेको देखिन्छ ।

विद्युतको क्षेत्रमा देखिएका समस्याहरूको सम्बोधन हुने गरी ऊर्जा विकाससँग सम्बन्धित विद्युत विधेयक र विद्युत नियमन आयोग सम्बन्धी विधेयक व्यवस्थापिका-संसदमा दर्ता गराउन पटक-पटक ऊर्जा मन्त्रालयलाई निर्देशन दिइएको, मन्त्रालयसँग छलफल भई मन्त्रालय नेतृत्वले निर्देशन बमोजिम काम गर्ने

प्रतिवद्धता व्यक्त गरेको विषय पनि कार्यान्वयन भएको पाइएन । त्यस्तै मन्त्रालय र अन्तर्गत निकायको तत्काल संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण गरी त्यस अनुरुप काम गर्न, राष्ट्रिय ऊर्जा रणनीति, २०७१ र एकीकृत जलस्रोत नीति, २०७१ आवश्यक संशोधन गर्नु पर्ने भए सो गरी प्रक्रिया अगाडि बढाउन, प्रसारण लाइन आयोजनाहरूका सन्दर्भमा सम्बन्धित निकायहरूसँग समन्वय गरी लक्ष्य अनुरुप काम गर्न आवश्यक अग्रसरता लिन र आयोजनाहरू तीव्र रुपले अगाडि बढाउन पटक-पटक दिइएका निर्देशनहरुको कार्यान्वयन पनि भएको पाइएन ।

कृषि विकास मन्त्रालयलाई कृषि बजार विधेयक यथाशीघ्र व्यवस्थापिका-संसदमा पेश गर्न निर्देशन दिइएकोमा हालसम्म पनि उक्त विधेयकको मस्यौदा छलफलको क्रममा नै रहेको जवाफ आउने गरेको छ । कृषि विकास मन्त्रीले माघ मसान्तसम्म O & M गरी त्यस अनुरुप काम गर्ने प्रतिबद्धता समितिमा व्यक्त गरे तापनि हालसम्म O & M भएको पाइएन । कृषकलाई उखुको मूल्य भुक्तानी समयमा नभई समस्या आईरहेको सम्बन्धमा दिइएका निर्देशनको पनि प्रभावकारी कार्यान्वयन भएको पाइएन ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई आगामी दुई वर्षभित्र सबै मालपोत कार्यालयहरूलाई आधुनिक भू–सूचना प्रविधियुक्त बनाउन, भूकम्प प्रभावित १८ जिल्लाहरुमा सुरक्षित वस्ती विकासका लागि जोखिमयुक्त क्षेत्रको समेत पहिचान गरी भू-उपयोग नक्सा तयार गर्न, दिइएका निर्देशनहरु बजेटको कमीका कारण समयमा कार्यान्वयन हुन नसक्ने जवाफ आउने गरेको पाइयो । त्यस्तै सिँचाइ मन्त्रालयलाई दिएका O & M गर्ने लगायतका धेरै निर्देशनहरु कार्यान्वयन भएको पाइएको छ भने केही निर्देशनहरु बजेटको कमीको कारण कार्यान्वयन हुन नसकेको भन्ने व्यहोराको जवाफ आएको पाइयो ।

## समितिको निर्देशन कार्यान्वयन गर्न सुझाव

| भूमि सुधार तथा व्यवस्था मन्त्रालय | | | |
|---|---|---|---|
| **निर्णय मिति** | **समितिको निर्णय तथा निर्देशन** | **मन्त्रालयबाट प्राप्त निर्देशन कार्यान्वयन अवस्था** | **उपसमितिको निर्णय तथा सिफारिस** |
| २०७२/०२/२९ | विनाशकारी भूकम्पले वढि प्रभावित १८ वटा जिल्लाहरूमा नेपाल सरकारले पुनर्निर्माणका लागि सोच वनाईरहेको सन्दर्भमा पुनर्निर्माण कार्य गर्नु अगाडि सम्बन्धित जिल्लाहरूको विद्यमान भू-क्षमता सम्बन्धी नक्सा (Land Capability Map) र भौगर्भिक नक्सा (Geological Map) को आधारमा कुन कुन जिल्लाको कुन कुन स्थानमा वसोवास लगायतका भू-उपयोगका कार्य गर्न उपयुक्त छ, खानी तथा भूगर्भ विभागसँग समन्वय गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयले प्राविधिक अध्ययन गरी प्रतिवेदन पेश गर्ने । यसरी अध्ययन गर्दा वसोवासका लागि उपयुक्त देखिएका ठाँउमा स्थलगत अध्ययन र Field Verification गरी उक्त स्थानहरूको आवश्यक पर्ने स्केलमा नाप नक्सा गर्ने । उपरोक्त बमोजिमको नाप-नक्साका आधारमा पुनर्निर्माणको कार्य अगाडि बढाउन र त्यसका लागि आवश्यक जनशक्ति र साधन स्रोतको व्यवस्था गर्न नेपाल सरकारलाई ध्यानाकर्षण गराउने । | भूकम्प प्रभावित १८ जिल्लाहरुमा सुरक्षित वस्ती विकासका लागि जोखिमयुक्त क्षेत्रको समेत पहिचान गरी भू-उपयोग नक्सा तयार गर्ने कार्यका लागि यस आ. व. मा रु. २५,०३,५०,०००। - बजेट प्राप्त भई वार्षिक कार्यक्रम समेत स्वीकृत भइसकेको ।<br><br>यो बजेट रकम उक्त १८ वटा जिल्लाहरुको भू-उपयोग नक्सा तयार गर्ने कार्य सम्पन्न गर्न अपुग हुने भई पुनर्निर्माण कार्यक्रम अन्तर्गत रु १ अर्ब ३५ करोड माग गरी वार्षिक कार्यक्रम सहित अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा अनुरोध गरिसकिएको । | भूकम्प प्रभावित १८ जिल्लाहरुमा सुरक्षित वस्ती विकासका लागि जोखिमयुक्त क्षेत्रको समेत पहिचान गरी भू-उपयोग नक्सा निर्माण कार्य सम्पन्न गर्न बजेट अपुग हुने उल्लेख भएको, यो विषय अति गम्भीर देखिएकोले अति प्रभावित जिल्ला हेरेर प्राप्त बजेटको आधारमा क्रमश: काम शुरु गर्न निर्देशन दिन र थप बजेट उपलब्ध गराउन समितिले पहल गर्नु उपयुक्त हुने व्यहोरा सिफारिस गर्ने । |

| कृषि विकास मन्त्रालय | | | |
|---|---|---|---|
| **निर्णय मिति** | **समितिको निर्णय तथा निर्देशन** | **मन्त्रालयबाट प्राप्त निर्देशन कार्यान्वयन अवस्था** | **उपसमितिको निर्णय तथा सिफारिस** |
| २०७१/०३/१५ | कृषकहरुले उत्पादन गरेका कृषि उत्पादनमा किसानले न्यून मूल्य पाउने, बीचको नाफा खाने बिचौलियाहरुले बढी नाफा कमाउने गर्दा त्यही सामान उपभोक्ताहरुले बजारमा चर्को मूल्य तिर्नु पर्ने अवस्था रहेको पाइएकोले किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि सरल मूल्यमा कृषि उत्पादनको उपभोग गर्न पाउने व्यवस्था मिलाउन र बीचमा बढी नाफा कमाई किसान र उपभोक्तालाई मारमा पार्ने प्रक्रियालाई नियन्त्रण गर्न प्रस्तावित रुपमा रहेको कृषि बजार विधेयक यथाशीघ्र व्यवस्थापिका–संसदमा पेश गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने । | कृषि बजार व्यवस्थापन विधेयक, २०७२ मस्यौदा सहमतिको लागि कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा पठाउने कार्यको तयारी अन्तिम चरणमा रहेको । | कृषि बजार व्यवस्थापन विधेयक व्यवस्थापिका-संसदमा अविलम्ब पेश गर्न पुनः ताकेता गर्नका लागि समितिमा सिफारिस गर्ने । |
| २०७१/०५/१९ | • यस वर्षको वर्षादमा विभिन्न क्षेत्रमा आएको भारी वर्षाको कारण बाढी पहिरोले विद्युत गृह, प्रसारण लाइन, सिंचाइका नहर र कुलोहरु तथा कृषि क्षेत्रमा पुऱ्याएको क्षतिको सम्बन्धमा छलफल हुँदा क्षति भएका संरचनाको पुनर्निर्माण र व्यवस्थाको प्रत्येक १५/१५ दिनमा प्रगति विवरण उपलब्ध गराईदिन ऊर्जा मन्त्रालय, सिँचाइ मन्त्रालय र कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br><br>• मुलुकमा विद्यमान विनियोजित बजेटबाट प्राकृतिक प्रकोपले उत्पन्न क्षतिलाई पुनर्स्थापना गर्न नसक्ने कुरालाई ध्यानमा राख्दै यस कार्यमा मित्र राष्ट्रहरुले सहयोग गर्न देखाएको चाहना र सदासयताको समेत पृष्ठभूमिमा कृषि, सिंचाइ, वन मन्त्रालय र अन्तर्गत विभागहरुले एकीकृत पुनर्स्थापना आयोजना प्रस्ताव तयार गरी आर्थिक स्रोतको लागि पेश गर्न उपर्युक्त मन्त्रालय सहित अर्थ मन्त्रालयलाई समेत निर्देशन दिने । | • मिति २०७१।७५, ०७१।७।२६ मा विवरण प्राप्त भएको ।<br><br>• विभिन्न क्षेत्रमा आएको भारी वर्षाको कारण बाढी पहिरोले सिंचाइका नहर र कुलोहरुमा पुऱ्याएको क्षतिको कारणले कृषि क्षेत्रमा रु. ३.१ करोड बराबरको क्षति भएको ।<br><br>मिति २०७२।१।१२ गते आएको भूकम्प र त्यस पछि आएका पराकम्पबाट हुन गएको व्यापक क्षति सन्दर्भमा त्यस क्षेत्रका पीडित कृषक समुदायलाई राहत दिनका लागि अल्पकालिन एवं मध्यकालिन अवधिको करीब आठ अर्ब सोह्र करोड बराबरको राहत एवं पुनर्स्थापना कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि राष्ट्रिय योजना आयोगमा पेश भएको । | • क्षतिको विवरण मात्र प्राप्त भएकोले संरचनाको पुनर्निमाणको व्यवस्थाको सम्बन्धमा भएको प्रगति खुलाइएको विवरण प्राप्त नभएकोले सो माग गर्ने व्यहोरा समेत समितिमा सिफारिस गर्ने ।<br><br>• उल्लिखित निकायहरुको एकीकृत पुनः स्थापना आयोजना सम्बन्धमा राष्ट्रिय योजना आयोग समेतलाई बैठकमा आमन्त्रण गरी छलफल गर्नु उपयुक्त हुने व्यहोरा समितिमा सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| २०७१/०७/१६ | ● कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यको समन्वय तथा अनुगमन गर्न गठित समन्वय तथा अनुगमन समितिको त्रैमासिक छलफलको निर्णय /प्रतिवेदन यस समितिमा उपलब्ध गराउन निर्देशन दिने ।<br><br>● कृषि विकास मन्त्रालयबाट प्रदान गरिने अनुदानको सैद्धान्तिक आधार उल्लेख गर्दै गत आ.व.मा उपलब्ध गराइएको अनुदानको समीक्षा र कार्यविधि यस समितिमा उपलब्ध गराउन निर्देशन दिने ।<br><br>● कृषि विकास मन्त्रालयबाट चालु आ.व. मा प्रदान गरिने अनुदान कार्यक्रमको जानकारी मन्त्रालयको वेव साइट मार्फत सवै क्षेत्रमा जानकारी गराउन निर्देशन दिने ।<br><br>● प्रत्येक जिल्लाका कृषि विकास मन्त्रालय अन्तर्गतका कार्यालय मार्फत संचालन हुने अनुदान कार्यक्रमको वारेमा सांसद र स्थानीय निकायको प्रतिनिधि सहितको उपस्थितिमा समीक्षा गरी एक महिनाभित्र जानकारी गराउन निर्देशन दिने । | ● कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धमा<br><br>क) कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यको समन्वय तथा अनुगमन समितिको बैठकको निर्णय प्राप्त भएको ।<br><br>ख) कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेपाल सरकार (सचिव स्तर) मिति २०७२/३/१० को निर्णय अनुसार प्रथम चरणमा मोरङ्ग, काभ्रे, कास्की, बर्दिया र कैलाली जिल्लामा कृषि विकास कार्यालयहरुको नेतृत्वमा जिल्ला स्तरीय समन्वय तथा अनुगमन समिति गठन गर्न बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंकलाई सिफारिस गरिएको ।<br><br>● कृषि विकास मन्त्रालयबाट प्रदान गरिएको अनुदानको सैद्धान्तिक आधार एवं आ.व २०७०/०७१ मा उपलब्ध गराइएको अनुदानको समीक्षा गरी पठाइएको साथै आ.व २०७१।७२ मा प्रदान गरिने अनुदान कार्यक्रमको यस मन्त्रालय को वेभ साईट www.moad.gov.np मा अपलोड गरिएको र कृषि सम्वन्धि कार्यविधि, निर्देशिकाको संगालो पठाइएको छ ।<br><br>● जिल्लाहरुबाट प्रदान गरिने अनुदानको विवरण (उपलब्ध हुने प्रक्रिया र उपलब्ध गराइएका सेवाग्राहीहरु) आ-आफ्नो निकायका वेबसाइट तथा सूचना मार्फत सार्वजनिक गर्ने र सम्बन्धित क्षेत्रीय निर्देशनालयहरुबाट विभागहरुमा पठाउने व्यवस्था मिलाइएको । विभागहरुले सो विवरण नियमित रुपमा Compile गरी मन्त्रालयमा पठाउनको लागि भन्ने निर्णय भएको । सबै विभागहरुलाई पत्राचार | यो कार्यक्रम सफल हुँदा रोजगारी सिर्जना लगायत राष्ट्रलाई ठूलो योगदान हुन सक्ने हुँदा समस्या र प्रगति उल्लेख गर्दै समितिमा छलफल गर्न उपयुक्त हुने व्यहोरा सिफारिस गर्ने ।<br><br>कृषि विकास मन्त्रालयबाट सञ्चालित कार्यक्रमको सन्दर्भमा कयौं महत्वपूर्ण कार्यक्रम पनि देखिएको, कतिपय कार्यक्रम परम्परागत हिसाबले आएका र उपलब्धि पनि खासै नदेखिएकाले,-<br><br>क. कुन कार्यक्रम हटाउने वा कुनलाई प्रबर्द्धन गर्ने भन्ने सम्बन्धमा समितिमा थप छलफल गर्न आवश्यक देखिएको व्यहोरा सिफारिस गर्ने ।<br><br>ख. पर्याप्त बजेट उपलब्ध गराइएको कार्यक्रम र स्थानको समितिबाट छनौट गरी अनुगमन गर्नु पर्ने व्यहोरा सिफारिस गर्ने ।<br><br>ग. कृषि विकास मन्त्रालयको कार्यक्रममा साना सिँचाइ कार्यक्रम पनि देखिएकोले विषयगत रुपमा एकद्वार प्रणालीबाट कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुने देखिएको व्यहोरा समितिमा |

| | | | |
|---|---|---|---|
| | | भएको ।<br><br>गत आ.व २०७१।०७२ मा मन्त्रालय अन्तर्गत प्रत्येक जिल्लाका कार्यालय मार्फत् सञ्चालन हुने अनुदान कार्यक्रमको बारेमा सांसद, स्थानीय निकायका प्रतिनिधि सहितको उपस्थितिमा समीक्षा भई अनुदानित कार्यक्रमबारे सर्वसाधारणलाई जानकारी दिन Flex Banner तयार भई कार्यालय परिसर र उपयुक्त ठाउँमा राख्न सम्बन्धितहरुलाई निर्देशन दिए बमोजिम सो अनुसार कार्यान्वयन भएको। चालु आ.व मा पनि यस कार्यले निरन्तरता पाइरहेको । | सिफारिस गर्ने । |
| २०७१/११/२० | **कृषि तथा जलसोत समिति र उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको संयुक्त बैठक**<br><br>● कृषकलाई उखुको मूल्य भुक्तानी समयमा नभई समस्या आईरहेको सम्बन्धमा सो को सुनिश्चितताका लागि प्रत्येक जिल्लामा जिल्लास्तरीय अनुगमन समिति गठन गरी उखुको मुल्य भुक्तानीका लागि तालिका बनाई समयमै भुक्तानी गर्न लगाउन कृषि विकास मन्त्रालयले आवश्यक व्यवस्था मिलाई चैत्र मसान्तभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने ।<br><br>● उखुको न्यूनतम समर्थन मूल्य तोक्ने विषयलाई आगामी आर्थिक वर्षदेखि कृषि विकास मन्त्रालय र उद्योग मन्त्रालयले समन्वय गरी समयमै सम्बोधन गर्न र दीर्घकालीन रुपमा यसको समाधानका लागि समेत बिद्यमान संयन्त्रलाई प्रभावकारी बनाउन आवश्यक प्रकृया तत्काल अगाडि वढाउन कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br><br>● उत्पादनमा गुणात्मक वृद्धि गर्दै स्थिरता ल्याउन र चिनीको आयातलाई प्रतिस्थापन गर्ने | कृषकलाई उखुको मूल्य भुक्तानी समयमा नभई समस्या आइरहेको सन्दर्भमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीज्यूको संयोजकत्वमा ५ सदस्यीय जिल्ला स्तरीय अनुगमन समिति गठनका लागि गृह मन्त्रालयबाट सैद्धान्तिक सहमती लिई गठनको लागि पेश गर्न नेपाल सरकार कृषि विकास मन्त्रालयका (सचिव स्तर) मिति २०७१।११।२७ अनुसार गृह मन्त्रालयबाट मिति २०७१।११।२८ को पत्र मार्फत सहमति माग गरिएको । मिति २०७२।६।१४ मा नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत प्रस्तावमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भुक्तानी तथा अनुगमन कार्य गर्ने व्यवस्था उल्लेख भएको ।<br><br>● उखुको न्यूनतम समर्थन मूल्य तोक्ने आवश्यक प्राविधिक कार्य गर्न कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयको कार्यक्रम निर्देशकको संयोजकत्वमा उखुको न्यूनतम मूल्य निर्धारण गर्न सरोकारवाला निकाय सहितको ९ सदस्यीय कार्यदल गठन भएको र सोही बमोजिम न्यूनतम मूल्य निर्धारण गर्ने कार्य भई रहेको ।<br><br>● उखु उत्पादनमा गुणात्मक वृद्धि गर्दै स्थिरिता ल्याउन र चिनीको | उखुको मूल्य निर्धारण सम्बन्धी विषय समितिमा पटक पटक उठेको कृषि तथा जलसोत समिति र उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको संयुक्त बैठकबाट समेत यस विषयमा निर्देशन दिइएको, तर कार्यान्वयन प्रभावकारी रुपमा भएको नदेखिएको हुँदा यो विषय जटिल समस्याको रुपमा रहेको देखिएकोले यस विषयलाई उच्च प्राथमिकतामा राखी वृहत छलफल हुनु पर्ने व्यहोरा समितिमा सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| | उद्देश्यकासाथ छिमेकी भारतमा कृषक तथा चिनी उद्योगीहरूलाई दिइएका सुविधालाई समेत अध्ययन गरी नेपालमा कृषकलाई मल, विउ अनुसन्धान लगायतमा प्रदान गर्न सकिने सेवा सुविधामा आवश्यक अध्ययन गरी लागत घटाउने अवस्था सृजना गर्न तथा चिनी उद्योगको कार्य क्षमता वढाउने गरी दीर्घकालीन समाधान खोज्न उद्योग मन्त्रालय, बाणिज्य तथा आपुर्ती मन्त्रालय, अर्थ मन्त्रालय लगायत अन्य सरोकारवाला निकायसँग समेत समन्वय गर्दै आवश्यक अध्ययन गरी १ महिनाभित्र प्रतिवेदन पेश गर्न र सो अनुरुप आगामी आ.व.को बजेट तथा कार्यक्रममा समावेश गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने . | आयातलाई प्रतिस्थापन गर्ने उदेश्यकासाथ छिमेकी भारतमा कृषक तथा चिनी उद्योगीहरुलाई भारत सरकार र विहार सरकारबाट दिइएको सुविधालाई समेत अध्ययन गरी नेपालका कृषकलाई मल, बीउ, अनुसन्धान लगायतमा प्रदान गर्न सकिने सेवा सुविधा वारे अध्ययन गर्न देहाय बमोजिमको पदाधिकारीहरुलाई भारतको विहार राज्यमा अध्ययनको पठाइएको थियो । अध्ययन कार्यदलको प्रतिवेदन संलग्न छ ।<br><br>१. डा. हरिबाबु तिवारी, कार्यक्रम निर्देशक, कृषि व्यवसास प्रवर्द्धन तथा बजार विकास निर्देशनालय<br><br>२. कार्यकारी निर्देशक, श्री राम बलम शाह, नेपाल उखु तथा चिनी विकास समिति<br><br>३. कृषि अधिकृत, श्री जनक बहादुर धामी, कृषि विकास मन्त्रालय<br><br>४. अध्यक्ष, श्री कपील मुनी मैनाली, नेपाल उखु उत्पादक महासंघ<br><br>५. सदस्य, श्री राज कुमार उप्रेती<br><br>उखु किसानहरुलाई उखुको मुल्य भुक्तानी गर्ने सम्बन्धमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका तत्कालिन सचिव श्री शान्तराज सुवेदीज्यूको संयोजकत्वमा गठन भएको कार्यदलको प्रतिवेदन कार्यान्वयन सम्बन्धमा मिति २०७२/०५/१८ को नेपाल सरकार,कृषि विकास मन्त्रालय (सचिवस्तर) को निर्णय अनुसार सहमतिको लाीग गृह, वाणिज्य तथा आपूर्ति, उद्योग, अर्थ र ऊर्जा मन्त्रालयमा पठाइएको र तत् तत् मन्त्रालयहरुबाट सहमति प्राप्त भएको<br><br>कृषि विकास मन्त्रालय बाट मिति २०७२/०५/३० मा निर्णय भई नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको । मिति २०७२।६।१४ बैठकले उखु किसानलाई उखुको मूल्य भुक्तानी गर्ने प्रस्ताव कार्यान्वयनको लाीग निर्णय गरेको । स्वीकृत प्रस्ताव अनुसार | |

| | | | |
|---|---|---|---|
| | | रु.४५,७५,००,०००।- (रु. पैतालीस करोड पचहतर लाख मात्र) रकम कृषि विकास मन्त्रालयबाट मिति २०७२।०७।२३ मा अर्थ मन्त्रालयमा रकम निकासाका लागि पत्राचार भएकोमा हाल सम्म उक्त रकम निकासा नभएको अवस्था रहेको । | |
| **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | | | |
| **निर्णय मिति** | **समितिको निर्णय तथा निर्देशन** | **ऊर्जा मन्त्रालयबाट प्राप्त निर्देशन कार्यान्वयन अवस्था** | **उपसमितिको सुझाव तथा सिफारिस** |
| २०७१/११/११ | • अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न मितिमा कावेली ए लगायत बिभिन्न चौधवटा जलविद्युत आयोजनाको अनुमतिपत्र खारेजी गर्नेतर्फ कारबाही गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिएको भनिएको सम्बन्धमा यस समितिले सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत बिभिन्न सरोकारवाला निकायसँग छलफल गरेपश्चात मिति २०७१ पौष १ गते वसेको समितिको वैठकले उक्त आयोजनाहरूका सम्बन्धमा मन्त्रालयले अध्ययन, अनुसन्धान, विश्लेषण र अनुगमन तथा मूल्याङ्कन गरी प्रचलित ऐन, नियम अनुसार कुन आयोजना कानून सम्मत तथा प्रक्रियागत रुपमा सञ्चालन हुने अवस्थामा छन र कुन छैनन निक्यौल निकाल्न र आवश्यक कारबाही गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिएको विदित नै छ।यस पृष्ठभूमिमा एकातर्फ आफूले पाएको अधिकारलाई प्रयोग गर्दै उर्जा मन्त्रालयको सचिवस्तरीय निर्णयबाट १३ वटै आयोजनाको अनुमतिपत्र खारेज गर्ने निर्णय गर्नु र अर्कोतर्फ मन्त्रीस्तरबाट सम्बन्धित प्रवर्दधकलाई नै अनुमतिपत्र जारी गर्ने प्रस्ताव मन्त्रिपरिषदमा पेश गरिएको विषयमा समितिको गम्भिर ध्यानाकर्षण भएको छ. यसले एकातर्फ हाम्रो कर्मचारीतन्त्रमा प्रचलित ऐन नियमले दिएको अधिकारको प्रयोग गरेर सही र गलत छुट्टाई कानूनसम्मत निर्णय गर्ने भन्दा निर्णय नगरी पन्छिने स्थायी प्रवृत्ति वन्न गएको देखिन्छ भनेअर्कोतर्फ | यसलाई सम्बोधन गर्न कार्यविधि बनाउनु पर्ने भएकोले माननीय मन्त्रीज्यूको समुपस्थितिमा मिति २०७२/०४/२७ मा पहिलो बैठक बसी प्रारम्भिक छलफल भएको । | यसलाई सम्बोधन गर्न कार्यविधि बनाउनु पर्ने भएकोले माननीय मन्त्रिज्यूको समुपस्थितिमा मिति २०७२/०४/२७ मा पहिलो बैठक बसी प्रारम्भिक छलफल भयो भन्ने जवाफ प्राप्त भएकोले कार्यविधि निर्माणमा के कति प्रगति भएको छ ~~**महत्वका साथ**~~ **यथाशीघ्र जानकारी पठाउन निर्देशन दिने ।** **(समिति मार्फत् ?)** |

| | | | |
|---|---|---|---|
| | यस्तो कमजोरीलाई सच्याउन प्रोत्साहित गरी प्रचलित ऐन नियम अनुसार अख्तियारप्राप्त निकायलाई निर्णय गर्न लगाउनुभन्दा प्रत्येक विषयलाई मन्त्रिपरिषदमा लगेर निर्णय गराउने स्थायी प्रवृत्ति बन्दै गएको समितिले महसूस गरेको छ ।यस्तो प्रवृतिले जलविद्युत क्षेत्रमा त प्रभाव पार्छ नै हाम्रो शासकीय प्रणालीमा समेत गलत नजीर स्थापित गर्छ । अतः यस्तो प्रवृतिलाई दुरुत्साहन गर्न तत्काल कदम चाल्न यो वैठक नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको ध्यानाकर्षण गराउँछ।<br>• देशको उर्जाको माग पूरा गर्दै उर्जासुरक्षा, पर्याप्तता र दीगोपनको सुनिश्चित गर्न तयार गरिएको राष्ट्रिय उर्जा रणनीति (२०७१ माननीय उर्जा मन्त्रीबाट मिति २०७१।६।१० मा नै स्वीकृत भइ मन्त्रीपरिषदमा पेश हुने क्रममा रहेको र एकीकृत जलस्रोत नीति, २०७१ माननीय उर्जा मन्त्रीबाट मिति २०७१।५।२९ मा नै स्वीकृत भई मन्त्रिपरिषदमा प्रस्ताव पेश हुने क्रममा रहेको जानकारी यस समितिको वैठकमा जल तथा उर्जा शक्ति आयोगको तर्फबाट दिइएकोमा सो कार्यमा किन ढिलाई भएको हो ? अविलम्ब आवश्यक संसोधन गर्नु पर्ने भए गरी प्रक्रिया अगाडि वढाउन उर्जा मन्त्रालयलाई निर्देशन दिदैं सोको लागि आवश्यक पहलकदमी लिन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई ध्यानाकर्षण गराउछ । | प्रस्तावित राष्ट्रिय ऊर्जा रणनीति र एकीकृत जलस्रोत नीतिका विषयमा ऊर्जा मन्त्रालयमा आधिकारिक राय प्रतिक्रिया समेत नलिई कारबाही अगाडि बढाइएको अवस्थामा सो क्रममा प्रस्तावित यी दस्तावेजलाई अध्ययन गर्दा केही सैदान्तिक विषयमा विमति रहेकोले प्रकृया केही हद सम्म रोकिएको अवस्था हो तथापि राष्ट्रिय आवश्यकताको आधारमा यी दस्तावेज आवश्यक रहेकोले तद अनुरुप नीतिगत स्पष्टता हुने गरी अगाडी बढाईने छ । | राष्ट्रिय ऊर्जा रणनीति र एकीकृत जलस्रोत नीति, २०७१अगाडि बढाउने क्रममा भएका कार्य प्रगति सम्बन्धमा जानकारी माग गर्ने । |
| **ऊर्जा मन्त्रालय** | | | |
| **निर्णय मिति** | **समितिको निर्णय तथा निर्देशन** | **मन्त्रालयबाट प्राप्त निर्देशन कार्यान्वयन अवस्था** | **उपसमितिको सुझाव तथा सिफारिस** |
| २०७१/०४/११<br>२०७१/०५/०३<br>२०७१/०७/१८ | विद्युतको क्षेत्रमा देखिएका समस्याहरूको सम्बोधन हुने गरी ऊर्जा विकाससँग सम्बन्धित विद्युत विधेयक र विद्युत नियमन आयोग सम्बन्धी विधेयक व्यवस्थापिका संसदमा दर्ता गराउन पटक पटक निर्देशन | विद्येयकहरुको मस्यौदा परिमार्जन गरी विशेषज्ञहरुबाट पृष्ठपोषण लिने क्रममा रहेको । | विद्युत क्षेत्रको विकासका लागि यी विधेयकहरु अपरिहार्य भएको हुँदा यथाशीघ्र परिमार्जन गरी |

| | | | |
|---|---|---|---|
| | दिइएको । | | संसदमा पेश गर्न निर्देशन दिनु पर्ने व्यहोरा समितिमा सिफारिस गर्ने । |
| २०७१/०५/१९ | यस वर्षको वर्षादमा विभिन्न क्षेत्रमा आएको भारी वर्षाको कारण बाढी पहिरोले विद्युत गृह, प्रसारण लाइन, सिंचाइका नहर र कुलोहरु तथा कृषि क्षेत्रमा पुऱ्याएको क्षतिको सम्बन्धमा छलफल हुँदा क्षति भएका संरचनाको पुनर्निर्माण र व्यवस्थाको प्रत्येक १५/१५ दिनमा प्रगति विवरण उपलब्ध गराईदिन ऊर्जा मन्त्रालय, सिँचाइ मन्त्रालय र कृषि विकास मन्त्रालयलाई निर्देशन दिने । | बाढी पहिरोबाट क्षति ग्रस्त भोटेकोशी ज.वि.आ.को प्रशारण लाइनको मर्मत कार्य सम्पन्न भइसकेको सुनकोशी सानो ज.वि.आ.को मर्मत कार्य अन्तिम चरणमा रहेको तथा सुनकोशी ज.वि.आ.को मर्मत कार्य सम्पन्न भई सञ्चालनमा रहेको । | वैशाख १२ को भूकम्पले समेत के कस्तो क्षति पुगेको छ र पुनर्निर्माणको कार्यको प्रगति विवरण माग गर्ने । |
| २०७१/०७/०२ | नेपाल विद्युत प्राधिकरण कावेली कोरिडोर आयोजना, १३२ के.भि.ए प्रसारण लाईन आयोजना निर्माणको काम २०१५ जुलाई सम्म सम्पन्न गर्ने र यस अन्तर्गत झापाको दमक स्टेशन देखि ईलामको सव स्टेशन सम्म पहिलो खण्डको काम २०७१ पौष १० गते भित्र सम्पन्न गर्ने । बैकल्पिक व्यवस्था अनुसार ३३ के.भि.ए ईलान सव स्टेशन देखि पुवा खोला सव स्टेशन सम्म कार्तिक २४ सम्ममा सम्पन्न गर्ने प्रतिवद्धता यस समितिको बैठकमा गरेको सन्दर्भमा प्रत्येक १५ दिनमा सो काम सम्बन्धी प्रगति विवरण यस समितिलाई उपलब्ध गराउन निर्देशन दिने निर्णय भयो । | बैकल्पिक व्यवस्था भई १३२ के.भी.आयोजनाको पहिलो खण्डको निर्माण कार्य लगभग सम्पन्न भएको अन्य खण्डको कार्य शुरु भएको । | प्रतिबद्धता अनुरुप काम भएको देखिएन कार्य सम्पन्न हुन नसक्नुको कारण सहित निर्देशन अनुसारको प्रगति विवरण माग गर्ने । |
| २०७१/०७/१८ | ऊर्जा मन्त्रालय अन्तरगत चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा उल्लिखित कार्यक्रमहरुको कार्यान्वयनको कार्यतालिका बनाई कार्यान्वयन गर्न ऊर्जा मन्त्रालयलाई निर्देशन दिने । | आर्थिक वर्ष २०७१/०७२ मा नै सम्बन्धित निकायहरुलाई सो बमोजिम निर्देशन दिई यथोचित कार्य भएको | कार्यक्रमको समीक्षा गर्न समितिमा सिफारिस गर्ने । |
| २०७१/०९/०१ | ऊर्जा मन्त्रालयबाट अनुमतिपत्र प्राप्त | निर्देशानुसार नै गर्ने गरिएको र | यस सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| | गरेका कतिपय निजी प्रवर्द्धकका सन्दर्भमा ऐन नियम बमोजिम तोकिएको समयमा तोकिएको शर्त पूरा नगरी केवल अनुमतिपत्र ओगटेर बस्ने प्रवृति रहेकोमा यस्तो प्रवृतिलाई दुरुत्साहन गर्न ऊर्जा मन्त्रालय र मातहतका सम्बन्धित निकायले अनुगमनलाई प्रभावकारी बनाई नियतबस ओगटेर बस्नेहरुलाई तत्काल कारबाही गर्न र यस सम्बन्धमा २ महिनाभित्र समितिमा प्रगति प्रतिवेदन सहितको जानकारी गराउन ऊर्जा मन्त्रालयलाई निर्देशन दिने । | कारबाहीमा परेका आयोजनाहरु नेपाल सरकारको बास्केटमा रहेको र तिनको व्यवस्थापन गर्ने कार्यको लागि आवश्यक कार्यविधिको निर्माण गर्ने कार्य भइरहेको । | कार्यविधि निर्माण सम्पन्न भए, नभएको, यदि कार्यविधि तयार भएको छैन भने सोको कारण सम्बन्धमा र यदि सम्पन्न भइसकेको भए तत्पश्चात्को प्रगतिको अवस्था सम्बन्धमा जानकारी लिने । |
| २०७१/०९/०४ | • ऊर्जा मन्त्रालय अन्तर्गतका विभाग तथा कार्यालयबाट उपलब्ध हुने सेवाकोलागि सवै सेवाग्राही जनताको पहुँच सहज र सुनिश्चित गर्न, आवश्यकता अनुसार नयाँ कार्यालय स्थापना गर्न, सेवालाई थप प्रभावकारी बनाउन, आवश्यक जनशक्तिको व्यवस्था गर्न, आवश्यकता अनुसार कार्यालयमा खटाउन र मन्त्रालयको कार्ययोजना अनुरुपको काम सम्बन्धित कार्यालयबाट सम्पन्न गर्न गराउन र आफ्नो मन्त्रालय भित्रको जनशक्तिको समेत उचित व्यवस्थापन गर्न तत्काले O&Mगरी त्यसअनुरुप काम गर्ने र सो को जानकारी यस समितिलाई गराउने । | विभागको पुनर्संरचना स्वीकृत भई लागू गरिएको एवं मन्त्रालयको O & M गर्ने सम्बन्धमा गृहकार्य भैरहेको । | नेपालको संविधान जारी भएको र सो अनुरुप नेपाल सरकारको संगठन संरचना निर्माण हुनु पर्ने भएको हुँदा यस सम्बन्धमा पछि अध्ययन गर्न उपयुक्त हुने व्यहोरा समितिमा सिफारिस गर्ने । |
| २०७१/११/११ | आ.व. २०७१/०७२ को पहिलो चौमासिक अवधिमा लक्ष्य पूरा हुन नसकेका कामहरू सम्पन्न गर्न गरेको प्रयास र दोस्रो चौमासिक अवधिको मंसिर र पुष महिना समेत गरी अर्ध वार्षिक अवधिको प्रगति विवरणका वारेमा उर्जा मन्त्रालय र यस अन्तर्गतका निकाय तथा आयोजनाबाट प्रस्तुत प्रगति विवरणमाथि छलफल भयो । यसबीचमा उर्जा क्षेत्रमा देखिएका दूरगामी प्रभाव पार्ने खालका निर्णय एवं सम्झौताहरू जस्तै पञ्चेश्वर विकास प्राधिकरणको गठन, विकास समितिहरुको गठन, | • जलस्रोत आयोगको प्रस्तावित मस्यौदामा मन्त्रालय एवं अन्य सम्बद्ध निकायबीच यथेष्ट रुपले छलफल हुन नै बाँकी रहेको कारणले उक्त आयोग गठन प्रक्रियामा दिलाई भएको हो । | मन्त्रालयगत निर्णय कार्यान्वयनको प्रगति तथा अनुगमन कार्यकालागि समितिबाट उपसमिति गठन हुन आवश्यक देखिएको व्यहोरा समिति समक्ष सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| | छिमेकी राष्ट्र भारतसँग भएको उर्जा व्यापार सम्झौता, सार्क राष्ट्रबीच उर्जा विकासको लागि भएको सम्झौता जस्ता उपलब्धि भएपनि मन्त्रालय अन्तर्गतका निकायले गर्नुपर्ने नियमित कामहरू समेत सही ढंङ्गले नगर्दा सम्म यी उपलब्धिहरूबाट अपेक्षित लाभ प्राप्त हुने अवस्था देखिन्न । स्वीकृत कार्यक्रमहरूको प्रगति न्यून मात्र होईन मन्त्रालयले आँफैले तय गरेको लक्ष्य समेत पूरा नभएको अवस्थामा लक्ष्य अनुरुप काम सम्पन्न गर्न र विभिन्न अवस्थामा आइपर्ने समस्या समाधानका लागि उर्जा मन्त्रालयले नै विशेष अग्रसरता लिएर अन्य मन्त्रालयसँग समन्वय गर्नु जरुरी देखिन्छ । अतः देशको विद्यमान उर्जा संकटलाई समेत मध्यनजर गर्दै मन्त्रालय र यस अन्तर्गतका निकायका कामहरू लक्ष्यअनुरुप पूरा गर्न यस क्षेत्रमा देखिएका नीतिगत तथा संरचनागत समस्याहरूको समाधानका लागि तत्काल आवश्यक प्रक्रिया थाल्न उर्जा मन्त्रालयलाई निर्देशन दिंदै यसलाई विशेष प्रथमिकता दिन र आवश्यक पहल गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई विशेष ध्यानाकर्षण गराउँछ ।<br>• देशको ऊर्जाको माग पूरा गर्दै उर्जासुरक्षा, पर्याप्तता र दीगोपनको सुनिश्चित गर्न तयार गरिएको राष्ट्रिय उर्जा रणनीति , २०७१ माननीय उर्जा मन्त्रीबाट मिति २०७१।६।१० मा नै स्वीकृत भइ मन्त्रीपरिषदमा पेश हुने क्रममा रहेको र एकीकृत जलस्रोत नीति, २०७१ माननीय उर्जा मन्त्रीबाट मिति २०७१।५।२९ मा नै स्वीकृत भई मन्त्रिपरिषदमा प्रस्ताव पेश हुने क्रममा रहेको जानकारी यस समितिको बैठकमा जल तथा उर्जा शक्ति आयोगको तर्फबाट दिइएकोमा सो कार्यमा किन ढिलाई भएको हो ? अविलम्ब आवश्यक संसोधन गर्नु पर्ने भए गरी प्रक्रिया अगाडि वढाउन उर्जा मन्त्रालयलाई निर्देशन दिंदै सोको लागि आवश्यक पहलकदमी लिन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको | • ऊर्जा रणनीति एवं एकीकृत जलस्रोत नीति दुबैमा मन्त्रालय एवं अन्य सम्बद्ध निकायबीच यथेष्ट रुपले छलफल हुन नै बाँकी रहेको ।<br>• उक्त प्रयोजनको लागि जलस्रोत ऐन नै संशोधन गर्न उचित हुने ठहर भई सो कार्यको लागि चालू आर्थिक वर्षको कार्यक्रममा रकम विनियोजन भएको एवं आवश्यक कार्य भइरहेको World Bankअन्तर्गतको Power Sector Reform and Sustainable Hydropower Development Project" कार्यक्रमले पनि सहयोग पुऱ्याउने तय भएको । | राष्ट्रिय ऊर्जा रणनीति र ऐन निर्माण अत्यावश्यक भएकोले यस कार्यलाई तत्काल अघि बढाउन निर्देशन दिन समिति समक्ष सिफारिस गर्ने ।<br>हालसम्मको प्रगतिको स्थिति के छ तदारुकता साथ काम सम्पन्न हुन नसक्नुका कारण खुलाउन माग गर्ने । निर्देशानुसार के के काम भएको छ प्रगति विवरण माग गर्ने र समितिमा यस विषयमा छलफल गर्न सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| | कार्यालयलाई ध्यानाकर्षण गराउछ ।<br>• प्रसारण लाइनको विकासलाई प्राथमिकतामा राखी छुट्टै राष्ट्रिय ग्रीड कम्पनी स्थापना गर्ने सम्बन्धी कार्य अगाडि बढेकोमा समितिको यो वैठक सन्तोष व्यक्त गर्दै यसलाई थप तदारुकताका साथ अगाडि वढाउन निर्देशन गर्दछ ।<br>• नेपाल विद्युत प्राधिकरणको आ.व.२०७१/०७२को लागि स्वीकृत कार्यक्रमको लक्ष्य पूरा गर्न आफ्नो कार्यतालिका संसोधन गरी सो अनुरुप अगाडि वढ्न र सो को जानकारी समितिलाई गराउन नेपाल विद्युत प्राधिकरणलाई निर्देशन गर्दछ ।<br>• प्रसारण लाइन आयोजनाहरूका सन्दर्भमा प्रस्तुत प्रगति प्रतिवेदनबाट सन्तुष्ट हुने अबस्था नदेखिएकोले सम्बन्धित निकायहरूसँग समन्वय गरी लक्ष्य अनुरुप काम गर्न आवश्यक अग्रसरता लिन र आयोजनाहरू तीव्र रुपले अगाडि वढाउन निर्देशन गर्दछ ।<br><br>जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडद्वारा प्रस्तुत प्रतिवेदनमा सन्तोष व्यक्त गर्दै यसलाई थप प्रभावकारी वनाउन आवश्यक योजना वनाई अग्रसरता लिन र सो को प्रगति यस समितिमा बुझाउन निर्देशन गर्दछ । | • हाल कम्पनी दर्ता भई सञ्चालक समिति गठन भैसकेको ।<br>• निर्देशानुसार नै गर्ने गरिएको ।<br>• यस विषयमा ऊर्जा मन्त्रालय समेत गम्भीर रहेको र समय समयमा जिम्मेवार पदाधिकारीहरुलाई बोलाई छलफल गर्ने गरिएको ।<br>• उक्त कम्पनीले विभिन्न योजनाहरु अघि सारेको र हाल रेमिट हाइड्रो लिमिटेड मार्फत आयोजना विकास गर्ने प्रयासको शुरुवात गरिएको । | यस विषयमा ऊर्जा मन्त्रालय समेत गम्भीर रहेको र समय समयमा जिम्मेवार पदाधिकारीहरुलाई बोलाई छलफल गर्ने गरिएको भनिएकोमा छलफलमा निष्कर्ष के निस्क्यो सो सम्वन्धी परिणाम के भयो जानकारी लिने ।<br><br>थप प्रभावकारी वनाउन के कस्तो योजना वनाई अग्रसरता लिइएको छ । सो को प्रगति माग गर्ने । |
| २०७२/०१/०६ | ऊर्जा मन्त्रालयले तयार गरेको आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रम र बजेटका सन्दर्भमा समितिको बैठकमा छलफल पश्चात ऊर्जा मन्त्रालयद्वारा आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रममा आमन्त्रित विज्ञहरुका सुझाव, समितिका माननीय सदस्यहरुको धारणा समेतलाई समावेश गरी अघि बढाउन प्रस्तावित कार्यक्रमा आवश्यक परिमार्जन | सरोकारवालाहरु सँग छलफल गरी प्रस्ताव गरिएको बजेट तथा कार्यक्रम स्वीकृत भएको । | विज्ञ सहितको सुझाव समितिबाट पठाइएकोमा कुन कुन सुझाव समावेश भए त्यसको जानकारी माग गरी समितिमा छलफल गर्न सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| | गरी बजेट वनाउन निर्देशन दिने । | | |
| २०७२/०२/२६ | • २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यस यता पटक-पटक गएका भूकम्पहरूबाट जलविद्युत क्षेत्रमा समेत व्यापक क्षति पुऱ्याएको सन्दर्भमा समितिको वैठकमा ऊर्जा मन्त्रालयले प्रस्तुत गरेको क्षतिको प्रारम्भिक विवरणमा छलफल भयो । जलविद्युतसँग सम्बन्धित सवै निकायलाई समन्वय गर्दै क्षतिको विवरण स्पष्ट, व्यवस्थित र यथार्थपरक रुपमा तयार गर्ने र त्यसको समाधानका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन नीति र कार्ययोजना तयार गर्ने प्रमुख दायित्व ऊर्जा मन्त्रालयको हो । अतः भूकम्पले पुऱ्याएको क्षतिको विस्तृत र व्यवस्थित अध्ययन गरी त्यसको विवरण तयार गर्न र क्षतिलाई सम्बोधन गर्न अविलम्व आवश्यक कार्ययोजना प्रस्तुत गर्न ऊर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br>• भूकम्पबाट सिर्जित विपदको व्यवस्थापन संगसगै मन्त्रालयले यस आ.व.मा सम्पन्न गर्ने भनी तय भएका सम्पूर्ण निर्धारित कामहरू ( नीतिगत, क्षेत्रगत एवं संरचनागत सुधार लगायत) समयमा नै सम्पन्न हुने गरी निरन्तर रुपमा सुचारु गर्न ऊर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br>• नेपाल प्राकृतिक विपद्को उच्च जोखिमको अवस्थामा रहेको तथ्यलाई आत्मसात गरेर, जल विद्युत आयोजना निर्माणको कममा जोखिम न्यूनीकरणका हर सम्भव र आवश्यक उपायहरु अवलम्वन गर्न र विपद् परि आएमा विपद् व्यवस्थापनका लागि पूर्व तयारीको अवस्थामा रहन ऊर्जा मन्त्रालयलाई निर्देशन दिने । | • क्षतिको समग्र विवरण एवं कार्य योजना PDNA मा समावेश भएको ।<br><br>आयोजनाहरुको प्राथमिकरण गर्ने कार्यमा पुनः निर्माण प्राधिकरणलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने । | कुन कुन आयोजनामा के कति क्षति भएको हालको अवस्था के छ सुधारको प्रयत्न के भैरहेको छ समस्या के छ सो को जानकारी माग गर्ने ।<br><br>नीतिगत क्षेत्रगत, एवं संरचनागत सुधारको क्षेत्रमा के के प्रगति भए विवरण माग गर्ने ।<br><br>यस सम्बन्धमा मन्त्रालयको तर्फबाट के के कायक्रम/कार्ययोजना तयारी भयो जानकारी दिन माग गर्ने । |

| सिँचाइ मन्त्रालय | | | |
|---|---|---|---|
| निर्णय मिति | समितिको निर्णय तथा निर्देशन | मन्त्रालयबाट प्राप्त निर्देशन कार्यान्वयन अवस्था | उपसमितिको सुझाव तथा सिफारिस |
| ☐२०७१/०५/१९<br>२०७१/०५/१९ | • यस वर्षको वर्षादमा विभिन्न क्षेत्रमा आएको भारी वर्षाको कारण बाढी पहिरोले विद्युत गृह, प्रसारण लाइन, सिंचाइका नहर र कुलोहरु तथा कृषि क्षेत्रमा पुऱ्याएको क्षतिको सम्बन्धमा छलफल हुँदा क्षति भएका संरचनाको पुनर्निर्माण र व्यवस्थाको प्रत्येक १५/१५ दिनमा प्रगति विवरण उपलब्ध गराईदिन ऊर्जा मन्त्रालय, सिँचाइ मन्त्रालय र कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>• मुलुकमा विद्यमान विनियोजित बजेटबाट प्राकृतिक प्रकोपले उत्पन्न क्षतिलाई पुनर्स्थापना गर्न नसक्ने कुरालाई ध्यानमा राख्दै यस कार्यमा मित्र राष्ट्रहरुले सहयोग गर्न देखाएको चाहना र सदासयताको समेत पृष्ठभूमिमा कृषि, सिंचाइ, वन मन्त्रालय र अन्तर्गत विभागहरुले एकीकृत पुनर्स्थापना आयोजना प्रस्ताव तयार गरी आर्थिक स्रोतको लागि पेश गर्न उपुर्यक्त मन्त्रालय सहित अर्थ मन्त्रालयलाई समेत निर्देशन दिने । | • गत वर्षको वर्षामा विभिन्न क्षेत्रमा भएको भारी वर्षाको कारण सिंचाइ नहर तथा कुलोहरुमा पुऱ्याएको क्षतिलाई ध्यानमा राखी क्षति भएका संरचनाको पुननिर्माण र मर्मत संभारको कामको थालनी भएको छ तथा यस सम्बन्धमा सुर्खेत, दाङ्ग, बाँके, बर्दिया जिल्लामा १४५ वटा पुननिर्माण र मर्मत संभार योजनाको थालनी भइ शत प्रतिशत कार्य सम्पन्न भएको छ ।<br>• प्राकृतिक प्रकोपले सिंचाइ नहर तथा कुलोहरुमा पुर्याएको क्षतिलाई पुनस्थापना गर्न आन्तरिक स्रोतबाट सुर्खेत,दाङ्ग, बाँके, बर्दिया जिल्लामा कार्यक्रम सञ्चालन भएको छ । यस बाहेक अन्य जिल्लामा रहेका क्षति भएका संरचनाहरुको पुर्नस्थापनाका लागि मित्र राष्ट्रहरुको सहयोग प्राप्त गर्न आवश्यक तयारी भैरहेको छ ।<br>बाढी पहिरोले क्षतिग्रस्त भएका ५ बटा जिल्लाहरु सुर्खेत, दाङ, बाँके, बर्दिया र सिन्धुपाल्चोकमा गत आ.व. २०७१/०७२ मा थप बजेटको व्यवस्था भई क्षतिग्रस्त नदी नियन्त्रण संरचनाहरु तथा थप संरचनाहरुको पुनस्थापनारनिर्माण भएको छ । यसै सन्दर्भमा यस आ.व.२०७२/७३ मा पनि सो कार्यहरुलाई निरन्तरता दिईनेछ । ती ५ वटा जिल्लाहरुको लागि अर्थ मन्त्रालयबाट छुट्टै बजेटको व्यवस्था नभएको कारण नियमित बजेटबाट केही रकम बिनियोजन गरिएको छ । नपुग भएको बजेट अर्थ मन्त्रालयसँग थप व्यवस्थाको लागि अनुरोध गरिने छ । | शत प्रतिशत खर्च भएको भन्ने जवाफ प्राप्त भएकोले खर्च बजेट मात्र हो की आयोजना नै सम्पन्न भएको हो, यस सम्बन्धमा बैठकमा आमन्त्रण गरी छलफल गर्न समितिमा सिफारिस गर्ने ।<br>समन्वय गरेर एकीकृत पुनर्स्थापना आयोजना प्रस्ताव ल्याउन कति पहल भयो समस्या भए के के समस्या भयो, मन्त्रालयलाई बोलाएर छलफल गर्न समितिमा सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| २०७२/०२/२९ | भूकम्प पश्चात् बढ्दो पहिरो र बाढीको जोखिमलाई मध्येनजर गरी समयमा नै सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक पूर्व तयारी गर्न सिँचाइ मन्त्रालयलाई निर्देशन दिने । | बिनासकारी भूकम्प पश्चात आउन सक्ने प्राकृतिक प्रकोपको जोखिम व्यवस्थापनको लागि प्रभावित १४ वटा जिल्लाहरुको लागि यस आ.ब. २०७२/०७३ मा अर्थ मन्त्रालयबाट छुट्टै बजेटको व्यवस्था नभएको कारण नियमित बजेटबाट केही रकम बिनियोजन गरिएको छ । नपुग भएको बजेट अर्थ मन्त्रालयसँग थप व्यवस्थाको लागि अनुरोध गरिने छ । | उपर्युक्त निर्देशन कार्यान्वयन गर्न माग अनुसार बजेट उपलब्ध नगराएको भन्ने जानकारी गराएको र अन्य मन्त्रालयहरु बाट समेत यस्तै जानकारी गराउने गरेकोले सम्बन्धित मन्त्रीहरु, अर्थ मन्त्री, रा.यो.आ.का उपाध्याक्षलाई आमन्त्रण गरी छलफल गर्न समिति समक्ष सिफारिस गर्ने । |

## २.२. निवेदनहरुको सम्बन्धमा निर्णय तथा सुझावहरु :

१. समितिमा प्राप्त निवेदन तथा उजुरीहरुका सम्बन्धमा समितिबाट बढिमा १ महिनाभित्र फछ्र्यौट गरिने व्यवस्था गर्ने ।

२. देहायका निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदनमा उल्लेखित विषय तथा समस्याको टुंगो लागिसकेकोले केही गर्नु नपर्ने ।

- मा. श्री राम अवतार पासवानले बाढी पहिरोको प्रतिवेदनका सम्बन्धमा दिनु भएको निवेदन ।
- मिति २०७१।०७।२८ गते तनहुँ हाईड्रोपावर लिमिटेडले छानबिन गरी पुनः प्रक्रिया अगाडी बढाई पाउँ भन्ने विषयको निवेदन ।
- मिति २०७१।०७।१८ गते ३६ मेगाबाट क्षमताको करुवा जल विद्युत आयोजनाको अख्तियारद्वारा अनुमति पत्र खारेजी गर्न दिइएको निर्देशनमा पुनर्विचार गरी आयोजना निर्माण गर्न सहयोग गरी पाउँ भन्ने विषयको निवेदन ।
- मिति २०७१।१०।१९ गते भोटेकोशी पावर कम्पनीले प्रसारणलाईन पुनर्स्थापनाको विषयमा दिएको निवेदन ।
- नेपाल कृषि अनुसन्धान परिषद्का कृषि मजदुरहरुले पदपूर्ति सम्बन्धी विषयमा छानबिन गरी दोषी उपर कारबाही गरी न्याय पाउँ भन्ने निवेदन ।

३. देहायका निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा निवेदनमा उल्लेखित विषय तथा समस्या समितिमा छलफल गरिरहन आवश्यक नदेखिएकोले सम्बन्धित निकायमा कार्यान्वयनको लागि लेखि पठाइएको :

- समितिमा माननीय डिल्लीप्रसाद काफ्लेले मिति २०७२।२।२६ मा दिनु भएको निवेदनमा उल्लेख भए अनुसार आर्थिक वर्ष २०७१/०७२ भित्र जुम्ला जिल्लाको हिमाखोला र वाविलो खोलामा ५

मेगावाटको विद्युत योजनाको सम्भाव्यता अध्ययन गरेर योजनालाई अगाडि बढाई दिने भन्ने कुरा बजेट भाषणमा र ऊर्जा मन्त्रालयको बार्षिक कार्यक्रममा समावेश भएको भएतापनि हालसम्म कार्यान्वयन नभएकोमा चिन्ता व्यक्त गर्दै अविलम्व कार्यान्वयन गर्न ऊर्जा मन्त्रालयलाई लेखी पठाउने।

- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका अध्यक्ष र राष्ट्रिय कृषक समूह महासंघ, नेपालका अध्यक्षले संविधानको मस्यौदामा समावेश गर्न पेश गरेको सुझाव सम्बन्धी निवेदन संविधान मस्यौदा समितिमा लेखी पठाउने ।
- नेपाल पोल्ट्री महासंघको तर्फबाट मिति २०७१।१२।२२ गते च.नं ३३ को पत्रबाट पोल्ट्र उद्योगमा कर छुट हुनु पर्ने भनी दिएको निवेदनमा सो विषय कर छूट सम्बन्धी विषय भएकोले आवश्यक कार्यार्थ अर्थ मन्त्रालयमा पठाउने ।
- भूमिअधिकार मञ्चको जिल्ला सदस्य श्री अलिजानमिया मंसरीले जग्गा उपलब्ध गराई दिन लेखेको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पठाउने ।
- स्वाभिमानी एकता समाज नेपाल (मातृभूमी) पार्टीको च.नं ३७५ मिति २०७१।१२।०९ को निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा निवेदनमा उल्लेख भएको विषय व्यवस्थापिका–संसदको अन्तरराष्ट्रिय सम्बन्ध तथा श्रम समिति र वातावरण संरक्षण समितिसँग सम्बन्धित देखिएकोले सोही समितिमा निवेदन सहित लेखी पठाउने ।
- तत्कालिन विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय अन्तर्गतको जल तथा मौसम विज्ञान विभागमा कार्यरत हाईड्रोलोजि समूहका कर्मचारीहरुले जल विज्ञान विषयको गाम्भीर्यता, महत्व र यस उप समूहको वृत्ति विकास लगायत विभागको औचित्य समेतलाई दृष्टिगत गरी O & M गरी आवश्यकता अनुसारको प्रकृया अगाडि बढाउन जल तथा मौसम विज्ञान विभागलाई निर्देशन गरी पाउँ भनी दिइएको निवेदन उपर छलफल हुँदा उपरोक्त विषय वातावरण संरक्षण समितिको कार्य क्षेत्रभित्र पर्ने भएकोले आवश्यक कायार्थ उक्त समितिमा लेखी पठाउने ।
- राष्ट्रिय आर्थिक सरोकार समाज, नेपाल र नेपाल विद्युत परिवहन संघ (इभान) तथा नेपाल वातावरणमैत्री यातायात व्यववसायी महासंघले माननीय सभापतिलाई सम्वोन्धन गरी वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ कार्यान्वयन गर्ने सन्दर्भमा मिति २०७२।८।११ मा लेखिएको पत्र यस उप समितिमा छलफल हुँदा उपरोक्त विषय विकास समितिको कार्य क्षेत्र भित्र पर्ने भएकोले आवश्यक कायार्थ उक्त समितिमा लेखि पठाउने ।

४. समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयहरुसँग सम्बन्धीत निवेदन तथा उजुरीहरु छुट्टयाई सम्बन्धित मन्त्रालयसँग यर्थाथ विवरण माग गरी सम्बन्धित पदाधिकारीहरु सँग छलफल गरी निर्देशन तथा सिफारिस गरिएको :

- संविधान सभा सदस्य श्री हितराज पाण्डेको मिति २०७२।०३।१६ गतेको निवेदन समितिको बैठकमा प्रस्तुत हुँदा निवेदनमा उल्लेख भएको विषय सिँचाइ मन्त्रालयसँग सम्बन्धित देखिएकोले उल्लिखित विषयमा हालसम्म के कति प्रगति भएको छ सो सम्बन्धी सम्पूर्ण विवरण ५ दिन भित्र उपलब्ध गराइ दिन र मिति २०७२।२।२५ मा कोशीनदी नियन्त्रण बाली मुआव्जा सम्बन्धी विषयमा परेको निवेदनका सम्बन्धमा सो विषयमा के भएको हो सोको यथार्थ विवरण ७ दिन भित्र उपलब्ध गराउन सिँचाइ मन्त्रालयलाई लेखि पठाइएको ।
- तपशिलमा उल्लिखित निवेदनहरु उपसमितिको बैठकमा प्रस्तुत भै छलफल हुँदा उक्त निवेदनहरु संलग्न गरी सम्बन्धित मन्त्रालय ऊर्जा मन्त्रालयमा पठाउने र निवेदनमा उठाइएका विषयवस्तुका

सम्बन्धमा भएको यथार्थ विवरण खुलाई ७ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाइएको ।

(क) १८० मेगावाटको जलाशययुक्त आँधीखोला जलविद्युत आयोजना ।
(ख) सुनकोशी दोश्रो र तेश्रो जलाशययुक्त आयोजना ।
(ग) ईन्द्रावती जल विद्युत आयोजना ।
(घ) नौसेनी हाईड्रो पावर ।
(ङ) माथिल्लो वुढी गण्डकी जल विद्युत आयोजना ।
(च) हिरारत्न जलविद्युत आयोजना । दुप्चेश्वरको फाईल हेरी मिलाउने ।

- ऊर्जा मन्त्रालयसँग सम्बन्धीत उपरोक्त जलविद्युत आयोजनाका सम्बन्धमा समितिका परेका निवेदनहरुका सम्बन्धमा ऊर्जा मन्त्रालयका सचिव, विद्युत विकास विभागका महानिर्देशक र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक समेतको उपस्थितिमा सामान्य छलफल भएको र पछि थप छलफल गर्ने निर्णय भएको । साथै नुवाकोटको दुप्चेश्वर महादेवको चरणबाट बग्ने तादी नदिमा हाल निर्माण हुन लागेको हिरारत्न जलविद्युत आयोजनाले आफ्नो निर्माण कार्यको क्रममा दुप्चेश्वर देवस्थल अगाडीको धार्मीक सांस्कृतिक संस्कारहरु सम्पन्न गरिने न्यूनतम १ किलो मिटर क्षेत्रको भूगोलमा तादी नदीको प्रवाह अक्षुण्य, अविच्छिन्न र प्राकृतिक रहने गरी आयोजना स्थल परिमार्जन गर्न निर्देशन दिन समिति समक्ष सिफारिस गरिएको ।
- समितिमा प्राप्त विभिन्न निवेदनमाथि छलफल गर्ने क्रममा चितवन मिल्क प्रा.लि.लाई नेपाल दुग्ध व्यवसायी बोर्ड र दुग्ध विकास संस्थानलाई आर्थिक चलखेल गरी बिक्रि गर्न खोजेको भन्ने विषयको मिति २०७१।०८।०७ को नेपाल डेरी एसोसिएसनको निवेदन, दुग्ध विकास संस्थानका निमित्त महाप्रवन्धक गंगाप्रसाद तिमिल्सिनाले पाउडर, मख्खन र वटर आयल खरिदमा व्यापक भ्रष्टाचार गरेको भन्ने विषयको मिति २०७१।०८।१९ को संस्थानका कर्मचारीहरुको निवेदन, केशव प्रसाईको बाली संरक्षण समुहको शैक्षिक योग्यता सम्बन्धि मिति २०७१।१२।१७ को निवेदन, कृषि विकास मन्त्रालय अन्तर्गत सञ्चालित व्यावसायीक कृषि तथा व्यापार आयोजना (एब्र्प्त)को सम्बन्धमा मिति २०७२।०४।१२ गतेको भ्रष्टाचारीबाट पिडित व्यापारि र परियोजनाका कर्मचारीले भ्रष्टाचारमा छानबीन गरी कारबाही गरी पाउं भन्ने विषयको निवेदन, व्यवसायिक दुग्ध उत्पादक कृषक समाजको माग पत्र र कर्णाली अंचलको जुम्लामा मौरि विकास तथा श्रोत केन्द्र स्थापनामा आवश्यक सहयोगको सम्बन्धमा समितिका परेका निवेदनहरुका सम्बन्धमा उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय कृषि विकास मन्त्रालयमा यथार्थ विवरण खुलाइ उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाइएकोमा मन्त्रालयबाट जवाफ प्राप्त भए पश्चात छलफल हुँदा निम्नानुसार निर्णय गरिएको :
    - चितवन मिल्क प्रा.लि. सम्बन्धमा छलफल हुँदा मुलुकमा दुध र दुग्धजन्य पदार्थको उत्पादन बढाउन आवश्यक देखिएको, मिल्क होलिडेको अवस्था नआउनको लागि त्यस्ता कम्पनी सँचालन हुनु पर्ने देखिएकोले र त्यस्तो कम्पनी नहुँदा दुग्ध उत्पादक कृषकहरुलाई मर्का पर्ने अवस्था भएकोले सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन पशुपन्छी विकास मन्त्रालय (तात्कालिक कृषि विकास मन्त्रालय)मा लेखी पठाउने निर्णानुसार पत्राचार गरिएको ।
    - दुग्ध विकास संस्थानका निमित्त महाप्रवन्धक गंगाप्रसाद तिमिल्सिनासँग सम्बन्धित निवेदन सम्बन्धमा मन्त्रालयबाट उपलब्ध जानकारी सम्बन्धम अध्ययन गर्दा सो विषयमा

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बाट समेत छानबिन भईरहेको पाइएकाले केही निर्णय गर्नु नपर्ने देखिएको ।

- केशव प्रसाईको बाली संरक्षण समुहको शैक्षिक योग्यता सम्बन्धि निवेदन सम्बन्धमा Agriculture Entomology विषयमा एम.एस.सि. गरेको जनशक्ति पर्याप्त रहेको र एम.एस.सी. जियोलोजि ईन्टोमोलोजीको अध्ययनले नेपाल कृषिसेवा, बाली संरक्षण समुहको जनशक्तिले सम्पादन गर्नु पर्ने कार्य गर्न अपर्याप्त हुने भएकाले निवेदकले माग गरे बमोजिमको शैक्षिक योग्यतालाई बाली संरक्षण समुहको शैक्षिक योग्यता तोक्न उपयुक्त नहुने व्यहोराको जानकारी प्राप्त भएकोले केही निर्णय गर्नु नपर्ने देखिएको ।
- कृषि विकास मन्त्रालय अन्तर्गत सञ्चालित व्यावसायीक कृषि तथा व्यापार आयोजना (PACT)को सम्बन्धमा उक्त आयोजना सञ्चालन भएको स्थान, अवधि, लगानी, आयोजना छनौटको आधार, सम्पर्क व्यक्ति, आयोजनाबाट आएका सकारात्मक परिणाम, नकारात्मक परिणाम तथा असफल आयोजना भए त्यसका कारण लगायतका विवरण तथा जानकारी कृषि विकास मन्त्रालयसँग माग गर्ने निर्णयानुसार पत्राचार गरिएको ।
- व्यवसायिक दुग्ध उत्पादक कृषक समाजको माग पत्रको सम्बन्धमा उपरोक्त माग कार्यान्वयन नीतिगत रुपमा सुधार गर्नु पर्ने विषय भएकोले आगामी वर्ष मूल्याङ्कन प्रतिवेदन तयार गर्दा नीतिगत परिमार्जन भएका विषयको जानकारी लिने निर्णय भएको ।
- रामकृष्ण बुढथापाले कर्णाली अंचलको जुम्लामा मौरि विकास तथा श्रोत केन्द्र स्थापनामा आवश्यक सहयोगको सम्बन्धमा दिनु भएको निवेदन सम्बन्धमा कृषि विकास मन्त्रालयको धारणा/विवरण सम्बन्धित पक्षलाई जानकारी गराइएको ।

- ईनर्जी डेभलपमेन्ट काउन्सिलको जल विद्युतमा लगानी निरुत्साहित गरेको वातावरणीय सेवा शुल्क खारेज गरियोस् भन्ने विषयको मिति २०७१।०८।२४ को निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय वन तथा भू संरक्षण मन्त्रालयमा पठाउने र निवेदनमा उठाइएका विषयवस्तुका सम्बन्धमा यथार्थ विवरण खुलाई ७ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाइएकोमा मन्त्रालयको च. नं. १५ मिति २०७२।४।२० को पत्रबाट बन सम्बन्धी कानून अनुसार कार्यान्वयन गरिएको विवरण तथा जानकारी प्राप्त भएकोले सोही व्यहोरा सम्बन्धित पक्षलाई जानकारी गराइएको ।
- रासायनिक मलमा निजीक्षेत्रलाई अनुदान दिने विषय र प्राङ्गारिक मल विषयको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय कृषि विकास मन्त्रालयमा पठाउने र निवेदनमा उठाइएका विषयवस्तुका सम्बन्धमा यथार्थ विवरण खुलाई ५ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाइएको । यस विषयमा समितिमा छलफल भई एक अध्ययन उप समिति गठन गर्ने निर्णय समेत भई सकेकाले यस उपसमितिबाट खास केही गर्नु नपर्ने देखिएको ।
- राष्ट्रिय बिउ उत्पादक सँघ नेपालले नेपाली किसानहरुलाई उन्नत बीउ विजन खरिद मुल्यमा अनुदान उपलब्ध गराउने कार्यक्रम सम्बन्धमा मिति २०७२।४।१८ मा लेखिएको निवेदन सम्बन्धमा कृषि विकास मन्त्रालयको धारणा यथाशिघ्र माग गर्ने निर्णयानुसार लेखी पठाइएकोमा निजीस्तरबाट उत्पादन हुने वीउविजनको वितरण तथा अनुदान प्राप्तिमा निजी बीउ व्यवसायी र जिल्ला बीउ विजन आत्मनिर्भर कार्यक्रममा सहभागी हुने कृषकले समेत सरकारी अनुदानको उपयोग गरी उत्पादन बृद्धि गराउने विषयमा आगामी आर्थिक वर्ष देखि जिल्ला कृषि विकास कार्यालय मार्फत समेत उन्नत बीउमा नेपाल सरकारले तोकेको दरमा अनुदान प्रवाह गर्न सक्ने गरी कार्यक्रम तर्जुमा गरिने योजना रहेको, यसबाट स्थानियस्तरमा गुणस्तरीय वीउ उत्पादन गरी

विवरणमा ल्याउन सक्ने सवै उत्पादकहरुले समान रुपमा अनुदानको सहुलियत प्राप्त गर्ने हुँदा राष्टिय वीउ उत्पादक संघ, नेपालले उठाएको सकारात्मक सुझाव समेत कार्यान्वयन हुने अवस्था रहेको व्यहेराको जानकारी प्राप्त भएको । सो सम्बन्धमा यस्ता विउ विजनको व्यवस्थापन गर्दा विउको गुणस्तरलाई कायम राख्ने गरी उत्पादन तथा वितरणको व्यवस्था मिलाउन र त्यसको प्रभावकारी अनुगमन गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिइएको ।

- नेपाल उखु उत्पादक महासंघले जिल्ला अनुगमन समितिलाई सक्रिय गराई उखुको भुक्तानी दिलाउन मिति २०७२।५।४ मा लेखिएको पत्र उपर छलफल हुँदा उपरोक्त विषय कृषि विकास मन्त्रालयको कार्य क्षेत्रभित्र परेको र सो सम्बन्धमा कृषि तथा जलस्रोत समिति र उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको मिति २०७१।११।२० को संयुक्त बैठकमा छलफल भई निर्देशन समेत दिइएकोमा सो सम्बन्धमा भएको प्रगतिको हाल सम्मको यथार्थ विवरण कृषि विकास मन्त्रालयसँग माग गरिएकोमा सो सम्बन्धि निम्नानुसारको विवरण प्राप्त भएको :

  - उखु किसानहरुलाई उखुको मुल्य भुक्तानी गर्ने सम्बन्धमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका तत्कालिन सचिव श्री शान्तराज सुवेदीज्यूको संयोजकत्वमा गठन भएको कार्यदलको प्रतिवेदन कार्यान्वयन सम्बन्धमा मिति २०७२/०५/१८ को नेपाल सरकार,कृषि विकास मन्त्रालय (सचिवस्तर) को निर्णय अनुसार सहमतिको लाीग गृह, वाणिज्य तथा आपूर्ति, उद्योग, अर्थ र ऊर्जा मन्त्रालयमा पठाइएको र तत् तत् मन्त्रालयहरुबाट सहमति प्राप्त भएको

  - सो सम्बन्धमा उल्लेखित मन्त्रालयबाट यस मन्त्रालयमा सहमति प्राप्त भई उखु किसानलाई उखुको मूल्यको सम्बन्धमा नेपाल सरकार विभागिय मन्त्रीस्तर ( कृषि विकास मन्त्रालय) बाट मिति २०७२/०५/३० मा निर्णय भई नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको ।

  - सो अनुसार नेपाल सरकार, मन्त्रिपरिषदको ( म.प.वै.स. ३८।०७२ मिति २०७२।६।१४) बैठकले उखु किसानलाई उखुको मूल्य भुक्तानी गर्ने प्रस्ताव कार्यान्वयनको लाीग निर्णय गरेको ।

  - उखु किसानलाई उखुको मूल्य भुक्तानी गर्नको लागि सो स्वीकृत प्रस्ताव अनुसार रु.४५,७५,००,०००।- (रु. पैतालीस करोड पचहतर लाख मात्र) रकम कृषि विकास मन्त्रालयबाट मिति २०७२।०७।२३ मा अर्थ मन्त्रालयमा रकम निकासाका लागि पत्राचार भएकोमा हाल सम्म उक्त रकम निकासा नभएको अवस्था रहेको ।

  - नेपाल उखु उत्पादक महासंघले जिल्ला अनुगमन समितिलाई सक्रय गराई उखुको भुक्तानी दिलाई पाउँ भन्ने मिीति २०७२/०५/०४ मा कृषि तथा जलस्रोत समतिलाई दिएको पत्रको सम्बन्धमा मिति २०७२।६।१४ मा नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत सोही प्रस्तावमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भुक्तानी तथा अनुगमन कार्य गर्ने व्यवस्था उल्लेख भएको ।

उपरोक्त सम्बन्धमा उखु किसानहरुको समस्या पटक पटक उठ्ने गरेको सर्न्दभलाई मध्यनजर राख्दै अब आइन्दा उखुको मौसम शुरु हुनु अगावै उच्च महत्वका साथ मुल्य निर्धारण गर्ने र भुक्तानीलाई सहज बनाउन उखु खरिद संगै मुल्य चुक्ता गर्ने व्यवस्था मिलाउन निर्देशन गरिएको ।

५. निर्देशन दिइएको :

- सिँचाइ मन्त्रालयसँग सम्बन्धित दरौंदी पालुङ्गटार सिँचाइ आयोजनासँग सम्बन्धित निवेदनको सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग यथार्थ विवरण माग गरी सम्बन्धित पदाधिकारीहरुसँग छलफल गरी निम्नानुसार निर्देशन दिइएको :
    - दरौंदी पालुङ्गटार सिँचाइ आयोजनाद्वारा गरिने नदी नियन्त्रण कार्य र जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयकातर्फबाट गरिने नदी नियन्त्रणको काम कसले कुन ठाउंमा गरेको भन्ने नछुट्टिएको कारण दोहोरो भुक्तानीको आशंका रहने भएकोले दोहोरो नहुने गरी स्पष्ट रुपमा कसले कहां काम गरेको हो देखिने गरी कार्यसम्पन्न गर्ने व्यवस्था मिलाउन सिँचाइ मन्त्रालयलाई निर्देशन दिईएको ।
    - दरौंदी पालुङ्गटार सिँचाइ आयोजनाको मूल नहरको लम्बाई ४८ कि.मी. हुने प्रारम्भिक अध्ययन अनुसार करिव एक अर्ब रुपैयाँ लाग्ने र मुहान भएको ठाउँमा ६ मे.वा.को विद्युत आयोजना निर्माणाधीन अवस्थामा रहेको कारणबाट उक्त आयोजना प्राविधिक र आर्थिक रुपमा सवल नभएको भनी चेपे नदीको पानी र अन्य स्थानीय श्रोतको पानी उपयोग गर्दा मूल नहरको लम्बाई **<u>२४ कि.मि.</u>** मात्र हुने र यसको सम्भाव्यता अध्ययन पनि भैसकेको र प्रारम्भिक लागत (०७१।७२) पनि ६७ करोड लाग्ने र सम्पन्न गर्न ४ वर्ष लाग्ने भनिए अनुसार यस आयोजनाले समेट्न सक्ने सम्पूर्ण क्षेत्र समेटी तोकिएको समयभित्रै आयोजना सम्पन्न गर्ने गरी काम अघि बढाउन सिँचाइ मन्त्रालयलाई निर्देशन दिइएको ।

६. **कोशी योजना क्षेत्रमा कोशी नदीले कटान गरेको जग्गाको विषय, तटबन्ध निर्माण र क्षति भएकोमा बाली मुआव्जा सम्बन्धी विषयमा निम्नानुसारको जानकारी गराइएको र सो सबै व्यहोरा सहित समितिमा थप छलफलका लागि उपसमितिको निष्कर्ष सहित सिफारिस गरिएको :**

कोशी योजना क्षेत्रमा कोशी नदीले कटान गरेको जग्गाको विषय, तटबन्ध निर्माण र क्षति भएकोमा बाली मुआव्जा सम्बन्धी विषयमा छलफल हुँदा सिँचाइ मन्त्रालय र सिँचाइ विभागका तर्फबाट देहाय बमोजिम भएको भनी जानकारी गराइयो :

१. **जग्गाको क्षतिपूर्ति सम्बन्धमा JCKGP को विभिन्न बैठकले लिएको निर्णयहरु**

कोश योजना क्षेत्रमा कोशी नदीले काटेको जग्गाको क्षतिपूर्ति वारे **JCKGP** को विभिन्न बैठकले लिएको निर्णय निम्नानुसार रहेको छ:

**क) JCKGP को पहिलो बैठकको निर्णय**

यस संयुक्त समितिले सन् १९६१ देखि १९६४ बीच कोशी नदीले काटेको कुल १५१६ विगाह जमिन सम्बन्धमा छलफल गऱ्यो । जग्गाको क्षतिपूर्तिको लागि उक्त क्षत्रको संयुक्त रुपमा जांच गरियो तर क्षतिपूर्तिको दररेट सम्बन्धमा निर्णय हुन बांकी रहेको छ । त्यस्तै गरी सन् १९६५ देखि १९६८ उक्त नदीले काटेको अर्को ४४०० विगाह जग्गाको सम्बन्धमा अझै संयुक्त जांच गर्ने कार्य बांकी रहेको छ । यस सम्बन्धमा आवश्यक कार्यवाहीको लागि भारतीय पक्षबाट आवश्यक विवरण प्रदान गर्न अनुरोध गऱ्यो ।

**ख) JCKGP को दोश्रो बैठकको निर्णय**

सन् १९६१ देखि १९६४ बीच कोशी नदीले काटेको कुल १५१६ विगाह जमिनको क्षतिपूर्ति भुक्तानी सम्बन्धमा छलफल भयो । नेपाली पक्षबाट क्षतिपूर्ति दररेट निर्धारण हुनु पर्ने भई उक्त भुक्तानी रोकिएको सम्बन्धमा सूचित गरियो । नेपाली पक्षले श्री ५ को सरकारको नर्मस् अनुसार क्षतिपूर्ति दररेट निर्धारण भएपछि पठाइने प्रतिवद्धता व्यक्त गऱ्यो ।

त्यस्तै गरी सन् १९६५ देखि १९६८ मा उक्त नदीले काटेको अर्को ४४०० विगाह जग्गाको विषयमा पनि छलफल भयो । छलफलको क्रममा क्षत्रफल (४४०० विगाह) सम्बन्धमा अझै जांच गर्न बाकी रहेको सूचित

गरियो । ४० वर्ष पुरानी कुरा भएकोले फिल्डमा चेकजांच गराउन गाह्रो हुन सक्ने तथ्यलाइ मनन गर्दै नेपाल र भारतको कार्यालयहरुमा उपलब्ध रेकर्डहरुको आधारमा उक्त क्षत्रको निरीक्षण गर्ने निर्णय गरियो ।

यस सँग सम्बन्धित कागजातहरु (नेपाल र भारतका सम्बन्धित कार्यालयहरुमा भएका) जम्मा गर्ने र सम्बन्धित अधिकारीहरुबाट संयुक्त रुपमा जांच गर्ने सहमति भयो । यसका लागि नेपाली भूआर्जन अधिकृत, भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयको प्रतिनिधि र पूर्वाञ्चल सिँचाइ विकास डिभिजन नं. २, सुनसरीको डिभिजन प्रमुख तथा भारतीय अधिकृतहरु (हेडवर्क्स डिभिजन, वीरपुरको एज्युकेटिभ ईन्जिनियर, इ.इ.डिभिजन, कुशाहको एज्युकेटिभ ईन्जिनियर र इ.इ.डिभिजन, कुनौलीको एज्युकेटिभ ईन्जिनियर) लाई उनीहरुको कार्यालयमा भएको कागजातहरु खोज्ने र ततपश्चात संयुक्त रुपमा जांच गर्ने जिम्मेवारी दिइएको छ साथै तीनीहरुले यस समितिको अर्को वैठक भन्दा अगाडि एउटा प्रतिवेदन वुझाउनु पर्ने छ ।

**ग) JCKGP को तेश्रो बैठकको निर्णय**

कोशी योजनामा सन् १९६१ देखि १९६४ कटान भएको १५१६ विगहा जग्गाको क्षतिपूर्ति दररेट हालै निर्धारण भएको र उक्त दररेट तथा क्षतिपूर्ति रकम वारे एउटा पत्र बिहार सरकारको काठमाण्डौं अवस्थित सम्पर्क कार्यालयमा पठाइएको कुरा नेपाली पक्षले राख्यो । उक्त क्षतिपूर्ति रकम यथासक्य चांडो उपलब्ध गराउन भारतीय पक्षलाई अनुरोध गरियो । भारतीय पक्षले यस सम्बन्धी विस्तृत विवरण तथा क्षतिपूर्ति दररेट निर्धारणको आधारको लागि अनुरोध गऱ्यो, नेपाली पक्ष उक्त विवरण उपलब्ध गराउन सहमत भयो । कोशी योजनामा सन् १९६५ देखि १९६८ मा कटान भएको ४४०० विगाह जग्गाको वुझारत गर्ने कार्य अझै बांकी रहेको कुरा नेपाली पक्षले राख्यो । समितिले दोश्रो वैठकले निर्णय गरे अनुसारको दुई देशका सम्बन्धित पदाधिकारीहरु भेटेर यस विषयलाई समाधान गर्ने उपाय सिफारिस गर्ने र यथासक्य छिटो समितिका टोली नेतालाई जानकारी गराउने निर्णय गऱ्यो ।

**घ) JCKGP को चौथो बैठकको निर्णय**

नेपाली पक्षले पहिले नै संयुक्त रुपमा वुझारत भई सकेको र रु. २७२०० प्रति विगाहको दरले तत्काल क्षतिपूर्ति दिनु पर्ने कोशी योजनामा सन् १९६१ देखि १९६४ कटान भएको १५१६ विगहा जग्गाको विषय उठायो । नेपाली पक्षले कोशी योजनामा सन् १९६५ देखि १९६८ मा कटान भएको ४४०० विगाह जग्गाको वुझारत गर्ने कार्य सम्पन्न भएको र ३९४८ विगाह भएको पनि जानकारी गरायो । तिनीहरुले विगतमा छुट भएको अर्को २२२६ विगाह जग्गाको थप क्षतिपूर्ति दावी गऱ्यो ।

भारतीय पक्षले प्रारम्भको लागि संयुक्त रुपमा वुझारत भई सकेको क्षतिपूर्ति दावीलाई तदारुकता साथ लिइने विषयमा आश्वस्त गऱ्यो । कुटनैटिक माध्ययमबाट भारत सरकारलाई त्यस्तो संयुक्त वुझारतको एकप्रति रेकर्ड उपलब्ध गराउन सकिने छ ।

बांकी क्षतिपूर्ति दावी सम्बन्धमा भारतयि पक्षले नेपाली पक्षलाई नेपाल सरकारको सम्बन्धित भूआर्जन अधिकृतलाई योजना क्षेत्रको सीमाङ्कन, दावी गरेको जग्गा देखिने गाउंको नक्शा एवम् लालपुर्जा जस्ता कागजात सहितको विस्तृत प्रस्ताव तयार गर्न निर्देशन दिन अनुरोध गऱ्यो । पूर्ण जानकारी प्राप्त भए पछि भारतीय पक्षले दावीको जांच गर्ने छ ।

**ङ) JCKGP को पांचौं बैठकको निर्णय**

नेपाली पक्षले आफूहरुले कुटनैटिक माध्यमबाट विगतमा वाढीले कटान गरेको जग्गाको क्षतिपूर्ति सीत सम्बन्धित केही कागजातहरु पेश गरेको बतायो । भारतीय पक्षले ती कागजातहरु चेकजांच गरी नेपाल सरकारलाई एउटा पत्र पठाएको बतायो । भारतीय पक्षले उक्त पत्रको जवाफ छिटो पठाउन सकिने अनुरोध गऱ्यो ।

नेपाली पक्षले क्षतिपूर्तिको थप दावीहरु प्राप्त भएको जानकारी गरायो ।

यस विषयको सम्पूण दावी सम्बन्धमा भारत सरकारले आफ्नो Kat/Com/६०/२००९, ६ अक्टुवर २००९ को पत्रबाट अनुरोध भए बमोजिम सम्बन्धित सूचनाहरु प्राप्त भए पछि सम्पूर्ण दावीहरुको एकमुष्ठ रुपमा चेकजांच गर्न दुवै पक्ष मन्जुर भयो ।

**च) JCKGP को छौंथो बैठकको निर्णय**

JCKGP को पांचौं वैठकमा भारतीय दुतावास, काठमाण्डौंको Kat/Com/६०/२००९, ६ अक्टुवर २००९ को पत्रबाट अनुरोध भए बमोजिम सम्बन्धित सूचनाहरु प्राप्त भए पछि यस विषयमा कारबाही गर्न सहमत भएको थियो ।

नेपाली पक्षले यस सम्वन्धि विवरण कम्पाईल भैरहेको र कुटनैटिक माध्यमबाट थप कारबाहीको लागि यी विवरण पेश गरिने जानकारी गऱ्यो ।

**२. भारतीय दुतावास, काठमाण्डौंको Kat/Com/६०/२००९, ६ अक्टुवर २००९ को पत्रको व्यहोरा**

नेपाली पक्षले JCKGP को तेश्रो र चौथो वैठकमा दिएको अभिव्यक्तिबाट क्षतिपूर्ति माग गरिएको जग्गा कोशी योजना क्षेत्र भित्र पर्दछ भन्ने देखिन्छ ।

मिति ६-७ डिसेम्वर २००४ मा सम्पन्न JCKGP को दोश्रो बैठकमा नेपाल तर्फबाट नेपाली भूआर्जन अधिकृत, भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयको प्रतिनिधि र पूर्वाञ्चल सिँचाइ विकास डिभिजन नं. २, सुनसरीको डिभिजन प्रमुख तथा भारतीय तर्फबाट हेडवर्क्स डिभिजन, वीरपुरको एज्युकेटिभ ईन्जिनियर, ई.ई.डिभिजन, कुशाहको एज्युकेटिभ ईन्जिनियर र ई.ई.डिभिजन, कुनौलीको एज्युकेटिभ ईन्जिनियर सम्मिलित टोलीले संयुक्त रुपमा जांच गर्ने तथा एउटा प्रतिवेदन वुझाउने सहमति भएको थियो । सोही टोलीलाई JCKGP को तेश्रो बैठकमा यस विषयमा समस्या समाधानको उपाय सम्बन्धमा सिफारिस गर्न तथा समितिको टोली नेताहरुलाई प्रतिवेदन वुझाउन जिम्मेवारी प्रदान गरिएको थियो ।

JCKGP को चौठो बूठकमा नेपाली पक्षले १५१६ विगाह तथा ४४०० विगाह जग्गाको संयुक्त रुपमा जांच भएको बतायो । यस अनुसार ४४०० विगाहको सम्बन्धमा गरिएको मागदावी ३९४८ विगाहमा घटेको थियो । नेपाली पक्षले विगतमा मागदावी गर्न नभ्याएको थप २२२६ विगाह जग्गाको क्षतिपूर्ति माग गऱ्यो । भारतीय पक्षले कुटनैटिक माध्ययमबाट भारत सरकारलाई त्यस्तो संयुक्त जांचको एक प्रति रेकर्ड उपलब्ध गराउन अनुरोध गऱ्यो । बांकी क्षतिपूर्ति दावी सम्बन्धमा भारतयि पक्षले योजना क्षेत्रको सीमाङ्कन, दावी गरेको जग्गा देखिने गाउंको नक्शा एवम् लालपुर्जा जस्ता कागजात सहितको विस्तृत प्रस्ताव उपलब्ध गराउन अनुरोध गऱ्यो ।

प्राप्त कागजातहरु अध्ययन गर्दा यसमा न उक्त रेकर्ड को प्रतिलिपिमा JCKGP को दोश्रो बैठकमा गठित संयुक्त टोलीबाट प्रमाणित भएको पाइयो न त टोली नेताबाट कारबाहीको लागि प्रतिवेदन संलग्न गरिएको पाइयो । उक्त कागजातमा JCKGP को चौथो बैठकमा सहमति भए अनुसार योजना क्षेत्रको सीमाङ्कन तथा दावी गरेको जग्गा देखिने गाउंको नक्शा पनि नरहेको भेटीयो । माथि उल्लेखित कागजातहरु एवम् संसोधित कोशि सम्झौताको सन्दर्भमा यस क्षतिपूर्तिको लागि योग्य भएको संक्षिप्त व्यहोरा पठाउन नेपाल सरकारलाई अनुरोध गरिन्छ ।

**(छ) JCKGP को सातौ बैठकको निर्णय**

JCKGP को सातौ बैठकमा नेपाली पक्षले लामो समय देखि अनिर्णित रहेको बाढीले डुवान तथा कटान भएको जग्गाको क्षतिपूर्ति सम्बन्धी निम्न विषयहरु भारतीय पक्ष समक्ष राखेको थियो ।

- सन १९६१( १९६४ सम्म कटान भएको जमिन १५१६ विगाहा ।
- सन १९६५-१९६८ सम्म कटान भइ एकिन भएको जमिन ३९४८ विगाहा ।
- सोही समयमा थप कटान भएको २२२६ विगाह संयुक्त भारत नेपालको अधिकृत टोलीले एकिन गरेको ।
- प्राप्त विवरण अनुसार कोशी नदिले थप कटान गरेको जमिन ४८०० विगाह ।
- कोशी नदीको कटानबाट प्रभावित ३७७० जनाको ४२०२७ विगाह जमिन कटान भएको विवरण कुमार पौडेलको समितिले पेश गरेको ।
- छैठौ बैठकमा क्षतिपुर्तिको विवरण कुटनैतिक माध्यमद्वारा पेश गर्ने भनिएको र संयुक्त टोलीद्वारा एकिन गरिएको कटान भएको जमिन ७६६३ विगाह ८ कट्ठा २ धुर जमिन मुल्यांँकीत क्षतिपूर्ति भारतीय रुपैया ५० करोड २९ लाख १० हजार ९ सय कुटनीतिक माध्यमबाट आवश्यक कारबाहीको लागी पठाइएको ।

**सो सम्बन्धमा भारतीय पक्षले निम्नानुसारको कुरा राखेको ।**

- सो सम्बन्धमा भारतीय पक्षले कोशी सम्झौतामा कोशी नदिले कटान गरेको क्षतिपूर्ति दिने व्यवस्था नरहेको र जग्गा अधिग्रहण तथा क्षतिपूर्ति इम्बैकमेन्ट, व्यारेज, र अफल्क्सवण्डको लागी दिइएको ।
- १४ औ कोशी समन्वय समितिको बैठकबाट क्षतिपूर्तिको समस्या समाधान भैसकेको ।
- क्षेत्र विक्रम राणाको समितिले सिफारिस गरे बमोजिम रु १,९५००० ⁄- कोशीको नदी दुई इङ्गबैकमेन्ट भित्र रहेको जमिनको क्षतिपूर्ति दिइएको ।
- कोशी सम्झौतामा क्षतिपूर्ति दिने व्यवस्था नभएपनि भारतीय पक्षले सो क्षतिपूर्ति दिएको ।

**सम्झौता र बैठकहरुमा निर्णय भएका विषयहरु**

- कोशी संशोति सम्झौताको दफा ८ मा जग्गा तथा सम्पतीको क्षतिपुर्ति र राजश्व बुझाउनु पर्ने सम्बन्धी व्यवस्था रहेको छ । सो सम्बन्धमा ८ (i b) मा डुवान हुने जमिनलाई ४ भागमा विभाजन गरी ८-ii मा क्षतिपुर्तिको एकिन र भुक्तानीको तरिका दुई पक्षिय सहमतिमा गरिने उल्लेख छ ।
- भारतीय पक्षले कोशी सम्झौतामा कोशी नदिले कटान गरेको क्षतिपूर्ति दिने व्यवस्था नरहेको र जग्गा अधिग्रहण तथा क्षतिपूर्ति इम्बैकमेन्ट, व्यारेज, र अफल्क्सवण्डको लागी दिइएको भन्ने सम्बन्धमा १४ औ कोशी समन्वय समितिको बैठकको निर्णयको आइटम नं.. ११- १ मा बाढीका कारण भएको क्षतिपुर्ति सम्बन्धमा पुन छानबिन गरी क्षति एकीन गर्ने भन्ने निर्णय भएको ।

**३. विद्यमान अवस्था**

कोशी नदीले कटान गरेको जग्गाको क्षतिपूर्ति माग गर्दै पिडितहरुबाट थुप्रै निवेदनहरु प्राप्त भई रहेको छ । हालै मात्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकार कक्षबाट कोशी पिडित समाज, सप्तरीको कोशी नदीले कटान गरेको जग्गाको क्षतिपूर्ति माग सम्बन्धी मिति २०६८।८।८ को निवेदन प्राप्त हुन आएको छ । यस सम्बन्धमा सिंचाइ मन्त्रालयको मिति २०६८।८।१६ च.नं. ४५ को पत्र साथ भूआर्जन कार्यालय, कोशी योजना, विराटनगरको एक फायल प्राप्त हुन आएको छ । उक्त फायल अध्ययन गर्दा निम्नानुसार रहेको पाइयो:

- सन् १९६१ देखि १९६४ सम्म कटान भएको १५१६ विगाह जग्गा, सन् १९६५ देखि १९६८ सम्म कटान भएको ३९४८ विगाह जग्गा तथा कोशी नदीले कटान गरेको थप २२२६ विगहा जग्गा दुई देशका सर्वेक्षण कर्मचारीबाट संयुक्त रुपमा बुझारत भएको
- उपरोक्त रेकर्ड **JCKGP** को दोश्रो बैठकमा गठित संयुक्त टोलीबाट प्रमाणित हुन अझै बाकी रहेको ।
- टोलीनेताहरुबाट आवश्यक कारबाहीका लागि यस सम्बन्धमा संयुक्त टोलीबाट एक प्रतिवेदन तयार पार्न बांकी नै रहेको ।
- **JCKGP** को चौथो बैठकमा सहमति भए अनुसार योजना क्षेत्रको सीमाङ्कन तथा दावी गरेको जग्गा देखिने गाउंको नक्शा तयार गर्ने कार्य बांकी नै रहेको ।
- संसोधित कोशि सम्झौताको सन्दर्भमा यस क्षतिपूर्ति योग्य भएको संक्षिप्त नोट तयार गर्ने कार्य बांकी नै रहेको ।

**४. निष्कर्ष**

- यसरी लामो समयसम्म पनि कोशी नदी कटानबाट भएको क्षतिको क्षतिपूर्ति हालसम्म पनि प्राप्त हुन सकेको छैन ।
- सन् १९६१ देखि हालसम्म क्षतिपूर्ति सम्बन्धमा विभिन्न स्तरमा छलफल भए पनि क्षतिपूर्ति उपलब्ध गराउने तर्फ प्रगति हुन नसकेको माथिको व्यहोरा बाट प्रष्ट देखिन्छ ।

- प्रत्येक वर्ष कोशी नदीबाट कटान, पटान र डुवान बाट हुने क्षति थपिदै जाने तर छलफल मात्र हुने क्षतिपूर्ति पिडीतलाई प्राप्त नभएकोले स्थानिय स्तरमा क्षतिपूर्तिको लागि संगठीत रुपमा पिडीतहरुको आवाज तथा विरोधहरु निरन्तर रुपमा आइ रहेको छ ।
- माथि उल्लेखित विषयवस्तुहरु **JCKGP** को आठौं वैठकमा सशक्त रुपमा राखिने छ ।
- नेपाल-भारत संयुक्त कोशी-गण्डक वैठकहरुमा नेपाली टोलीवाट हरेक वैठकमा यस विषयमा छलफलको लागि प्रस्ताव राखी छलफल गरीएता पनि समस्या समाधान हुन नसेकेको अवस्था रहेको छ । यस समस्यालाई दुई देशको कुटनैतिक तथा राजनैतिक तहबाट उच्च प्राथमिकताका साथ छलफल गरी समाधान गर्नु पर्ने देखिन्छ ।

**उपसमितिको निष्कर्ष**

माथि प्रस्तुत भनाईबाट उल्लिखित कोशी योजना क्षेत्रमा कोशी नदीले कटान गरेको जग्गाको विषय, तटबन्ध निर्माण र क्षति भएकोमा बाली मुआव्जा सम्बन्धी विषयमा लामो समयदेखि छलफल भैरहेको भए तापनि समस्याको समाधान हुन भने नसकेको अवस्था देखिन्छ ।

कोशी नदीको समस्या सम्बन्धमा हालसम्मको कार्यप्रगति अध्ययन गर्दा उल्लिखित समस्याहरु कर्मचारी र प्राविधिकतहबाट मात्र समाधान हुने अवस्था नदेखिएको र यो समस्या समाधानका लागि कूटनीतिक एवं राजनीतिक उच्च तहबाटनै प्रयास गर्न अपरिहार्य देखिएको निष्कर्ष सहित आवश्यक थप अध्ययनका लागि समितिमा सिफारिस गर्ने निष्कर्ष रहेको छ ।

साथै विगतमा व्यवस्थापिका-संसद प्राकृतिक स्रोत र साधन समितिको प्रतिवेदन, २०६६ (पहिलो भाग) मा पनि कोशी बाँधका सम्बन्धमा अध्ययन भएको र त्यस प्रतिवेदनको निष्कर्ष एवं सुझावमा पनि केही सिफारिसहरु भएकोले समितिले सो सम्बन्धमा समेत अध्ययन गर्न आवश्यक देखिन्छ ।

व्यवस्थापिका-संसद प्राकृतिक स्रोत र साधन समितिको प्रतिवेदन, २०६६ (पहिलो भाग) मा उल्लिखित
***समितिका निष्कर्ष एवं सुझावहरुः***

(१) संझौता भारतको केन्द्रीय सरकारसँग हुने, फिल्डको कार्यान्वयन बिहार राज्य सरकारबाट हुने हुनाले नेपाल तथा भारतबीच समन्वयको कमी रहेको पाइयो । बिहार राज्य सरकारको कार्यान्वयन क्षमता, गुणस्तर कायम गराउन सक्ने क्षमता तथा कार्य दक्षताका कारणले गर्दा पनि धेरै समस्या हुने गरेको देखियो । यसका लागि केन्द्रिय स्तरमै प्रभावकारी संयन्त्र निर्माण गर्नु आवश्यक भएकोले नेपाल सरकार र विहार सरकारका जलस्रोत मन्त्रीहरुबीच प्रत्यक्ष सम्पर्क रहने बन्दोबस्त हुनु पर्ने देखिन्छ । आकस्मिक बाढी नियन्त्रणको समयमा त यो झन अपरिहार्य रहेको छ ।

(२) योजनाको विस्तृत अध्ययन, सर्वेक्षण, डिजाइन, इस्टिमेट र निर्माण कार्य भारतीय पक्षबाट भएकोले योजनाको प्राविधिक कागजातहरु नेपाली पक्षसँग नहुने । बेलाबेलामा हुने गरेको मर्मत संभारको डिजाइन इष्टिमेट पनि भारतीय पक्षले नेपाली पक्षलाई नदिने गरेको हुँदा पारदर्शिता नभएर गुणस्तरमा समेत प्रश्न चिन्ह खडा भएको पाइयो । नेपाली पक्षले भारतीय पक्षसँग यस्ता प्राविधिक कागजातहरु उपलब्ध गराउन अनुरोध गर्दा पनि दिने गरेको रहेनछ । यसले गर्दा नेपाली पक्षलाई निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्यमा समेत कठिनाई हुने गरेको पाइयो । तसर्थ मर्मत संभारको डिजाइन, इष्टिमेट भारतीय पक्षले नेपाली पक्षलाई उपलब्ध गराउनु पर्ने प्रावधान हुनु पर्ने देखिन्छ ।

३. कोशी टप्पु वन्यजन्तु आरक्षको हालको घेरालाई बाँधबाट एक कि.मि. पश्चिम सार्ने र मजबुत घेरा वेरा गरी जंगली जनावर प्रवेश गर्न नदिने व्यवस्था मिलाउने भनी गरिएको गृह मन्त्रालयको मिति २०६५।१२।५ को प्रस्तावलाई अध्ययन गर्दा विश्व सम्पदा सूचीमा रहेको उक्त आरक्षमा विश्वकै दुर्लभ मानिएका अर्नाहरुको बासस्थान तथा बृद्धिमा संकट आउने र अन्य प्रजातीका जीव तथा वनस्पतिमा पनि

प्रत्यक्ष असर पुग्न जाने एवं सो क्षेत्र सीमसार क्षेत्र पनि भएकोले साइवेरिया लगायत विश्वका विभिन्न स्थानबाट मौसम अनुसार विभिन्न प्रजातीका चराहरु आउने र उक्त क्षेत्रमा बसोबास पनि गर्ने भएकोले उक्त आरक्षको हालको सिमाना नघटाउन गृह र वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने ।

४. यसपाली भइरहेको निर्माण कार्य पनि पूर्ण रुपमा सम्पन्न भएको पाइएन । ठेकेदारले काम सकियो भन्ने तर चपरी राख्नेदेखि लिएर दुईवटा स्परहरुको केही भागमा ग्यावियन-जाली ढुंगा राख्ने काम समेत अधुरो पाइएकोले परियोज कार्य सम्पन्न गरेर मात्र कार्यसम्पन्नताको प्रतिवेदन तयार गर्नु पर्ने र नेपाली पक्षले पनि यसमा सहमति जनाएको हुनु पर्ने ।

५. कोशी संझौता लगायत नेपाल सरकारले गरेका द्विपक्षीय वा वहुपक्षीय सन्धि-संझौता कार्यान्वयनको अनुगमन गर्ने निकाय, विधि तथा संयन्त्र (Mechanism) क्रियाशिल हुन सकेमा सन्धि-संझौताको कार्यान्वयन प्रभावकारी हुन जाने भएकोले सोही बमोजिमको व्यवस्था हुनु पर्ने देखिन्छ ।

६. नेपालको सम्पर्क कार्यालय (Liason Office) लाई अबिलम्ब प्रभवकारी बनाउन आबश्यक भएकोले सम्पर्क अधिकृत लगायत अन्य कर्मचारीहरुको राजनीतिक नियुक्ति पद्धति खारेज गरी स्थायी प्रकृतिको कार्यालय र संगठन स्थापना गर्न उचित हुने देखिन्छ ।

७. कोशी व्यारेजदेखि चतरा नहरको मुहानको बाँध (Intake)सम्म भारतीय पक्षबाट सात मिटर चौडा कालोपत्रे पक्की सडक बनाउने प्रस्ताव आएको बुझियो । कोशी बाँधको निरीक्षण तथा मर्मत संभारका लागि उक्त स्थानमा निरन्तर गैरहनु पर्ने, अध्ययन एवं अवलोकनका काम जारी राख्नु पर्ने र मर्मत संभारका लागि आवश्यक सामानहरु लैजानु पर्ने भएकोले व्यारेजको पूर्व तर्फको सडकलाई पक्की बनाई कालोपत्रे गर्नु पर्ने देखिन्छ ।

८. चतरा नहरको मुहानको बाँधभन्दा करिव तीन कि.मि. माथि सडक पूल निर्माण गर्ने कार्यको सर्भे/डिजाइन हुदैछ भन्ने कुरा बुझियो । सो ठाउँमा पूल बनाउनुभन्दा चतरा नहरको मुहानको बाँध (Intake) भन्दा मुनि (Down stream) सडक पूल समेत हुने गरी व्यारेज (Barrage) बनाउँदा चतरा नहर र सप्तरी जिल्ला तर्फ पनि सिँचाइको लागि विशेष व्यवस्था गर्न सकिने देखिन्छ ।

९. UNESCO ले अति खतराको सूचीमा राखेका क्षेत्रहरु खासगरी प्रकाशपुर, राजाबास र पुल्ठेगौडाको क्षेत्रलाई अवलोकन गर्दा ती क्षेत्र ज्यादै खतरायुक्त देखिएकोले ती क्षेत्रबाट थप कटान हुन सक्ने सम्भावनालाई न्यूनीकरण गर्न जल उत्पन्न प्रकोप नियन्त्रण विभागलाई चाहिने यथेष्ट बजेटको व्यवस्था मिलाई शीघ्रातिशीघ्र कटान नियन्त्रणको काम गर्नु पर्ने देखिन्छ ।

१०. कोशी बाँधको सम्पूर्ण संरचना निरीक्षण गर्दा ज्यादै जीर्ण अवस्थामा रहेको पाइएकोले सोको नयाँ योजना सहित पुनर्निर्माण हुनु पर्ने देखिन्छ ।

## परिच्छेद-तीन
## निष्कर्ष र सुझाव

- संसदीय समितिले सरकार र सम्बन्धित निकायलाई दिएका निर्देशनहरू प्रभावकारी कार्यान्वयन गर्न र सरकारको जवाफदेहिताको वृद्धिका लागि समितिले दिएका निर्देशनहरू बाध्यकारी रुपमा सरकारले पालना गर्नु पर्ने अवस्थाको सुनिश्चितताको व्यवस्था हुनु पर्ने र निर्देशनको पालना नगर्ने निकायलाई सदनबाट कारबाही स्वरुप सचेत गराउने व्यवस्था गरिनु पर्ने ।
- विभिन्न निकायसँग सम्बन्धित रहेका विषय र ती निकायहरू छुट्टाछुट्टै समिति अन्तर्गत पर्ने हुँदा केही विषयमा कहिलेकाहीं समितिहरूको संयुक्त बैठक बस्ने प्रचलन त देखिन्छ । तर सबै विषयमा समन्वय

भएको पाइँदैन । अतः त्यस्ता साझा विषयमा साझा धारणा बनाउन र सरकारलाई जवाफदेही बनाउन समय समयमा सम्माननीय सभामुखको नेतृत्वमा समिति वा सभापतिहरुको संयुक्त बैठक बस्नु पर्ने ।

- समितिको कार्यक्षेत्र, काम कारबाही र प्राथमिकताका सन्दर्भमा देखिएका विवादहरुलाई समेत समाधान गर्न सम्माननीय सभामुखले वर्षको कम्तिमा २ पटक समितिका सभापतिहरूको संयुक्त बैठक बसाल्ने व्यवस्था गर्नु पर्ने ।
- समितिले वार्षिक कार्यतालिका निर्माण गर्ने, आवधिक रुपमा नियमित समीक्षा, निर्देशन कार्यान्वयन भए नभएको नियमन र अनुगमन संयन्त्र निर्माण हुनु पर्ने ।
- समिति सदस्यहरुको नियमित उपस्थिति र सक्रिय सहभागिताको सुनिश्चितता तथा मुल्याङ्कन हुने व्यवस्था हुनु पर्ने ।
- निर्णय, निर्देशन, सुझाव, कार्यान्वयन गर्न सम्बन्धित निकायमा उपयुक्त जनशक्ति, समयानुकूल कानून र स्रोत साधनको पर्याप्त व्यवस्था गर्नु पर्ने ।
- सचिवालयले बैठक अघि नै माननीय सदस्यहरूलाई आवश्यक सामग्री उपलब्ध गराउने र माननीय सदस्यहरुले पनि प्राप्त सामग्री अध्ययन गरी बैठकमा सहभागी हुने परिपाटी बसाल्नु पर्ने ।
- संसद सदस्य र कर्मचारीलाई अन्तर्राष्ट्रिय अनुभवको आदान-प्रदान र अध्ययन अवलोकन भ्रमणको साथै समय-समयमा सम्बन्धित क्षेत्रका विज्ञद्धारा अभिमुखीकरण गरिनु पर्ने ।
- समय समयमा संसदीय दल, संसद सचिवालय, सम्बन्धित मन्त्रालय, संसद सदस्यहरुलाई संसद र संसदीय समितिको कार्यक्षेत्र, प्रक्रियाका बारेमा अन्तरक्रिया, अभिमुखीकरण गर्नु पर्ने ।
- समितिबाट दिइएका निर्देशन कार्यान्वयन गर्न माग अनुसार बजेट उपलब्ध नगराएको भन्ने कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयबाट जानकारी गराउने गरिएको पाइएकोले सम्बन्धित मन्त्रीहरु, अर्थ मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई आमन्त्रण गरी समितिमा छलफल गर्नु पर्ने ।
- बजेट व्यवस्थालाई प्रभावकारी, जनमुखी र जनताको हित अनुकूल बनाउन संसदमा बजेट पेश हुनुभन्दा अगाडी सम्बन्धित समितिहरुमा गहन रुपमा प्रस्तावित बजेटमा अनिवार्य छलफल गर्ने परिपाटी बसाल्नु पर्ने ।
- समितिमा प्राप्त निवेदन उजुरी र निर्देशन कार्यान्वयनको जवाफ सम्बन्धमा छलफल गर्न त्यसको गाम्भिर्यता, आकस्मीकता हेरी आवश्यकता अनुसार तत्काल र कम्तिमा महिनाको एक पटक समिति र यस उपसमितिको बैठक बस्नै पर्ने व्यवस्था गर्नु पर्ने ।

# अनुसूचीहरु

# अनुसूची-१
## निविदनपत्र छानबिन तथा निर्णय कार्यान्वयन अध्ययन उपसमितिको निर्णयहरु

**बैठक संख्या : १**

**मिति : २०७२।०३।१८ गते (शुक्रबार)**
**समय : बिहान ०८:०० बजे**

यस उप समितिको बैठकमा हालसम्म प्राप्त निवेदनहरुको अध्ययन छानबिन र समितिका निर्णयहरुको सम्बन्धमा छलफल भयो । तत्पश्चात देहाय बमोजिम गर्ने निर्णय गरियो :-

**निर्णय** :–

१. समितिमा प्राप्त निवेदन तथा उजुरीहरु समितिबाट बढीमा १ महिनाभित्र फछ्र्यौट गरिने ।

२ समितिमा माननीय डिल्लीप्रसाद काफ्लेले मिति २०७२।२।२६ मा दिनु भएको निवेदनमा उल्लेख भए अनुसार आर्थिक वर्ष २०७१/०७२ भित्र जुम्ला जिल्लाको हिमाखोला र वाविलो खोलामा ५ मेगावाटको विद्युत योजनाको सम्भाव्यता अध्ययन गरेर योजनालाई अगाडि वढाई दिने भन्ने कुरा बजेट भाषणमा र ऊर्जा मन्त्रालयको बार्षिक कार्यक्रममा समावेश भएको भएतापनि हालसम्म कार्यान्वयन नभएकोमा चिन्ताव्यक्त गर्दै अविलम्व कार्यान्वयन गर्न ऊर्जा मन्त्रालयलाई लेखी पठाउने।

३. राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका अध्यक्ष र राष्ट्रिय कृषक समूह महासंघ, नेपालका अध्यक्षलेसंविधानको मस्यौदामा समावेश गर्न पेश गरेको सुझाव सम्बन्धी निवेदन संविधान मस्यौदा समितिमा लेखी पठाउने ।

४. नेपाल पोल्ट्री महासंघको तर्फबाट मिति २०७१।१२।२२ गते च.नं ३३ को पत्र कर छूट सम्बन्धी विषय भएकोले आवश्यक कार्यार्थ अर्थ मन्त्रालयमा पठाउने ।

५. समितिको कार्यक्षेत्रसँग सम्बन्धीत मन्त्रालयहरुसँग सम्बन्धीत निवेदन तथा उजुरीहरु छुट्याई सो सम्बन्धमा मन्त्री र सचिवलाई बोलाई आगामी बैठकहरुमा छलफल गर्ने ।

६. समितिका हालसम्मका निर्णयहरु अध्ययन गरी अर्को बैठकमा छलफल गर्ने ।

तदनन्तर, उप समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो ।

**बैठक संख्या : २**

**मिति : २०७२।०४।१२ गते (मंगलबार)**
**समय : बिहान ०८:०० बजे**

कृषि तथा जलस्रोत समितिमा प्राप्त भएका निवेदनहरुमाथि उपसमितिको बैठकमा छानबिन गर्दा देहाय बमोजिम गर्ने निर्णय भयो :-

**निर्णय** :–

१ भूमिअधिकार मञ्चको जिल्ला सदस्य श्री अलिजानमिया मंसरीले जग्गा उपलब्ध गराई दिन लेखेको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पठाउने ।

२.स्वाभिमानी एकता समाज नेपाल (मातृभूमी) पार्टीको च.नं ३७५ मिति २०७१।१२।०९ को निवेदनउपसमितिको बैठकमा प्रस्तुत हुँदा निवेदनमा उल्लेख भएको विषयसँग सम्बन्धीत समिति व्यवस्थापिका–संसदकोअन्तरराष्ट्रिय सम्बन्ध तथा श्रम समिति रवातावरण संरक्षण समितिमा लेखी पठाउने ।

३. मिति २०७२।०३।१६ गते संविधान सभा सदस्य श्री हितराज पाण्डेले लेखेको निवेदन समितिको बैठकमा प्रस्तुत हुँदा निवेदनमा उल्लेख भएको विषय सिँचाइ मन्त्रालयसँग सम्बन्धीत देखिएकोले उल्लिखित विषयमा हालसम्म के कति प्रगति भएको छ सो सम्बन्धी सम्पूर्ण विवरण ५ दिन भित्र र मिति २०७२।२।२५ गते कोशी नदी नियन्त्रण बाली मुआव्जा सम्बन्धमा के भएको हो सोको विवरण ७ दिनभित्र उपलब्ध गराउन मन्त्रालयलाई लेखी पठाउने ।

४. मा. श्री राम अवतार पासमानले बाढी पहिरोको प्रतिवेदनका सम्बन्धमा दिनु भएको निवेदन उपर निवेदन पुरानो भएकोले केही गर्न नपर्ने ।

५. १८० मेगाबाट को जलाशययुक्त आँधिखोला जल विद्युत आयोजनाका सम्बन्धमा यस समितिमा केही निवेदनहरु प्राप्त भएका र ती निवेदनमा केही गम्भीर प्रश्नहरु उठाइएकोले सो सम्बन्धमा आगामी बैठकमा छलफल गर्न माननीय ऊर्जा मन्त्री र ऊर्जा मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने ।

तदनन्तर, उप समितिको अर्को बैठक २०७२।४।१३ गते बिहान ८:०० बजे बस्ने गरी स्थगित भयो ।

**बैठक संख्या : ३**

**मिति : २०७२।०४।१३ गते (बुधबार)**
**समय : बिहान ०८:०० बजे**

कृषि तथा जलस्रोत समितिमा प्राप्त भएका निवेदनहरु माथि उपसमितिको बैठकमा छानबिन एवं छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय भयो :

**निर्णय** :

१. तपशिलमा उल्लेखित निवेदनहरुउपसमितिको बैठकमा प्रस्तुत भै छलफल हुँदा उक्त निवेदनहरुसंलग्न गरी सम्बन्धित मन्त्रालय ऊर्जा मन्त्रालयमा पठाउने र निवेदनमा उठाइएका

विषयवस्तुका सम्बन्धमा भएको यथार्थ विवरण खुलाई ७ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाउने ।

(क) १८० मेगावाटको जलाशययुक्त आँधीखोला जलविद्युत आयोजना ।
(ख) सुनकोशी दोश्रो र तेश्रो जलाशययुक्त आयोजना।
(ग) ईन्द्रावती जल विद्युत आयोजना । (निवेदनसंलग्न नरहेको)
(घ) नौसेनी हाईड्रो पावर ।
(ङ) माथिल्लो बुढि गण्डकी जल विद्युत आयोजना ।
(च) हिरारत्न जलविद्युत आयोजना ।

२. ईनर्जी डेभलोपमेन्ट काउन्सिलको जल विद्युत्मा लगानी निरुत्साहित गरेको वातावरणीय सेवा शुल्क खारेज विषयको मिति २०७१।०८।२४निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय वन तथा भू संरक्षण मन्त्रालयमा पठाउने र निवेदनमा उठाइएका विषयवस्तुका सम्बन्धमा यथार्थ विवरण खुलाई ७ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाउने ।

३. मिति २०७१।०७।२८ गते तनहुँ हाईड्रोपावर लिमिटेडले छानबिन गरी पुनः प्रक्रिया अगाडी बढाई पाउं भन्ने विषयको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन समितिमा छलफल भई टुंगो लागि सकेकोले केही गर्नु नपर्ने ।

४. मिति २०७१।०७।१८ गते ३६ मेगावाट क्षमताको करुवा जल विद्युत आयोजनाको अख्तियारद्वारा अनुमति पत्र खारेजी गर्न दिइएको निर्देशनमा पुनर्विचार गरी आयोजना निर्माण गर्न सहयोग गरी पाउं भन्ने विषयको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन समितिमा छलफल भई टुंगो लागि सकेकोले केही गर्नु नपर्ने।

५. मिति २०७१।१०।१९ गते भोटेकोशी पावर कम्पनीले प्रसारणलाईन पुनर्स्थापनाको विषयको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन समितिमा छलफल भई टुंगो लागि सकेकोले केही गर्नु नपर्ने ।

६. रासायनिक मलका निजीक्षेत्रलाई अनुदान दिने विषय र प्राङ्गारिक मल विषयको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय कृषि विकास मन्त्रालयमा पठाउने र निवेदनमा उठाइएका विषयवस्तुका सम्बन्धमा यथार्थ विवरण खुलाई ५ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाउने ।

तदनन्तर, समितिको अर्को बैठक २०७२।४।१४ गते बिहान ८:०० बजे बस्ने गरी स्थगित भयो ।

**बैठक संख्या : ४**

**मिति : २०७२।०४।१४ गते (विहीबार)**
**समय : बिहान ०८:०० बजे**

कृषि तथा जलस्रोत समितिमा प्राप्त भएका निवेदनहरु माथि उपसमितिको बैठकमा छानबिन एवं छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय भयो :-

**<u>निर्णय</u>** :

१. मिति २०७१।०८।०७ गते नेपाल डेरी एसोसिएसनले चितवन मिल्क प्रा.लि.लाई नेपाल दुग्ध व्यवसायी बोर्ड र दुग्ध विकास संस्थानलाई आर्थिक चलखेल गरी बिक्री गर्न खोजेको भन्ने

विषयको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय कृषि विकास मन्त्रालयमा पठाउने र निवेदनमा उठाइएका विषयवस्तुका सम्बन्धमा यथार्थ विवरण खुलाई ५ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाउने ।

२. मिति २०७१।०८।१९ गते संस्थानका कर्मचारीहरुले दुग्ध विकास संस्थानका निमित्त महाप्रवन्धक गंगाप्रसाद तिमिसिनाले पाउडर, मख्खन र वटर आयल खरिदमा व्यापक भ्रष्टाचार गरेको भन्ने विषयको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय कृषि विकास मन्त्रालयमा पठाउने र निवेदनमा उठाइएका विषयवस्तुका सम्बन्धमा यथार्थ विवरण खुलाई ५ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाउने ।

३. मिति २०७१।१२।१७ गते केशव प्रसाईले आवश्यक निर्देशन गरी पाउं भन्ने विषयको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय कृषि विकास मन्त्रालयमा पठाउने र निवेदनमा उठाइएका विषयवस्तुका सम्बन्धमा यथार्थ विवरण खुलाई ५ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाउने ।

४. मिति २०७२।०४।१२ गते भ्रष्टाचारीबाट पिडित व्यापारि र परियोजनाका कर्मचारीले भ्रष्टाचारमा छानबीन गरी कारबाही विषयको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय कृषि विकास मन्त्रालयमा पठाउनेर निवेदनमा उठाइएका विषयवस्तुका सम्बन्धमा यथार्थ विवरण खुलाई ५ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाउने ।

५. मिति २०७२।०४।०६ गते व्यवसायिक दुग्ध उत्पादक कृषक समाजको माग पत्रको सम्बन्धमा उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय कृषि विकास मन्त्रालयमा पठाउने र निवेदनमा उठाइएका विषयवस्तुका सम्बन्धमा यथार्थ विवरण खुलाई ५ दिनभित्र उपलब्ध गराइदिन अनुरोध गरी लेखी पठाउने ।

६. मिति २०७२।०४।१२ गते रामकृष्ण बुढथापाले कर्णाली अञ्चलको जुम्लामा मौरी विकास तथा स्रोत केन्द्र स्थापनामा आवश्यक सहयोगको सम्बन्धमा दिनु भएको निवेदन उपसमितिको बैठकमा प्रस्तुत हुँदा उक्त निवेदन सम्बन्धित मन्त्रालय कृषि विकास मन्त्रालयमा पठाउने र सो सम्बन्धमा के गर्न सकिन्छ मन्त्रालयको धारणा माग गर्न लेखी पठाउने ।

तदनन्तर, उप समितिको अर्को बैठक २०७२।४।१८ गते सोमवार बिहान ८:०० बजे बस्ने गरी स्थगित भयो ।

**बैठक संख्या : ५**

**मिति : २०७२।०४।१८ गते (सोमबार)**
**समय : बिहान ०८:०० बजे**

कृषि तथा जलस्रोत समितिमा प्राप्त भएका निवेदनहरु माथि उपसमितिको बैठकमा छानबिन एवं छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय भयो :-

**निर्णय** :

आजको बैठकमा दरौंदी पालुङ्टार सिँचाइ आयोजना र कोशी योजना क्षेत्रमा कोशी नदीले कटान गरेको जग्गाको विषय, तटबन्ध निर्माण र क्षति भएकोमा बाली मुआव्जा सम्बन्धी विषयमा समितिका परेका निवेदनहरुका सम्बन्धमा सिँचाइ मन्त्रालयका सचिव र सिँचाइ विभागका महानिर्देशक समेतको उपस्थितिमा छलफल भयो ।

तत्पश्चात् उपसमितिमा देहाय अनुसार निर्णय भयो : -

१. दरौंदी पालुङ्गटार सिँचाइ आयोजनाद्वारा गरिने नदी नियन्त्रण कार्य र जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयकातर्फबाट गरिने नदी नियन्त्रणको काम कसले कुन ठाउंमा गरेको भन्ने नछुट्टिएको कारण दोहोरो भुक्तानीको आशंका रहने भएकोले दोहोरो नहुने गरी स्पष्ट रुपमा कसले कहां काम गरेको हो देखिने गरी कार्यसम्पन्न गर्ने व्यवस्था मिलाउन सिँचाइ मन्त्रालयलाई निर्देशन दिने ।

२ दरौंदी पालुङ्गटार सिँचाइ आयोजनाको मूल नहरको लम्बाई ४८ कि.मी. हुने प्रारम्भिक अध्ययन अनुसार करिव एक अर्ब रुपैयाँ लाग्ने र मुहान भएको ठाउँमा ६ मे.वा.को विद्युत आयोजना निर्माणाधीन अवस्थामा रहेको कारणबाट उक्त आयोजनाप्राविधिक र आर्थिक रुपमा सवल नभएको भनी चेपे नदीको पानी र अन्य स्थानीय श्रोतको पानी उपयोग गर्दा मूल नहरको लम्बाई ४ कि.मि. मात्र हुने र यसको सम्भाव्यता अध्ययन पनि भैसकेको र प्रारम्भिक लागत (०७१।७२) पनि ६७ करोड लाग्ने र सम्पन्न गर्न ४ वर्ष लाग्ने भनिए अनुसार यस आयोजनाले समेट्न सक्ने सम्पूर्ण क्षेत्र समेटी तोकिएको समयभित्रै आयोजना सम्पन्न गर्ने गरी काम अघि बढाउन सिँचाइ मन्त्रालयलाई निर्देशन दिने ।

३. कोशी योजना क्षेत्रमा कोशी नदीले कटान गरेको जग्गाको विषय, तटबन्ध निर्माण र क्षति भएकोमा बाली मुआव्जा सम्बन्धी विषयमा छलफल हुँदा सिँचाइ मन्त्रालय र सिँचाइ विभागका तर्फबाट देहाय बमोजिम भएको भनी जानकारी गराइयो :

## १. जग्गाको क्षतिपूर्ति सम्बन्धमा JCKGP को विभिन्न बैठकले लिएको निर्णयहरु

कोश योजना क्षेत्रमा कोशी नदीले काटेको जग्गाको क्षतिपूर्ति वारे JCKGP को विभिन्न बैठकले लिएको निर्णय निम्नानुसार रहेको छ:

### क) JCKGP को पहिलो बैठकको निर्णय

यस संयुक्त समितिले सन् १९६१ देखि १९६४ बीच कोशी नदीले काटेको कुल १५१६ विगाह जमिन सम्बन्धमा छलफल गऱ्यो । जग्गाको क्षतिपूर्तिको लागि उक्त क्षत्रको संयुक्त रुपमा जांच गरियो तर क्षतिपूर्तिको दररेट सम्बन्धमा निर्णय हुन बांकी रहेको छ । त्यस्तै गरी सन् १९६५ देखि १९६८ उक्त नदीले काटेको अर्को ४४०० विगाह जग्गाको सम्बन्धमा अझै संयुक्त जांच गर्ने कार्य बांकी रहेको छ । यस सम्बन्धमा आवश्यक कार्यवाहीको लागि भारतीय पक्षबाट आवश्यक विवरण प्रदान गर्न अनुरोध गऱ्यो ।

### ख) JCKGP को दोश्रो बैठकको निर्णय

सन् १९६१ देखि १९६४ बीच कोशी नदीले काटेको कुल १५१६ विगाह जमिनको क्षतिपूर्ति भुक्तानी सम्बन्धमा छलफल भयो । नेपाली पक्षबाट क्षतिपूर्ति दररेट निर्धारण हुनु पर्ने भई उक्त भुक्तानी रोकिएको सम्बन्धमा सूचित गरियो । नेपाली पक्षले श्री ५ को सरकारको नर्म्स अनुसार क्षतिपूर्ति दररेट निर्धारण भएपछि पठाइने प्रतिबद्धता व्यक्त गऱ्यो ।

त्यस्तै गरी सन् १९६५ देखि १९६८ मा उक्त नदीले काटेको अर्को ४४०० विगाहा जग्गाको विषयमा पनि छलफल भयो । छलफलको क्रममा क्षेत्रफल (४४०० विगाह) सम्बन्धमा अझै जाँच गर्न बाँकी रहेको सूचित गरियो । ४० वर्ष पुरानी कुरा भएकोले फिल्डमा चेकजांच गराउन गाह्रो हुन सक्ने तथ्यलाइ मनन् गर्दै नेपाल र भारतको कार्यालयहरुमा उपलब्ध रेकर्डहरुको आधारमा उक्त क्षेत्रको निरीक्षण गर्ने निर्णय गरियो ।

यस सँग सम्बन्धित कागजातहरु (नेपाल र भारतका सम्बन्धित कार्यालयहरुमा भएका) जम्मा गर्ने र सम्बन्धित अधिकारीहरुबाट संयुक्त रुपमा जांच गर्ने सहमति भयो । यसका लागि नेपाली भूआर्जन अधिकृत, भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयको प्रतिनिधि र पूर्वाञ्चल सिँचाइ विकास डिभिजन नं. २, सुनसरीको डिभिजन प्रमुख तथा भारतीय अधिकृतहरु (हेडवर्क्स डिभिजन, वीरपुरको एज्युकेटिभ ईन्जिनियर, इ.इ.डिभिजन, कुशाहको एज्युकेटिभ ईन्जिनियर र इ.इ.डिभिजन, कुनौलीको एज्युकेटिभ ईन्जिनियर) लाई उनीहरुको कार्यालयमा भएको कागजातहरु खोज्ने र ततपश्चात संयुक्त रुपमा जांच गर्ने जिम्मेवारी दिइएको छ साथै तीनीहरुले यस समितिको अर्को वैठक भन्दा अगाडि एउटा प्रतिवेदन वुझाउनु पर्ने छ ।

## ग) JCKGP को तेश्रो बैठकको निर्णय

कोशी योजनामा सन् १९६१ देखि १९६४ कटान भएको १५१६ विगहा जग्गाको क्षतिपूर्ति दररेट हालै निर्धारण भएको र उक्त दररेट तथा क्षतिपूर्ति रकम वारे एउटा पत्र बिहार सरकारको काठमाण्डौं अवस्थित सम्पर्क कार्यालयमा पठाइएको कुरा नेपाली पक्षले राख्यो । उक्त क्षतिपूर्ति रकम यथासक्य चांडो उपलब्ध गराउन भारतीय पक्षलाई अनुरोध गरियो । भारतीय पक्षले यस सम्बन्धी विस्तृत विवरण तथा क्षतिपूर्ति दररेट निर्धारणको आधारको लागि अनुरोध गऱ्यो, नेपाली पक्ष उक्त विवरण उपलब्ध गराउन सहमत भयो । कोशी योजनामा सन् १९६५ देखि १९६८ मा कटान भएको ४४०० विगाह जग्गाको वुझारत गर्ने कार्य अझै बांकी रहेको कुरा नेपाली पक्षले राख्यो । समितिले दोश्रो वैठकले निर्णय गरे अनुसारको दुई देशका सम्बन्धित पदाधिकारीहरु भेटेर यस विषयलाई समाधान गर्ने उपाय सिफारिस गर्ने र यथासक्य छिटो समितिका टोली नेतालाई जानकारी गराउने निर्णय गऱ्यो ।

## घ) JCKGP को चौथो बैठकको निर्णय

नेपाली पक्षले पहिले नै संयुक्त रुपमा वुझारत भई सकेको र रु. २७२०० प्रति विगाहको दरले तत्काल क्षतिपूर्ति दिनु पर्ने कोशी योजनामा सन् १९६१ देखि १९६४ कटान भएको १५१६ विगहा जग्गाको विषय उठायो । नेपाली पक्षले कोशी योजनामा सन् १९६५ देखि १९६८ मा कटान भएको ४४०० विगाह जग्गाको वुझारत गर्ने कार्य सम्पन्न भएको र ३९४८ विगाह भएको पनि जानकारी गरायो । तिनीहरुले विगतमा छुट भएको अर्को २२२६ विगाह जग्गाको थप क्षतिपूर्ति दावी गऱ्यो ।

भारतीय पक्षले प्रारम्भको लागि संयुक्त रुपमा वुझारत भई सकेको क्षतिपूर्ति दावीलाई तदारुकता साथ लिइने विषयमा आश्वस्त गऱ्यो । कुटनैटिक माध्ययमबाट भारत सरकारलाई त्यस्तो संयुक्त वुझारतको एकप्रति रेकर्ड उपलब्ध गराउन सकिने छ ।

बांकी क्षतिपूर्ति दावी सम्बन्धमा भारतयि पक्षले नेपाली पक्षलाई नेपाल सरकारको सम्बन्धित भूआर्जन अधिकृतलाई योजना क्षेत्रको सीमाङ्कन, दावी गरेको जग्गा देखिने गाउंको नक्शा एवम् लालपुर्जा जस्ता कागजात सहितको विस्तृत प्रस्ताव तयार गर्न निर्देशन दिन अनुरोध गऱ्यो । पूर्ण जानकारी प्राप्त भए पछि भारतीय पक्षले दावीको जांच गर्ने छ ।

## ङ) JCKGP को पांचौं बैठकको निर्णय

नेपाली पक्षले आफूहरुले कुटनैटिक माध्यमबाट विगतमा वाढीले कटान गरेको जग्गाको क्षतिपूर्ति सीत सम्बन्धित केही कागजातहरु पेश गरेको बतायो । भारतीय पक्षले ती कागजातहरु चेकजांच गरी नेपाल सरकारलाई एउटा पत्र पठाएको बतायो । भारतीय पक्षले उक्त पत्रको जवाफ छिटो पठाउन सकिने अनुरोध गऱ्यो ।

नेपाली पक्षले क्षतिपूर्तिको थप दावीहरु प्राप्त भएको जानकारी गरायो ।

यस विषयको सम्पूण दावी सम्बन्धमा भारत सरकारले आफ्नो Kat/Com/६०/२००९, ६ अक्टुवर २००९ को पत्रबाट अनुरोध भए बमोजिम सम्बन्धित सूचनाहरु प्राप्त भए पछि सम्पूर्ण दावीहरुको एकमुष्ठ रुपमा चेकजांच गर्न दुवै पक्ष मन्जुर भयो ।

**च) JCKGP को छौंथो बैठकको निर्णय**

JCKGP को पांचौं बैठकमा भारतीय दुतावास, काठमाण्डौंको Kat/Com/६०/२००९, ६ अक्टुवर २००९ को पत्रबाट अनुरोध भए बमोजिम सम्बन्धित सूचनाहरु प्राप्त भए पछि यस विषयमा कारबाही गर्न सहमत भएको थियो ।

नेपाली पक्षले यस सम्वन्धि विवरण कम्पाईल भैरहेको र कुटनैटिक माध्यमबाट थप कारबाहीको लागि यी विवरण पेश गरिने जानकारी गऱ्यो ।

**२. भारतीय दुतावास, काठमाण्डौंको Kat/Com/६०/२००९, ६ अक्टुवर २००९ को पत्रको व्यहोरा**

नेपाली पक्षले JCKGP को तेश्रो र चौथो बैठकमा दिएको अभिव्यक्तिबाट क्षतिपूर्ति माग गरिएको जग्गा कोशी योजना क्षेत्र भित्र पर्दछ भन्ने देखिन्छ ।

मिति ६-७ डिसेम्वर २००४ मा सम्पन्न JCKGP को दोश्रो बैठकमा नेपाल तर्फबाट नेपाली भूआर्जन अधिकृत, भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयको प्रतिनिधि र पूर्वाञ्चल सिँचाइ विकास डिभिजन नं. २, सुनसरीको डिभिजन प्रमुख तथा भारतीय तर्फबाट हेडवर्क्स डिभिजन, वीरपुरको एज्युकेटिभ ईन्जिनियर, ई.ई.डिभिजन, कुशाहको एज्युकेटिभ ईन्जिनियर र ई.ई.डिभिजन, कुनौलीको एज्युकेटिभ ईन्जिनियर सम्मिलित टोलीले संयुक्त रुपमा जांच गर्ने तथा एउटा प्रतिवेदन वुझाउने सहमति भएको थियो । सोही टोलीलाई JCKGP को तेश्रो बैठकमा यस विषयमा समस्या समाधानको उपाय सम्बन्धमा सिफारिस गर्न तथा समितिको टोली नेताहरुलाई प्रतिवेदन वुझाउन जिम्मेवारी प्रदान गरिएको थियो ।

JCKGP को चौठो बूठकमा नेपाली पक्षले १५१६ विगाह तथा ४४०० विगाह जग्गाको संयुक्त रुपमा जांच भएको बतायो । यस अनुसार ४४०० विगाहको सम्बन्धमा गरिएको मागदावी ३९४८ विगाहमा घटेको थियो । नेपाली पक्षले विगतमा मागदावी गर्न नभ्याएको थप २२२६ विगाह जग्गाको क्षतिपूर्ति माग गऱ्यो ।भारतीय पक्षले कुटनैटिक माध्ययमबाट भारत सरकारलाई त्यस्तो संयुक्त जांचको एक प्रति रेकर्ड उपलब्ध गराउन अनुरोध गऱ्यो । बांकी क्षतिपूर्ति दावी सम्बन्धमा भारतयि पक्षले योजना क्षेत्रको सीमाङ्कन, दावी गरेको जग्गा देखिने गाउंको नक्शा एवम् लालपुर्जा जस्ता कागजात सहितको विस्तृत प्रस्ताव उपलब्ध गराउन अनुरोध गऱ्यो ।

प्राप्त कागजातहरु अध्ययन गर्दा यसमा न उक्त रेकर्ड को प्रतिलिपिमा JCKGP को दोश्रो बैठकमा गठित संयुक्त टोलीबाट प्रमाणित भएको पाइयो न त टोली नेताबाट कारबाहीको लागि प्रतिवेदन संलग्न गरिएको पाइयो । उक्त कागजातमा JCKGP को चौथो बैठकमा सहमति भए अनुसार योजना क्षेत्रको सीमाङ्कन तथा दावी गरेको जग्गा देखिने गाउंको नक्शा पनि नरहेको भेटीयो । माथि उल्लेखित कागजातहरु एवम् संसोधित कोशि सम्झौताको सन्दर्भमा यस क्षतिपूर्तिको लागि योग्य भएको संक्षिप्त व्यहोरा पठाउन नेपाल सरकारलाई अनुरोध गरिन्छ ।

**(छ) JCKGP को सातौ बैठकको निर्णय**

JCKGP को सातौ बैठकमा नेपाली पक्षले लामो समय देखि अनिर्णित रहेको बाढीले डुवान तथा कटान भएको जग्गाको क्षतिपूर्ति सम्बन्धी निम्न विषयहरु भारतीय पक्ष समक्ष राखेको थियो ।

- सन् १९६१( १९६४ सम्म कटान भएको जमिन १५१६ विगाहा ।
- सन् १९६५-१९६८ सम्म कटान भइ एकिन भएको जमिन ३९४८ विगाहा ।
- सोही समयमा थप कटान भएको २२२६ विगाह संयुक्त भारत नेपालको अधिकृत टोलीले एकिन गरेको ।
- प्राप्त विवरण अनुसारकोशी नदिले थप कटान गरेको जमिन ४८०० विगाह ।
- कोशी नदीको कटानबाट प्रभावित ३७७० जनाको ४२०२७ विगाह जमिन कटान भएको विवरण कुमार पौडेलको समितिले पेश गरेको ।
- छैठौं बैठकमा क्षतिपूर्तिको विवरण कुटनैतिक माध्यमद्वारा पेश गर्ने भनिएको र संयुक्त टोलीद्वारा एकिन गरिएको कटान भएको जमिन ७६६३ विगाह ८ कट्ठा २ धुर जमिन मुल्याँकीत क्षतिपूर्ति भारतीय रुपैया ५० करोड २९ लाख १० हजार ९ सय कुटनीतिक माध्यमबाट आवश्यक कारबाहीको लागी पठाइएको ।

**सो सम्बन्धमा भारतीय पक्षले निम्नानुसारको कुरा राखेको ।**

- सो सम्बन्धमा भारतीय पक्षले कोशी सम्झौतामा कोशी नदिले कटान गरेको क्षतिपूर्ति दिने व्यवस्था नरहेको र जग्गा अधिग्रहण तथा क्षतिपूर्ति इम्बैकमेन्ट, व्यारेज, र अफल्क्सवण्डको लागी दिइएको ।
- १४ औ कोशी समन्वय समितिको बैठकबाट क्षतिपूर्तिको समस्या समाधान भैसकेको ।
- क्षेत्र विक्रम राणाको समितिले सिफारिस गरे बमोजिम रु १,९५०००/- कोशीको नदी दुई इङ्गबैकमेन्टभित्र रहेको जमिनको क्षतिपूर्ति दिइएको ।
- कोशी सम्झौतामा क्षतिपूर्ति दिने व्यवस्था नभएपनि भारतीय पक्षले सो क्षतिपूर्ति दिएको ।

**सम्झौता र वैठकहरुमा निर्णय भएका विषयहरु**

- कोशी संशोति सम्झौताको दफा ८ मा जग्गा तथा सम्पतीको क्षतिपुर्ति र राजश्व बुझाउनु पर्ने सम्बन्धी व्यवस्था रहेको छ । सो सम्बन्धमा ८ (i b) मा डुवान हुने जमिनलाई ४ भागमा विभाजन गरी ८-ii मा क्षतिपुर्तिको एकिन र भुक्तानीको तरिका दुई पक्षिय सहमतिमा गरिने उल्लेख छ ।
- भारतीय पक्षले कोशी सम्झौतामा कोशी नदिले कटान गरेको क्षतिपूर्ति दिने व्यवस्था नरहेको र जग्गा अधिग्रहण तथा क्षतिपूर्ति इम्बैकमेण्ट, व्यारेज, र अफल्क्सवण्डको लागी दिइएको भन्ने सम्बन्धमा १४ औ कोशी समन्वय समितिको बैठकको निर्णयको आइटम नं.. ११- १मा बाढीका कारण भएको क्षतिपुर्ति सम्बन्धमा पुन छानबिन गरी क्षति एकीन गर्ने भन्ने निर्णय भएको ।

**३. विद्यमान अवस्था**

कोशी नदीले कटान गरेको जग्गाको क्षतिपूर्ति माग गर्दै पिडितहरुबाट थुप्रै निवेदनहरु प्राप्त भई रहेको छ । हालै मात्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकार कक्षबाट कोशी पिडित समाज, सप्तरीको कोशी नदीले कटान गरेको जग्गाको क्षतिपूर्ति माग सम्बन्धी मिति २०६८।८।८ को निवेदन प्राप्त हुन आएको छ । यस सम्बन्धमा सिंचाइ मन्त्रालयको मिति २०६८।८।१६ च.नं. ४५ को पत्र साथ भूआर्जन कार्यालय, कोशी योजना, विराटनगरको एक फायल प्राप्त हुन आएको छ । उक्त फायल अध्ययन गर्दा निम्नानुसार रहेको पाइयो:

- सन् १९६१ देखि १९६४ सम्म कटान भएको १५१६ विगाह जग्गा, सन् १९६५ देखि १९६८ सम्म कटान भएको ३९४८ विगाह जग्गा तथा कोशी नदीले कटान गरेको थप २२२६ विगहा जग्गा दुई देशका सर्वेक्षण कर्मचारीबाट संयुक्त रुपमा वुझारत भएको
- उपरोक्त रेकर्ड JCKGP को दोश्रो बैठकमा गठित संयुक्त टोलीबाट प्रमाणित हुन अझै बाकी रहेको ।

- टोलीनेताहरुबाट आवश्यक कारबाहीका लागि यस सम्बन्धमा संयुक्त टोलीबाट एक प्रतिवेदन तयार पार्न बांकी नै रहेको ।
- JCKGP को चौथो बैठकमा सहमति भए अनुसार योजना क्षेत्रको सीमाङ्कन तथा दावी गरेको जग्गा देखिने गाउंको नक्शा तयार गर्ने कार्य बांकी नै रहेको ।
- संसोधित कोशि सम्झौताको सन्दर्भमा यस क्षतिपूर्ति योग्य भएको संक्षिप्त नोट तयार गर्ने कार्य बांकी नै रहेको ।

## ४ निष्कर्ष

- यसरी लामो समयसम्म पनि कोशी नदी कटानबाट भएको क्षतिको क्षतिपूर्ति हालसम्म पनि प्राप्त हुन सकेको छैन ।
- सन् १९६१ देखि हालसम्म क्षतिपूर्ति सम्बन्धमा विभिन्न स्तरमा छलफल भए पनि क्षतिपूर्ति उपलब्ध गराउने तर्फ प्रगति हुन नसकेको माथिको व्यहोरा बाट प्रष्ट देखिन्छ ।
- प्रत्येक वर्ष कोशी नदीबाट कटान, पटान र डुवान बाट हुने क्षति थपिदै जाने तर छलफल मात्र हुने क्षतिपूर्ति पिडीतलाई प्राप्त नभएकोले स्थानिय स्तरमा क्षतिपूर्तिको लागि संगठीत रुपमा पिडीतहरुको आवाज तथा विरोधहरु निरन्तर रुपमा आइ रहेको छ ।
- माथि उल्लेखित विषयवस्तुहरु JCKGP को आठौं वैठकमा सशक्त रुपमा राखिने छ ।
- नेपाल-भारत संयुक्त कोशी-गण्डक वैठकहरुमा नेपाली टोलीवाट हरेक वैठकमा यस विषयमा छलफलको लागि प्रस्ताव राखी छलफल गरीएता पनि समस्या समाधान हुन नसेकेको अवस्था रहेको छ । यस समस्यालाई दुई देशको कुटनैतिक तथा राजनैतिक तहबाट उच्च प्राथमिकताका साथ छलफल गरी समाधान गर्नु पर्ने देखिन्छ ।

### उपसमितिको निष्कर्ष

माथि प्रस्तुत भनाईबाट उल्लिखितकोशी योजना क्षेत्रमा कोशी नदीले कटान गरेको जग्गाको विषय, तटबन्ध निर्माण र क्षति भएकोमा बाली मुआव्जा सम्बन्धी विषयमा लामो समयदेखि छलफल भैरहेको भए तापनि समस्याको समाधान हुन भने नसकेको अवस्था देखिन्छ ।

कोशी नदीको समस्या सम्बन्धमा हालसम्मको कार्यप्रगति अध्ययन गर्दा उल्लिखित समस्याहरुकर्मचारी र प्राविधिकतहबाट मात्र समाधान हुने अवस्था नदेखिएको र यो समस्या समाधानका लागि कूटनीतिक एवं राजनीतिक उच्च तहबाटनै प्रयास गर्न अपरिहार्य देखिएको निष्कर्ष सहित आवश्यक थप अध्ययनका लागि कृषि तथा जलस्रोत समितिमा सिफारिस गर्ने निष्कर्ष रहेको छ ।

साथै विगतमा व्यवस्थापिका-संसद प्राकृतिक स्रोत र साधन समितिको प्रतिवेदन, २०६६ ( पहिलो भाग) मा पनि कोशी बाँधका सम्बन्धमा अध्ययन भएको र त्यस प्रतिवेदनको निष्कर्ष एवं सुझावमा पनि केही सिफारिसहरु भएकोले समितिले सो सम्बन्धमा समेत अध्ययन गर्न आवश्यक देखिन्छ ।

**बैठक संख्या : ६**

**मिति : २०७२।०४।२० गते (बुधबार)**
**समय : बिहान ०८:०० बजे**

कृषि तथा जलस्रोत समितिमा प्राप्त भएका निवेदनहरु माथि उपसमितिको बैठकमा छलफल गर्दा ऊर्जा मन्त्रालयसँग सम्बन्धीत १८० मेघावाटको जलाशययुक्त आँधिखोला जलविद्युत आयोजना, सुनकोशी जलाशययुक्त आयोजना दोश्रो र तेश्रो, ईन्द्रावती जल विद्युत आयोजना, नौसेनी हाईड्रो पावर, माथिल्लो वुढि गण्डकी जलविद्युत आयोजना र हिरारत्न जलविद्युत आयोजनाका सम्बन्धमा समितिका परेका निवेदनहरुका सम्बन्धमा ऊर्जा मन्त्रालयका सचिव, विद्युत विकास विभागका महानिर्देशक र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक समेतको उपस्थितिमा सामान्य छलफलभयो ।

तत्पश्चात् कृषि तथा जलस्रोत समितिले ऊर्जा मन्त्रालय, सिँचाइ मन्त्रालय, कृषि विकास मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय,प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकलाई हाल सम्म दिइएका निर्देशनहरुको अद्यावधिक कार्यान्वयन प्रगति विवरण यस उप समितिमा ७ दिन भित्र उपलब्ध गराउन मन्त्रालयमा पत्राचार गर्ने ।

तदनन्तर, समितिको अर्को बैठक २०७२।४।२२ गते शुक्रवार बिहान ८:०० बजे बस्ने गरी स्थगित भयो ।

**बैठक संख्या : ७**

**मिति : २०७२।०४।२२ गते (शुक्रवार)**
**समय : बिहान ०८:०० बजे**

कृषि तथा जलस्रोत समितिमा प्राप्त भएका निवेदनहरु माथि उपसमितिको बैठकमा छलफल गर्दा कृषि विकास मन्त्रालयसँग सम्बन्धीत नेपाल डेरी एसोसिएसनले चितवन मिल्क प्रा.लि.लाई नेपाल दुग्ध व्यवसायी बोर्ड को आर्थिक चलखेल र दुग्ध विकास संस्थान,दुग्ध विकास संस्थानका निमित्त महाप्रवन्धक गंगाप्रसाद तिमिसिनामाथिको उजुरी, व्यवसायिक दुग्ध उत्पादक कृषक समाजको माग पत्र, कर्णाली अंचलको जुम्लामा मौरि विकास तथा श्रोत केन्द्र स्थापनामा आवश्यक सहयोगको सम्बन्धमा समितिका परेका निवेदनहरुका सम्बन्धमा कृषि विकास मन्त्रालयका निमित्त सचिव, सह सचिव, व्यावसायिक कृषि तथा व्यापार आयोजनाका आयोजना निर्देशक, दुग्ध विकास संस्थानका महाप्रवन्धक र राष्ट्रिय दुग्ध विकास वोर्डका कार्यकारी निर्देशक समेतको उपस्थितिमा छलफल भई देहाय बमोजिम गर्ने निर्णय भयो :-

**निर्णय** :–

समितिमा प्राप्त विभिन्न निवेदनमाथि छलफल गर्ने क्रममा नेपाल डेरी एसोसिएसनले चितवन मिल्क प्रा.लि.लाई नेपाल दुग्ध व्यवसायी बोर्ड को आर्थिक चलखेल र दुग्ध विकास संस्थान, दुग्ध विकास संस्थानका निमित्त महाप्रवन्धक गंगाप्रसाद तिमिसिनामाथिको उजुरी, व्यवसायिक दुग्ध उत्पादक कृषक समाजको माग पत्र, कर्णाली अंचलको जुम्लामा मौरि विकास तथा श्रोत केन्द्र स्थापनामा आवश्यक सहयोगको सम्बन्धमा समितिका परेका निवेदनहरुका सम्बन्धमा छलफल भयो।

तपश्चात् कृषि विकास मन्त्रालय, आन्तरिक व्यवस्थापन शाखाको (अत्यन्त जरुरी) प.सं आ.व्य ०७२ च.नं ५१ मिति २०७२।४।२० को पत्रद्वारा समितिबाट माग भएको काजगपत्र उपलब्ध गराउन

तोकिएको समय कम हुने देखिएकोले थप १० दिन थप समय उपलब्ध गराउन अनुरोध गरेको र उपसमितिको बैठकमा निमित्त सचिव सहितले अनुरोध गरेकोले  माग बमोजिम १० दिन समय उपलब्ध गराउने र अर्को बैठकमा छलफल गर्ने ।

**बैठक संख्या : ८**

**मिति : २०७२।०५।०३ गते (बिहीबार)**
**समय : बिहान ०८:०० बजे**

कृषि तथा जलस्रोत समितिबाट आफ्नो कार्यक्षेत्रसँग सम्बन्धीत मन्त्रालय तथा अन्य निकायहरुलाई दिएका निर्देशन तथा सुझावहरुको कार्यान्वयन अवस्थाको सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयवाटप्राप्त विवरणका विषयमा छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**निर्णय** :–

| समितिको निर्णय मिति | समितिको निर्णय तथा निर्देशन | उपसमितिको सुझाव तथा सिफारिस | कार्यान्वयन गर्ने सम्बन्धित निकाय |
|---|---|---|---|
| २०७२।०२।२९ | विनाशकारी भूकम्पले वढि प्रभावित १८ वटा जिल्लाहरूमा नेपाल सरकारले पुनर्निर्माणका लागि सोच वनाईरहेको सन्दर्भमा पुनर्निर्माण कार्य गर्नु अगाडि सम्बन्धित जिल्लाहरूको विद्यमानLand Capability Map (भू-क्षमता सम्बन्धी नक्सा) र Geological Map (भौगर्भिक नक्सा) को आधारमा कुन कुन जिल्लाको कुन कुन स्थानमा वसोवास लगायतका भू-उपयोगका कार्य गर्न उपयुक्त छ, खानी तथा भूगर्भ विभागसँग समन्वय गरी भुमिसुधार तथा व्यवस्था मन्त्रालयले प्राविधिक अध्ययन गरी प्रतिवेदन पेश गर्ने । यसरी अध्ययन गर्दा वसोवासका लागि उपयुक्त देखिएका ठाँउमा स्थलगत अध्ययन र Field Verification गरी उक्त स्थानहरूको आवश्यक पर्ने स्केलमा नाप नक्सा गर्ने । उपरोक्त बमोजिमको नाप-नक्साका आधारमा पुनर्निर्माणको कार्य अगाडि बढाउन र त्यसका लागि आवश्यक जनशक्ति र साधन स्रोतको व्यवस्था गर्न नेपाल सरकारलाई ध्यानाकर्षण गराउने । | भूकम्प प्रभावित १८ जिल्लाहरुमा सुरक्षित वस्ती विकासका लागि जोखिमयुक्त क्षेत्रको समेत पहिचान गरी भू-उपयोग नक्सा तयार गर्ने कार्य सम्पन्न गर्न बजेट अपुग हुने उल्लेख भएकोले यो विषय अति गम्भीर देखिएकोले अति प्रभावित जिल्ला हेरेर प्राप्त बजेटको आधारमा क्रमशः काम शुरु गर्न निर्देशन दिन र थप बजेट उपलब्ध गराउन समितिले पहल गर्न सिफारिस गर्ने । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| २०७१।०५।१९ | • यस वर्षको वर्षादमा विभिन्न क्षेत्रमा आएको भारी वर्षाको कारण वाढी पहिरोले विद्युत गृह, प्रसारण लाइन, सिंचाइका नहर र कुलोहरु तथा कृषि क्षेत्रमा पुऱ्याएको क्षतिको सम्बन्धमा छलफल हुँदा क्षति भएका संरचनाको पुनर्निर्माण र व्यवस्थाको प्रत्येक १५/१५ दिनमा प्रगति विवरण उपलब्ध गराईदिन ऊर्जा मन्त्रालय, सिँचाइ मन्त्रालय र कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>• मुलुकमा विद्यमान विनियोजित बजेटबाट प्राकृतिक प्रकोपले उत्पन्न क्षतिलाई पुनर्स्थापना गर्न नसक्ने कुरालाई ध्यानमा राख्दै यस कार्यमा मित्र राष्ट्रहरुले सहयोग गर्न देखाएको चाहना र सदासयताको समेत पृष्ठभूमिमा कृषि, सिंचाइ, वन मन्त्रालय र | शत प्रतिशत खर्च भएको भन्ने जवाफ प्राप्त भएकोले खर्च बजेट मात्र हो की आयोजना नै सम्पन्न भएको हो, समन्वय गरेर एकीकृत पूनर्स्थापना आयोजना प्रस्ताव ल्याउन कति पहल भयो समस्या भए के समस्या भयो, मन्त्रालयलाई बोलाएर छलफल गर्ने । | सिँचाइ मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | अन्तर्गत विभागहरुले एकीकृत पुनर्स्थापना आयोजना प्रस्ताव तयार गरी आर्थिक स्रोतको लागि पेश गर्न उपुर्यक्त मन्त्रालय सहित अर्थ मन्त्रालयलाई समेत निर्देशन दिने । | | |
| २०७२।०२।२९ | भूकम्प पश्चात् वढ्दो पहिरो र वाढीको जोखिमलाई मध्येनजर गरी समयमा नै सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक पूर्व तयारी गर्न सिँचाइ मन्त्रालयलाई निर्देशन दिने । | सम्बन्धित मन्त्री अर्थ मन्त्री, रा.यो.आ.का उपाध्याक्ष राखेर बजेट नदिएको आरोप सम्बन्धमा छलफल गर्ने चार वटै मन्त्रालयलाई राखेर । | सिँचाइ मन्त्रालय |
| २०७१।१२।०३ | पश्चिम सेती जलविद्युत आयोजनाको MOU गर्ने क्रममा तत्कालिन अवस्थामा कानूनी र प्रक्रियागत त्रुटि देखिएको र त्यसलाई PDA गर्दा सच्याउनुपर्छ भनेर यस अघि तत्कालिन प्राकृतिक स्रोत साधन समितिले निकालेको निष्कर्षलाई समेत मध्यनजर गर्दै, पहिलो पटक MOU भएको समयदेखि आजसम्मआईपुग्दा नेपालको उर्जा क्षेत्रमाविगतमा अरुण तेस्रो र माथिल्लो कर्णालीआयोजनाहरू निर्माणका सम्बन्धमा गरिएका PDA, PTA लगायत थुप्रै संरचनागत परिवर्तनहरू समेत भईसकेको विषयलाई समेत ध्यान दिँदै, पश्चिम सेतीआयोजनातत्कालनिर्माण गर्नुपर्ने राष्ट्रिय आवश्यकता र सुदुरपश्चिमवासीको उत्कट आकांक्षालाई समेत मध्यनजर गर्दै पश्चिम सेतीजलविद्युतआयोजनानिर्माण गर्ने कुरामाअवकुनै विलम्बगर्नु हुदैन भन्ने कुरामा समिति प्रष्ट छ ।<br><br>यस आयोजना अगाडि वढाउने विषयमा विद्यमान कानूनी व्यवस्था अनुसार लगानीकर्तासँग अधिकार प्राप्त निकायबाट थपवार्ता वा संझौता जे जस्तो गर्नु पर्छ गरी परियोजनाको कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि वढाउने भनी विगतमा प्राकृतिक स्रोत साधन समितिले दिएको निर्देशन र यस समितिले मिति २०७१।०७।०२ गते पश्चिम सेती परियोजनालाई अगाडि वढाउनको निमित्त उर्जा मन्त्रालय र लगानी बोर्डले सयुंक्त रुपमाकार्यक्रम कार्यान्वयनकोलागिनिष्कर्ष सहितअविलम्ब समितिमा पेश गर्न दिएको निर्देशनलाई समेत ध्यान दिई परिवर्तित सन्दर्भमा नेपालको अधिकतमहित सुनिश्चितहुने गरी लगानीबोर्डले मन्त्रालय र सम्बन्धित सवै निकायसँग संवाद र समन्वय गरी निकासको प्रष्ट सुझाव सहित १ महिनाभित्र सोको प्रगति यस समितिमा पेश गर्न लगानी बोर्डलाई निर्देशन दिने । | लगानीवोर्ड, ऊर्जा मन्त्रालय र नेपालविद्युतप्राधिकरणलाई आमन्त्रण गरी पुनः समितिमा छलफल गर्न सिफारिस गर्ने । | लगानीबोर्ड |

तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो ।

**बैठक संख्या : ९**

**मिति : २०७२।०५।०४ गते (शुक्रबार)**
**समय : बिहान ०८:०० बजे**

कृषि तथा जलस्रोत समितिबाट आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालय तथा अन्य निकायहरुलाई दिएका निर्देशन तथा सुझावहरुको कार्यान्वयन अवस्थाको सम्बन्धमा कृषि विकास मन्त्रालयबाट प्राप्त विवरणका विषयमा छलफल गरी निम्नानुसार निर्णय गरियो :-

**निर्णय** :–

| निर्णय मिति | समितिको निर्णय तथा निर्देशन | उपसमितिको सुझाव तथा सिफारिस | कार्यान्वयन गर्ने सम्बन्धित निकाय |
|---|---|---|---|
| २०७१/०३/१५ | कृषकहरुले उत्पादन गरेका कृषि उत्पादनमा किसानले न्यून मूल्य पाउनेबीचको नाफा खाने विचौलियाहरुले बढी नाफा कमाउने गर्दा त्यही सामान उपभोक्ताहरुले बजारमा चर्को मूल्य तिर्नु पर्ने अवस्था रहेको पाइएकोले किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि सरल मूल्यमा कृषि उत्पादनको उपभोग गर्न पाउने व्यवस्था मिलाउन र बीचमा बढी नाफा कमाई किसान र उपभोक्तालाई मारमा पार्ने प्रक्रियालाई नियन्त्रण गर्न प्रस्तावित रुपमा रहेको कृषि बजार विधेयक यथाशीघ्र व्यवस्थापिका–संसदमा पेश गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने । | कृषि बजार व्यवस्थापन विधेयक व्यवस्थापिका–संसदमा पेश गर्न पुनः ताकेता गर्ने । | कृषि विकास मन्त्रालय |
| २०७१/०५/१९ | • यस वर्षको वर्षादमा विभिन्न क्षेत्रमा आएको भारी वर्षाको कारण वाढी पहिरोले विद्युत गृह, प्रसारण लाइन, सिंचाइका नहर र कुलोहरु तथा कृषि क्षेत्रमा पुऱ्याएको क्षतिको सम्बन्धमा छलफल हुँदा क्षति भएका संरचनाको पुनर्निर्माण र व्यवस्थाको प्रत्येक १५/१५ दिनमा प्रगति विवरण उपलब्ध गराईदिन ऊर्जा मन्त्रालय, सिँचाइ मन्त्रालय र कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br><br>• मुलुकमा विद्यमान विनियोजित बजेटबाट प्राकृतिक प्रकोपले उत्पन्न क्षतिलाई पुनर्स्थापना गर्न नसक्ने कुरालाई ध्यानमा राख्दै यस कार्यमा मित्र राष्ट्रहरुले सहयोग गर्न देखाएको चाहना र सदासयताको समेत पृष्ठभूमिमा कृषि, सिंचाइ, वन मन्त्रालय र अन्तर्गत विभागहरुले एकीकृत पुनर्स्थापना आयोजना प्रस्ताव तयार गरी आर्थिक स्रोतको लागि पेश गर्न उपुर्यक्त मन्त्रालय सहित अर्थ मन्त्रालयलाई समेत निर्देशन दिने । | • क्षतिको विवरण मात्र प्राप्त भएकोले संरचनाको पुर्ननिर्माणको व्यवस्थाको सम्बन्धमा भएको प्रगति नखुलेको ।<br><br>• उल्लिखित निकायहरुको एकीकृत पुनः स्थापना आयोजना सम्बन्धमा राष्ट्रिय योजना आयोगसमेतलाई वोलाई छलफल गर्नु पर्ने । | कृषि विकास मन्त्रालय |

| | | | |
|---|---|---|---|
| २०७१/०७/१६ | ● कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यको समन्वय तथा अनुगमन गर्न गठित समन्वय तथा अनुगमन समितिको त्रैमासिक छलफलको निर्णय /प्रतिवेदन यस समितिमा उपलब्ध गराउन निर्देशन दिने ।<br><br>● कृषि विकास मन्त्रालयबाट प्रदान गरिने अनुदानको सैद्धान्तिक आधार उल्लेख गर्दै गत आ.व.मा उपलब्ध गराइएको अनुदानको समीक्षा र कार्यविधि यस समितिमा उपलब्ध गराउन निर्देशन दिने ।<br><br>● कृषि विकास मन्त्रालयबाट चालु आ.व. मा प्रदान गरिने अनुदान कार्यक्रमको जानकारी मन्त्रालयको वेव साइट मार्फत सवै क्षेत्रमा जानकारी गराउन निर्देशन दिने ।<br><br>● प्रत्येक जिल्लाका कृषि विकास मन्त्रालय अन्तर्गतका कार्यालय मार्फत सञ्चालन हुने अनुदान कार्यक्रमको वारेमा सांसद र स्थानीय निकायको प्रतिनिधि सहितको उपस्थितिमा समीक्षा गरी एक महिनाभित्र जानकारी गराउन निर्देशन दिने । | यो कार्यक्रम सफल हुँदा रोजगारी सृजना लगायत राष्ट्रलाई ठूलो योगदान हुन सक्ने हुँदा समस्या र प्रगति उल्लेख गर्दै समितिमा छलफल गर्न सिफारिस गर्ने ।<br><br>कृषि विकास मन्त्रालयबाट सञ्चालित कार्यक्रमको सन्दर्भमा कयौं महत्वपूर्ण कार्यक्रम पनि देखिएको, कतिपय कार्यक्रम परम्परागत हिसाबले आएका र उपलब्धि पनि खासै नदेखिएकाले,-<br><br>क. कुन कार्यक्रम हटाउने र कुनलाई प्रबर्द्धन गर्ने भन्ने सम्बन्धमा थप छलफल आवश्यक देखिएको ।<br><br>ख. बजेट पर्याप्त उपलब्ध गराइएको स्थानको छनौट गरी अनुगमन गर्नु पर्ने ।<br><br>ग. कृषि विकास मन्त्रालयको कार्यक्रममा साना सिँचाइ कार्यक्रम पनि देखिएकोले एउटै ढोकाबाट कार्यक्रम सञ्चालन गर्न उपयुक्त देखिएको ।<br><br>उपरोक्त व्यहोरा उल्लेख गरी समितिमा सिफारिस गर्ने । | कृषि विकास मन्त्रालय |
| २०७१/११/२० | **कृषि तथा जलसोत समिति र उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको संयुक्त बैठक**<br><br>● कृषकलाई उखुको मूल्य भुक्तानी समयमा नभई समस्या आईरहेको सम्बन्धमा सो को सुनिश्चितताका लागि प्रत्येक जिल्लामा जिल्लास्तरीय अनुगमन समिति गठन गरी उखुको मुल्य भुक्तानीका लागि तालिका बनाई समयमै भुक्तानी गर्न लगाउन कृषि विकास मन्त्रालयले आवश्यक व्यवस्था मिलाई चैत्र मसान्तभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने ।<br><br>● उखुको न्यूनतम समर्थन मूल्य तोक्ने विषयलाई | उखुको मूल्य निर्धारण सम्बन्धी विषय समितिमा पटक पटक उठेको कृषि तथा जलसोत समिति र उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको संयुक्त बैठकबाट निर्देशन पनि दिइएको तर कार्यान्वयन प्रभावकारी नभएकोले यो विषय जटिल समस्या रहेको हुँदा वृहत छलफलको लागि समितिमा सिफारिस गर्ने । | कृषि विकास मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | आगामी आर्थिक वर्षदेखि कृषि विकास मन्त्रालय र उद्योग मन्त्रालयले समन्वय गरी समयमै सम्बोधन गर्न र दीर्घकालीन रुपमा यसको समाधानका लागि समेत बिद्यमान संयन्त्रलाई प्रभावकारी बनाउन आवश्यक प्रकृया तत्काल अगाडि वढाउन कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br><br>● उत्पादनमा गुणात्मक वृद्धि गर्दै स्थिरता ल्याउन र चिनीको आयातलाई प्रतिस्थापन गर्ने उद्देश्यकासाथ छिमेकी भारतमा कृषक तथा चिनी उद्योगीहरूलाई दिइएका सुविधालाई समेत अध्ययन गरी नेपालमा कृषकलाई मल, बीउ अनुसन्धान लगायतमा प्रदान गर्न सकिने सेवा सुविधामा आवश्यक अध्ययन गरी लागत घटाउने अवस्था सृजना गर्न तथा चिनी उद्योगको कार्य क्षमता वढाउने गरी दीर्घकालीन समाधान खोज्न उद्योग मन्त्रालय, बाणिज्य तथा आपुर्ती मन्त्रालय, अर्थ मन्त्रालय लगायत अन्य सरोकारवाला निकायसँग समेत समन्वय गर्दै आवश्यक अध्ययन गरी १ महिनाभित्र प्रतिवेदन पेश गर्न र सो अनुरुप आगामी आ.व.को बजेट तथा कार्यक्रममा समावेश गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने . | | |

तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो ।

**बैठक संख्या : १०**

**मिति : २०७२।०६।१९ गते (मंगलबार)**
**समय : बिहान ०८:०० बजे**

कृषि तथा जलस्रोत समितिबाट आफ्नो कार्यक्षेत्रसँग सम्बन्धीत मन्त्रालय तथा अन्य निकायहरुलाई दिएका निर्देशन तथा सुझावहरुको कार्यान्वयन अवस्थाको सम्बन्धमा ऊर्जा मन्त्रालयबाट प्राप्त विवरणका विषयमा छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**निर्णय** :–

| निर्णय मिति | समितिको निर्णय तथा निर्देशन | उपसमितिको सुझाव तथा सिफारिस | कार्यान्वयन गर्ने सम्बन्धित निकाय |
|---|---|---|---|
| २०७१/११/११ | ● अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न मितिमा कावेली ए लगायत बिभिन्न १४ वटा जलबिद्युत आयोजनाको अनुमतिपत्र खारेजी गर्नेतर्फ कारबाही गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिएको भनिएको सम्बन्धमा यस समितिले सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत बिभिन्न सरोकारवाला निकायसँग | यसलाई सम्बोधन गर्न कार्यविधि बनाउनु पर्ने भएकोले माननीय मन्त्रीज्यूको समुपस्थितिमा मिति २०७२/०४/२७ मा पहिलो बैठक बसी प्रारम्भिक छलफल भयो भन्ने जवाफ प्राप्त भएकोले | ऊर्जा मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | छलफल गरेपश्चात मिति २०७१ पौष १ गते वसेको समितिको वैठकले उक्त आयोजनाहरूका सम्बन्धमा मन्त्रालयले अध्ययन, अनुसन्धान, विश्लेषण र अनुगमन तथा मूल्याङ्कन गरी प्रचलित ऐन, नियम अनुसार कुन आयोजना कानून सम्मत तथा प्रक्रियागत रुपमा सञ्चालन हुने अवस्थामा छन र कुन छैनन निक्यौल निकाल्न र आवश्यक कारबाही गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिएको विदित नै छ।यस पृष्ठभूमिमा एकातर्फ आफूले पाएको अधिकारलाई प्रयोग गर्दै उर्जा मन्त्रालयको सचिवस्तरीय निर्णयवाट१३ वटै आयोजनाको अनुमतिपत्र खारेज गर्ने निर्णय गर्नु र अर्कोतर्फ मन्त्रीस्तरबाट सम्बन्धित प्रवर्दधकलाई नै अनुमतिपत्र जारी गर्ने प्रस्ताव मन्त्रिपरिषदमा पेश गरिएको विषयमा समितिको गम्भिर ध्यानाकर्षण भएको छ. यसले एकातर्फ हाम्रो कर्मचारीतन्त्रमा प्रचलित ऐन नियमले दिएको अधिकारको प्रयोग गरेर सही र गलत छुट्टाई कानूनसम्मत निर्णय गर्ने भन्दा निर्णय नगरी पन्छिने स्थायी प्रवृत्ति वन्न गएको देखिन्छ भनेअर्कोतर्फ यस्तो कमजोरीलाई सच्याउन प्रोत्साहित गरी प्रचलित ऐन नियम अनुसार अख्तियारप्राप्त निकायलाई निर्णय गर्न लगाउनुभन्दा प्रत्येक विषयलाई मन्त्रिपरिषदमा लगेर निर्णय गराउने स्थायी प्रवृत्ति वन्दै गएको समितिले महसूस गरेको छ ।यस्तो प्रवृतिले जलविद्युत क्षेत्रमा त प्रभाव पार्छ नै हाम्रो शासकीय प्रणालीमा समेत गलत नजीर स्थापित गर्छ । अतः यस्तो प्रवृतिलाई दुरुत्साहन गर्न तत्काल कदम चाल्न यो वैठक  नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको ध्यानाकर्षण गराउँछ।<br>● देशको उर्जाको माग पूरा गर्दै उर्जासुरक्षा, पर्याप्तता र दीगोपनको सुनिश्चित गर्न तयार गरिएको राष्ट्रिय उर्जा रणनीति (२०७१ माननीय उर्जा मन्त्रीबाट मिति २०७१।६।१० मा नै स्वीकृत भइ मन्त्रीपरिषदमा पेश हुने क्रममा रहेको र एकीकृत जलस्रोत नीति, २०७१ माननीय उर्जा मन्त्रीबाट मिति २०७१।५।२९ मा नै स्वीकृत भई मन्त्रिपरिषदमा प्रस्ताव पेश हुने क्रममा रहेको जानकारी यस समितिको वैठकमा जल तथा उर्जा शक्ति आयोगको तर्फबाट दिइएकोमा सो कार्यमा किन ढिलाई भएको हो ? अविलम्ब आवश्यक संसोधन गर्नु पर्ने भए गरी प्रक्रिया अगाडि वढाउन उर्जा मन्त्रालयलाई निर्देशन दिदैं सोको लागि आवश्यक पहलकदमी लिन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई ध्यानाकर्षण गराउछ । | कार्यविधि निर्माणमा के कति प्रगति भएको छ । यथाशिघ्र जानकारी पठाउन निर्देशन दिने ।<br><br>राष्ट्रिय ऊर्जा रणनीति र एकीकृत जलस्रोत नीति, २०७१अगाडि बढाउने क्रममा के कति प्रगति भयो सो सम्बन्धी जानकारी माग गर्ने । | |
| २०७१/०४/११ | विद्युतको क्षेत्रमा देखिएका समस्याहरूको सम्वोधन हुनेगरी ऊर्जा विकाससँग सम्बन्धित विद्युत विधेयक र | विद्युत क्षेत्रको विकासका यी विधेयकहरु लागी अपरिवार्य | ऊर्जा मन्त्रालय |

| | | | |
|---|---|---|---|
| २०७१/०५/०३<br>२०७१/०७/१८ | विद्युत नियमन आयोग सम्बन्धी विधेयक व्यवस्थापिका संसदमा दर्ता गराउन पटक पटक निर्देशन दिइएको । | भएको हुँदा यथाशिघ्र परिमार्जन गरी संसदमा पेश गर्नु पर्ने । | |
| २०७१।०५।१९ | यस वर्षको वर्षादमा विभिन्न क्षेत्रमा आएको भारी वर्षाको कारण वाढी पहिरोले विद्युत गृह, प्रसारण लाइन, सिंचाइका नहर र कुलोहरु तथा कृषि क्षेत्रमा पुऱ्याएको क्षतिको सम्बन्धमा छलफल हुँदा क्षति भएका संरचनाको पुनर्निर्माण र व्यवस्थाको प्रत्येक १५/१५ दिनमा प्रगति विवरण उपलब्ध गराईदिन ऊर्जा मन्त्रालय, सिँचाइ मन्त्रालय र कृषि विकास मन्त्रालयलाई निर्देशन दिने । | वैशाख १२ को भूकम्पले समेत के कस्तो क्षति पुगेको छर पुर्न निर्माणको के के काम भएको छ सो को प्रगति विवरण माग गर्ने । | ऊर्जा मन्त्रालय |
| २०७१/०७/०२ | नेपाल विद्युत प्राधिकरण कावेली कोरिडोर आयोजना, १३२ के.भि.ए प्रसारण लाईन आयोजना निर्माणको काम २०१५ जुलाई सम्म सम्पन्न गर्ने र यस अन्तर्गत झापाको दमक स्टेशन देखि ईलामको सव स्टेशन सम्म पहिलो खण्डको काम २०७१ पौष १० गते भित्र सम्पन्न गर्ने । बैकल्पिक व्यवस्था अनुसार ३३ के.भि.ए ईलान सव स्टेशन देखि पुवा खोला सव स्टेशन सम्म कार्तिक २४ सम्ममा सम्पन्न गर्ने प्रतिवद्धता यस समितिको बैठकमा गरेको सन्दर्भमा प्रत्येक १५ दिनमा सो काम सम्बन्धी प्रगति विवरण यस समितिलाई उपलब्ध गराउन निर्देशन दिने निर्णय भयो । | प्रतिवद्धता अनुरुप काम भएको देखिएन कार्य सम्पन्न हुन नसक्नुको कारण सहित निर्देशन अनुसारको प्रगति विवरण माग गर्ने । | ऊर्जा मन्त्रालय |
| २०७१/०७/१८ | ऊर्जा मन्त्रालय अन्तरगत चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा उल्लिखित कार्यक्रमहरुको कार्यान्वयनको कार्यतालिका बनाई कार्यान्वयन गर्न ऊर्जा मन्त्रालयलाई निर्देशन दिने । | कार्यक्रमको समिक्षा गर्न सिफारिस गर्ने । | ऊर्जा मन्त्रालय |
| २०७१/०८/१४ | पश्चिम सेती परियोजनालाई अगाडि बढाउनको निम्ति अवलम्बन गर्नु पर्ने विषयका सन्दर्भमा ऊर्जा मन्त्रालय र लगानी वोर्डको संयुक्त बैठक बसी साझा अवधारणा एक महिना भित्र यस समितिमा पेश गर्न ऊर्जा मन्त्रालय र लगानी बोर्डलाई निर्देशन दिने । | यस सम्बन्धमा समितिमा छलफल गर्न सिफारिस गर्ने । | ऊर्जा मन्त्रालय |
| २०७१/०९/०१ | उर्जा मन्त्रालयबाट अनुमतिपत्र प्राप्त गरेका कतिपय निजी प्रवर्द्धकका सन्दर्भमा ऐन नियम बमोजिम तोकिएको समयमा तोकिएको शर्त पूरा नगरी केवल अनुमतिपत्र ओगटेर बस्ने प्रवृति रहेकोमा यस्तो प्रवृतिलाई दुरुत्साहन गर्न ऊर्जा मन्त्रालय र मातहतका सम्बन्धित निकायले अनुगमनलाई प्रभावकारी बनाई नियतबस ओगटेर बस्नेहरुलाई तत्काल कारबाही गर्न र यस सम्बन्धमा २ महिनाभित्र समितिमा प्रगति प्रतिवेदन सहितको जानकारी गराउन | कारबाहीमा परेका आयोजनाहरु नेपाल सरकारको बास्केटमा रहेका र तिनका व्यवस्थापनका लागि कार्यविधि निर्माण गर्ने भनिएकोमा के कस्तो कार्यविधि निर्माण भयो र तत् पश्चात के कति प्रगति भयो । सो सम्बन्धमा जानकारी लिने । | |

| | | | |
|---|---|---|---|
| | ऊर्जा मन्त्रालयलाई निर्देशन दिने । | | |
| २०७१/०९/०४ | ऊर्जा मन्त्रालय अन्तर्गतका विभाग तथा कार्यालयबाट उपलब्ध हुने सेवाकोलागि सबै सेवाग्राही जनताको पहुँच सहज र सुनिश्चित गर्न, आवश्यकता अनुसार नयाँ कार्यालय स्थापना गर्न, सेवालाई थप प्रभावकारी बनाउन, आवश्यक जनशक्तिको व्यवस्था गर्न, आवश्यकता अनुसार कार्यालयमा खटाउन र मन्त्रालयको कार्ययोजना अनुरुपको काम सम्बन्धित कार्यालयबाट सम्पन्न गर्न गराउन र आफ्नो मन्त्रालय भित्रको जनशक्तिको समेत उचित व्यवस्थापन गर्न तत्कालै इ७ःगरी त्यसअनुरुप काम गर्ने र सो को जानकारी यस समितिलाई गराउने । | नेपालको संविधान जारी भएको र सो अनुरुप नेपाल सरकारको संगठन संरचना निर्माण हुनु पर्ने भएको हुँदा यस सम्बन्धमा पछि अध्ययन गर्ने । | ऊर्जा मन्त्रालय |
| २०७१/११/११ | आ.व. २०७१/०७२ को पहिलो चौमासिक अवधिमा लक्ष्य पूरा हुन नसकेका कामहरू सम्पन्न गर्न गरेको प्रयास र दोस्रो चौमासिक अवधिको मंसिर र पुष महिना समेत गरी अर्ध वार्षिक अवधिको प्रगति विवरणका वारेमा उर्जा मन्त्रालय र यस अन्तर्गतका निकाय तथा आयोजनाबाट प्रस्तुत प्रगति विवरणमाथि छलफल भयो । यसबीचमा उर्जा क्षेत्रमा देखिएका दूरगामी प्रभाव पार्ने खालका निर्णय एवं सम्झौताहरू जस्तै पञ्चेश्वर विकास प्राधिकरणको गठन, विकास समितिहरुको गठन, छिमेकी राष्ट्र भारतसँग भएको उर्जा व्यापार सम्झौता, सार्क राष्ट्रबीच उर्जा विकासको लागि भएको सम्झौता जस्ता उपलब्धि भएपनि मन्त्रालय अन्तर्गतका निकायले गर्नुपर्ने नियमित कामहरू समेत सही ढंङ्गले नगर्दा सम्म यी उपलब्धिहरूबाट अपेक्षित लाभ प्राप्त हुने अवस्था देखिन्न । स्वीकृत कार्यक्रमहरूको प्रगति न्यून मात्र होईनमन्त्रालयले आँफैले तय गरेको लक्ष्य समेत पूरा नभएको अवस्थामा लक्ष्य अनुरुप काम सम्पन्न गर्न र विभिन्न अवस्थामा आइपर्ने समस्या समाधानका लागि उर्जा मन्त्रालयले नै विशेष अग्रसरता लिएर अन्य मन्त्रालयसँग समन्वय गर्नु जरुरी देखिन्छ ।अतः देशको विद्यमान उर्जा संकटलाई समेत मध्यनजर गर्दै मन्त्रालय र यस अन्तर्गतका निकायका कामहरू लक्ष्यअनुरुप पूरा गर्न यस क्षेत्रमा देखिएका नीतिगत तथा संरचनागत समस्याहरूको समाधानका लागि तत्काल आवश्यक प्रक्रिया थाल्न उर्जा मन्त्रालयलाई निर्देशन दिंदै यसलाई विशेष प्रथमिकता दिन र आवश्यक पहल गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई विशेष ध्यानाकर्षण गराउँछ । | मन्त्रालयगत निर्णय कार्यान्वयनको प्रगति तथा अनुगमन कार्यकालागि समितिबाट उपसमिति गठन गर्न आवश्यक देखिन्छ । | ऊर्जा मन्त्रालय |
| | • देशको उर्जाको माग पूरा गर्दै उर्जासुरक्षा, पर्याप्तता र दीगोपनको सुनिश्चित गर्न तयार | राष्ट्रिय ऊर्जा रणनीति र ऐन निर्माण अत्यावश्यक भएकोले यस | ऊर्जा मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | गरिएको राष्ट्रिय उर्जा रणनीति , २०७१ माननीय उर्जा मन्त्रीबाट मिति २०७१।६।१० मा नै स्वीकृत भइ मन्त्रीपरिषदमा पेश हुने क्रममा रहेको र एकीकृत जलस्रोत नीति, २०७१ माननीय उर्जा मन्त्रीबाट मिति २०७१।५।२९ मा नै स्वीकृत भई मन्त्रिपरिषदमा प्रस्ताव पेश हुने क्रममा रहेको जानकारी यस समितिको वैठकमा जल तथा उर्जा शक्ति आयोगको तर्फबाट दिइएकोमा सो कार्यमा किन ढिलाई भएको हो ? अविलम्ब आवश्यक संसोधन गर्नु पर्ने भए गरी प्रक्रिया अगाडि वढाउन उर्जामन्त्रालयलाई निर्देशन दिदैं सोको लागि आवश्यक पहलकदमी लिन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई ध्यानाकर्षण गराउछ ।<br>• प्रसारण लाइनको विकासलाई प्राथमिकतामा राखी छुट्टै राष्ट्रिय ग्रीड कम्पनी स्थापना गर्ने सम्बन्धी कार्य अगाडि बढेकोमा समितिको यो वैठक सन्तोष व्यक्त गर्दै यसलाई थप तदारुकताका साथ अगाडि वढाउन निर्देशन गर्दछ ।<br>• नेपाल बिद्युत प्राधिकरणको आ.व.२०७१/०७२को लागि स्वीकृत कार्यक्रमको लक्ष्य पूरा गर्न आफ्नो कार्यतालिका संसोधन गरी सो अनुरुप अगाडि वढ्न र सो को जानकारी समितिलाई गराउन नेपाल विद्युत प्राधिकरणलाई निर्देशन गर्दछ ।<br>• प्रसारण लाइन आयोजनाहरूका सन्दर्भमा प्रस्तुत प्रगति प्रतिवेदनबाट सन्तुष्ट हुने अवस्था नदेखिएकोले सम्बन्धित निकायहरूसँग समन्वय गरी लक्ष्य अनुरुप काम गर्न आवश्यक अग्रसरता लिन र आयोजनाहरू तीव्र रुपले अगाडि वढाउन निर्देशन गर्दछ ।<br>• जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडद्वारा प्रस्तुत प्रतिवेदनमा सन्तोष व्यक्त गर्दै यसलाई थप प्रभावकारी वनाउन आवश्यक योजना वनाई अग्रसरता लिन र सो को प्रगति यस समितिमा बुझाउन निर्देशन गर्दछ । | कार्यलाई तत्काल अघि बढाउन निर्देशन गर्ने ।<br><br>हालसम्मको प्रगतिको स्थिति के छ तदारुकतासाथ काम सम्पन्न हुन नसक्नुका कारण खुलाउन माग गर्ने ।<br>निर्देशानुसार के के काम भएको छ प्रगति विवरण माग गर्ने र मूल समितिमा यस विषयमा छलफल गर्न सिफारिस गर्ने ।<br><br>यस विषयमा ऊर्जा मन्त्रालय समेत गम्भीर रहेको र समय समयमा जिम्मेवार पदाधिकारीहरुलाई बोलाई छलफल गर्ने गरिएको भनिएकोमा छलफलमा निष्कर्ष के निस्क्यो सो सम्बन्धी परिणाम के भयो जानकारी लिने।<br><br>थप प्रभावकारी वनाउन के कस्तो योजना वनाई अग्रसरता लिइएको छ । सो को प्रगति माग गर्ने । | |
| २०७२/०१/०६ | ऊर्जा मन्त्रालयले तयार गरेको आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रम र बजेटका सन्दर्भमा समितिको बैठकमा छलफल पश्चात ऊर्जा मन्त्रालयद्वारा आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रममा आमन्त्रित विज्ञहरुका सुझाव, समितिका माननीय सदस्यहरुको धारणा समेतलाई समावेश गरी अघि बढाउन प्रस्तावित कार्यक्रमा आवश्यक परिमार्जन गरी बजेट वनाउन निर्देशन दिने । | विज्ञ सहितको सुझाव समितिबाट पठाइएकोमा कुन कुन सुझाव समावेश भए त्यसको जानकारी माग गरी समितिमा छलफल गर्न सिफारिस गर्ने । | ऊर्जा मन्त्रालय |
| २०७२/०२/२६ | • २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यस यता पटक-पटक गएका भूकम्पनहरूबाट जलविद्युत क्षेत्रमा समेत व्यापक क्षति पुऱ्याएको सन्दर्भमा समितिको वैठकमा ऊर्जा मन्त्रालयले प्रस्तुत गरेको क्षतिको प्रारम्भिक विवरणमा छलफल भयो । जलविद्युतसँग सम्बन्धित सवै | के कति क्षति भएको हालको अवस्था के छ सुधारको प्रयत्न के भैरहेको छ समस्या के छ सो को जानकारी माग गर्ने । | ऊर्जा मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | निकायलाई समन्वय गर्दै क्षतिको विवरण स्पष्ट, व्यवस्थित र यथार्थपरक रुपमा तयार गर्ने र त्यसको समाधानका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन नीति र कार्ययोजना तयार गर्ने प्रमुख दायित्व ऊर्जा मन्त्रालयको हो । अतः भूकम्पले पुऱ्याएको क्षतिको विस्तृत र व्यवस्थित अध्ययन गरी त्यसको विवरण तयार गर्न र क्षतिलाई सम्बोधन गर्न अविलम्व आवश्यक कार्ययोजना प्रस्तुत गर्न ऊर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br>• भूकम्पबाट सिर्जित विपदको व्यवस्थापन संगसगै मन्त्रालयले यस आ.व.मा सम्पन्न गर्ने भनी तय भएका सम्पूर्ण निर्धारित कामहरू (नीतिगत, क्षेत्रगत एवं संरचनागत सुधार लगायत) समयमा नै सम्पन्न हुने गरी निरन्तर रुपमा सुचारु गर्न ऊर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br>• नेपाल प्राकृतिक विपद्को उच्च जोखिमको अवस्थामा रहेको तथ्यलाई आत्मसात गरेर, जल विद्युत आयोजना निर्माणको क्रममा जोखिम न्यूनीकरणका हर सम्भव र आवश्यक उपायहरु अवलम्वन गर्न र विपद् परि आएमा विपद् व्यवस्थापनका लागि पूर्व तयारीको अवस्थामा रहन ऊर्जा मन्त्रालयलाई निर्देशन दिने । | नीतिगत क्षेत्र गत, एवं संरचनागत सुधारको क्षेत्रमा के के प्रगति भए विवरण माग गर्ने ।<br><br>यस सम्बन्धमा मन्त्रालयको कतर्फबाट के के कार्य तयारी भयो जानकारी दिन माग गर्ने । | |

तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो ।

**बैठक संख्या : ११**

**मिति : २०७२।१०।११ गते (सोमबार)**
**समय : बिहान ११ :०० बजे**

कृषि तथा जलस्रोत समितिमा प्राप्त भएका निवेदनहरु माथि उपसमितिको बैठकमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय भयो :

**निर्णय** :–

१. तत्कालिन विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय अन्तर्गतको जल तथा मौसम विज्ञान विभागमा कार्यरत हाईड्रोलोजि समूहका कर्मचारीहरुले जल विज्ञान विषयको गाम्भीर्यता, महत्व र यस उप समूहको वृत्ति विकास लगायत विभागको औचित्य समेतलाई दृष्टिगत गरी O & M गरी आवश्यकता अनुसारको प्रकृया अगाडि बढाउन जल तथा मौसम विज्ञान विभागलाई निर्देशन गरी पाउँ भनी दिइएको निवेदन उपर छलफल हुँदा उपरोक्त विषय वातावरण संरक्षण समितिको कार्य क्षेत्रभित्र पर्ने भएकोले आवश्यक कायार्थ उक्त समितिमा लेखी पठाउने ।

२. राष्ट्रिय आर्थिक सरोकार समाज, नेपाल र नेपाल विद्युत परिवहन संघ (इभान) तथा नेपाल वातावरणमैत्री यातायात व्यववसायी महांसंघले माननीय सभापतिलाई सम्वोन्धन गरी वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ कार्यान्वयन गर्ने सन्दर्भमा मिति २०७२।८।११ मा लेखिएको पत्र यस उप समितिमा छलफल हुँदा उपरोक्त विषय विकास समितिको कार्य क्षेत्र भित्र पर्ने भएकोले आवश्यक कार्यार्थ उक्त समितिमा लेखि पठाउने ।

३. राष्ट्रिय बिउ उत्पादक सँघ नेपालले नेपाली किसानहरुलाई उन्नत बिउ बिजन खरिद मुल्यमा अनुदान उपलब्ध गराउने कार्यक्रम सम्बन्धमा मिति २०७२।४।१८ मा लेखिएको उपर छलफल हुँदा उक्त पत्रमा लेखिएको व्यहोराको सम्बन्धमा कृषि विकास मन्त्रालयको धारणा यथाशिघ्र माग गर्ने ।

४. नेपाल उखु उत्पादक महासंघले जिल्ला अनुगमन समितिलाई सक्रिय गराई उखुको भुक्तानी दिलाउन मिति २०७२।५।४ मा लेखिएको पत्र उपर छलफल हुँदा उपरोक्त विषय कृषि विकास मन्त्रालयको कार्य क्षेत्रभित्र परेको र सो सम्बन्धमा कृषि तथा जलस्रोत समिति र उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको मिति २०७१।११।२० को संयुक्त बैठकमा छलफल भई निर्देशन समेत दिइएकोमा सो सम्बन्धमा भएको प्रगतिको हाल सम्मको यथार्थ विवरण कृषि विकास मन्त्रालयसँग माग गर्ने ।

५. कोशी पीडित संघर्ष समितिलेकोशी कटान, डुवान, वाली क्षति सम्बन्धमा मिति २०७२/९/१९ मा लेखिएको पत्र यस उप समितिमा छलफल हुँदा यस सम्बन्धमा यस अघि छलफल भई समितिमा प्रस्तुत गर्ने निर्णय भैसकेको हुँदा सोही बमोजिम सिफारिस गर्ने ।

६. नेपाल कृषि अनुसन्धान परिषद्का कृषि मजदुरहरुले छानबिन गरी दोषी उपर कारबाही गरी न्याय पाउँ भन्ने विषयमा मिति २०७२।६।११ मा लेखिएको पत्र सम्बन्धमा छलफल हुँदा पदपूर्ति सम्बन्धी विषय प्रकृया अघि बढी टुंगो समेत लागिसकेकोले यसमा केही गर्नु नपर्ने ।

७. अपि पावर कम्पनी लिमिटेडले अत्तेरिया–बलाँच १३२ केभि ट्रान्समिसन लाईन निर्माण सम्पन्न गरी विद्युत प्रवाह हुने व्यवस्था गरी पाउँ भनीमिति २०७२।४।२५मा लेखिएको पत्र सम्बन्धमा छलफल हुँदा सो सम्बन्धमा के भैइरहेको छ त्यसको यथार्थ विवरण सहित नेपाल विद्युत प्राधिकरणसँग छलफल गर्ने ।

८. कृषि विकास मन्त्रालयको च.नं ७८ मिति २०७२।४।२९ को पत्रमा चितवन मिल्क प्रा.लि कासम्बन्धमा परेको निवेदनका सम्बन्धमा छलफल हुँदा मुलुकमा दुध र दुग्धजन्य पदार्थको उत्पादन बढाउन आवश्यक देखिएको, मिल्क होलिडेको अवस्था नआउनकोलागि त्यस्ताकम्पनी सँचालन हुनु पर्ने देखिएकोलेर त्यस्तो कम्पनी नहुँदा दुग्ध उत्पादक कृषकहरुलाई मर्का पर्ने अवस्था भएकोले सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन पशुपंछी विकास मन्त्रालयमा लेखि पठाउने ।

तदनन्तर, समितिको अर्को २०७२ माघ १२ गते बिहान ११:०० बजे बस्ने गरीस्थगित भयो ।

**बैठक संख्या : १२**

**मिति : २०७२।१०।१२ गते (मंगलबार)**
**समय : बिहान ११ :०० बजे**

कृषि तथा जलस्रोत समितिमा प्राप्त भएका निवेदनहरुमाथि उपसमितिको बैठकमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय भयो :-

**निर्णय** :–

१. कृषि विकास मन्त्रालय अन्तर्गत सञ्चालित व्यावसायीक कृषि तथा व्यापार आयोजनाको सम्बन्धमा परेको निवेदन उपर छलफल हुँदा उक्त आयोजना सञ्चालन भएको स्थान, अवधि, लगानी, आयोजना छनौटको आधार, सम्पर्क व्यक्ति, आयोजनाबाट आएका सकारात्मक परिणाम,

नकारात्मक/असफल भए त्यसका कारण लगायतका विवरण तथा जानकारी कृषि विकास मन्त्रालयसँग माग गर्ने ।

२. व्यावसायिक दुग्ध उत्पादक कृषक समाजको माग पत्रको सम्बन्धमा छलफल हुँदा उपरोक्त माग कार्यान्वयन नीतिगत रुपमा सुधार गर्नु पर्ने विषय भएकोले आगामी वर्ष मूल्याङ्कन प्रतिवेदन तयार गर्दा नीतिगत परिमार्जन भएका विषयको जानकारी लिने ।

तदनन्तर, समितिको अर्को बैठक पछि सूचना गरेपछि बस्ने गरी स्थगित भयो ।

# अनुसची-२
## समितिमा कार्यरत कर्मचारीहरु

| | | |
|---|---|---|
| १. | श्री आनन्दप्रसाद अधिकारी | उपसचिव (समिति सचिव) |
| २. | श्री मनोजकुमार गिरी | उपसचिव (२०७२ चैत १ देखि) |
| ३. | श्री सीता काफ्ले वाग्ले | उपसचिव (२०७२ फागुन ३० सम्म) |
| ४. | श्री मदनप्रसाद पोखरेल | उपसचिव (२०७२ फागुन ३० सम्म) |
| ५. | श्री अम्बिका खड्का | शाखा अधिकृत (२०७२ चैत १ देखि) |
| ६. | श्री पुष्पप्रकाश खनाल | शाखा अधिकृत (२०७२ फागुन ३० सम्म) |
| ७. | श्री लक्ष्मी महर्जन | ना.सु.टा (२०७२ फागुन ३० सम्म) |
| ८. | श्री सुलोचना पंज्ञानी | ना.सु. (२०७२ चैत १ देखि) |
| ९. | श्री राम सुन्दर थापा | ना.सु. (२०७२ फागुन ३० सम्म) |
| १०. | श्री विष्णु पौडेल | का.स. (२०७२ फागुन ३० सम्म) |
| ११. | श्री अस्मिता दाहाल | का.स. (२०७२ चैत १ देखि) |